# पहिलो अध्याय

## १. शोध परिचय

संस्कृतिलाई मानवको समस्त क्रियाकलापको संगालो मानिन्छ । ऐतिहासिक मानवले समाजमा विभिन्न रीतिरिवाज, परम्परा, विश्वास, दर्शन, कला, प्रविधि साथै आफूलाई बाँच्नको लागि चाहिने विभिन्न चिजहरुको सृजना गरेको छ । यिनै समस्त भौतिक तथा अभौतिक जे जति चिज वस्तुहरु छन् ती सबैको समष्टिगत रुपलाई नै संस्कृति भनिन्छ । यिनै सांस्कृतिक धरोहरहरु नै नेपालको संस्कृति तथा इतिहासका अनुसन्धानयोग्य वस्तुहरु हुन् । तिनको समुचित अध्ययनले ज्ञानको धरातल गहिरो हुने मात्र होइन तत्कालिन समयकासंस्कृतिले वर्तमान समयमा के कस्तो प्रभाव पारेको छ भन्ने जानकारी प्राप्त गर्न सकिन्छ ।

यिनै सम्पदाहरुको अध्ययन, अनुसन्धान र अन्वेषण गर्ने विषयहरुमध्ये पुरातत्व एक महत्वपूर्ण विषय हो । हाम्रा पुर्खाहरुले जीवनयापनको क्रममा निर्माण तथा प्रयोग गरी समयक्रमसँगै आफ्नो वासस्थान, गुफा, कन्दरा, नदीनालाको छेउछाउ छाडेर गएका र त्यही छोपिएर रहेका सामग्रीहरुको अन्वेषण, उत्खनन् गरी संरक्षण र प्रदर्शनको दायित्व वहन गर्ने कार्य पुरातत्वले गर्दछ । यही जानकारीको आधारमा वर्तमानका लागि मार्गदर्शन र भविष्यको रुपरेखा तयार पार्न सहयोग पुग्छ ।

पुरातात्विक साहित्यिक तथा विदेशी वर्णनहरुको आधारमा नेपालको इतिहास र संस्कृतिमा लिच्छवियुगको महत्वपूर्ण स्थान रहेको पाइन्छ । यदि इतिहास र संस्कृतिको अध्ययनमा लिच्छविकाललाई बेवास्ता गर्ने हो भने इतिहास अपूर्ण हुन्छ । त्यसैले लिच्छवि संस्कृति नेपाली संस्कृतिको आधार हो । जयदेव द्वितीयको पशुपति अभिलेखमा लिच्छवि वंशको थालनी सूर्यदेखि भएको उल्लेख गरिएको छ (बज्राचार्य, २०३०: ५५२-५५६) । यस अभिलेखमा दशरथ सम्मको नाम उल्लेख गरिसकेपछि सोही वंशमा 'लिच्छवि' भन्ने राजा भए भनिएको छ । लिच्छवि भन्ने राजाको बाह्र पुस्तापछि सुपुष्प र उनी पछिका तेइस राजाहरुको नाम उल्लेख नगरी प्रख्यात राजा जयदेवको प्रादुर्भाव भयो भनी सम्मान साथ उल्लेख गरिएको छ । यसपछि क्रमशः शङकरदेव, धर्मदेव, मानदेव, महीदेव, वसन्तदेवको चर्चा गरिएको छ ( बज्राचार्य, उही: ५५२-५५६) । नेपालकै पहिलो र प्रमाणित अभिलेख मानदेवको संवत ३८६ को चाँगुनारायण अभिलेखमा पनि वृषदेवदेखि नै लिच्छविवंशावली थालिएको छ (वज्राचार्य, उही: १४-२५) ।

मानदेव प्रथम लिच्छविकालका प्रथम ऐतिहासिक राजा हुन् जसले अभिलेख, मुद्रा प्रसारण गरेका थिए । उनीपछि लिच्छवि वंशले निरन्तरता प्राप्त गऱ्यो । विविध पक्षमा विकास हुन थाल्यो, ती मध्ये मुद्रा निष्काशन एक महत्वपूर्ण उपलब्धी हो । राजा मानदेवले आफ्नो राज्यकालमा 'श्री मानाङ्क' नामक मुद्रा निष्काशन गरे । यसपछिका अन्य राजाहरुले पनि आ-आफ्नो कार्यकालमा विविध मुद्रा निष्काशन गर्न थाले । यिनै मुद्राहरुले इतिहास र संस्कृतिको अध्ययनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । मानवको दैनिक जनजीवनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने मुद्राको विविध विषयको अध्ययन गर्ने शास्त्रलाई मुद्राशास्त्र भनिन्छ । मुद्रा संस्कृतिको आत्मा हो र स्वतन्त्र राष्ट्रको प्रतिक पनि । मुद्रा भन्नाले सरकारले प्रचलनमा ल्याउने विभिन्न आकार प्रकार र मूल्य तोकिएको कुनै पनि देशको जनताको ऋय, विऋयको साधन हो । यसको अध्ययन भित्र मुद्राको प्राचीनता, ऐतिहासिकता, ऋमिकता, आकार, प्रकार तथा विस्तारित क्षेत्र, मुद्रामा अंकित लिपि, भाषा तथा विभिन्न प्रतिबिम्बहरुको अध्ययन आदि पर्दछन् । यसको अध्ययनबाट तत्कालिन समयको विविध पक्षको जानकारी प्राप्त गर्न सकिन्छ ।

मुद्रा विनिमयको महत्वपूर्ण माध्यम हो । नेपालमा प्राप्त सबैभन्दा पुराना मुद्राहरुमा तराईको उत्खनन्बाट प्राप्त केही आहत मुद्रा र काठमाडौं उपत्यकामा समेत प्राप्त कुषाणकालीन मुद्राहरु हुन् । तिलौराकोटमा हालसालै उत्खनन्बाट पनि ४९७ वटा चाँदीका पञ्चमार्क मुद्रा प्राप्त भएका छन् । पञ्चमार्क मुद्राको प्रयोग पछि नेपालको इतिहासमा लिच्छविकालका मुद्रा देखा पर्दछन् । लिच्छविकालीन अभिलेखमा पण, पुराण, पणपुराण, कार्षापण, द्विपण, हिरण्य, सुवर्णका साथै माटाको मुद्राहरुको उल्लेख पाइन्छ (ढुङ्गेल, २०४३: ६०-६१) । नेपालको मौद्रिक इतिहासमा मानाङ्क मुद्रालाई पहिलो मुद्रा मानिएको छ । यसपछि गुणाङ्क, वैश्रवण, अंशुवर्माका मुद्रा, जिष्णुगुप्तका मुद्रा, पशुपति मुद्रा, वृष मुद्रा पाइएका छन् ।

पूर्व मल्लकालमा सुन र चाँदीका मुद्रा चलेको पाइन्छ । गोपाल राजवंशावलीमा राजा शिवदेवले सुनको शिवाका र चाँदीका द्रम्म मुद्रा चलाए भनी उल्लेख गरिएको छ (प्रधानाङ्ग, २०५६: १३३) । त्यसपछि दोलखाका राजा इन्द्रसिंह देवले चाँदीको मोहर चलाए र त्यसको वीस वर्ष पछि काठमाडौंमा राजा महेन्द्र मल्लले प्रथम पटक चाँदीको मोहर चलाए । यी दुवै मुद्रा प्राप्त भई सकेकोले यी मुद्रालाई नेपाली मुद्राको विकासमा महत्वपूर्ण मान्नु पर्दछ (प्रधानाङ्ग, उही : १३३) । चाँदीबाट निर्मित यस समयका मुद्राहरुमा मूल्य, राजाको नाम, मिति, अंकित गरिएको पाइन्छ । राजा, रानी अंकित गरिएको पाइन्छ । सबै मुद्रँहरु साँचोबाट निर्मित हुन् ।

मल्लकालपछिका शाहकालीन मुद्राहरु अझ विकसित देखिन्छन् । पृथ्वीनारायण शाहको समयदेखि नै सुनका तथा चाँदीका मुद्राहरु पाइन्छ । उनले उपत्यकामा विजय गरेपछि सुन तथा चाँदीका डबल मोहर, मोहर, सुकी, आधानी र दाम प्रसारण गरेका थिए (Rhodes and others, 1989: 128:131) । यस समयदेखि मुद्रामा शक संवत् र देवनागरी लिपिको प्रयोग भएको पाइन्छ । पृथ्वी वीर विक्रमको समयदेखि शक संवत् हटाई विक्रम संवत् प्रयोग गरिएको पाइन्छ । यही समयदेखि मुद्रा निर्माण गर्न मेशिनको (पानी ढिकी) प्रयोग हुन थाल्यो (प्रधानाङ्ग, २०५६ : ५९) । राष्ट्रिय चिन्हहरु पनि मुद्रामा अंकित हुन थाले । साथै पछिल्ला समयमा निष्काशित मुद्राहरुमा सामाजिक, सांस्कृतिक, प्राकृतिक दृश्यहरु अंकित गर्न थालियो (ज्ञवाली, २०४०:८-१५) । यही समयमा सुन, चाँदी, तामा, पित्तल, आल्मुनियम साथै कागजी मुद्रा देखा पर्न थाले । मुद्रामा स्पष्ट रुपमा मूल्य अंकित गर्ने, राजाको स्पष्ट आकृति राख्ने चलन चल्यो । यसरी वर्तमान समयमा महत्वपूर्ण विनियमको माध्यमको रुपमा रहेको मुद्रा वस्तु साटासाटा गर्ने प्रक्रियाबाट सुरुवात भएर कलाकारिताले युक्त आजको अवस्थासम्म आइपुग्न सफल भएको छ ।

प्रस्तुत शोधपत्रमा लिच्छविकालिन इतिहास, सभ्यता र संस्कृतिको जानकारीको लागि लिच्छविकालीन शासकहरुले प्रचलनमा ल्याएका विभिन्न प्रकारका मुद्राहरुको सांस्कृतिक दृष्टिकोणले अध्ययन साथै नेपाली मुद्राशास्त्रको इतिहासमा लिच्छविशासकहरुको योगदान बारे अध्ययन गरिएको छ ।

## १.१ समस्या कथन

मुद्रा संस्कृतिको प्रतिबिम्ब हो भने सार्वभौमसत्ता तथा स्वतन्त्रताको अनुभूति गराउने राज्यको आधारशीला पनि हो । विभिन्न विशेषताले भरिपूर्ण लिच्छविकालीन मुद्राहरु कलाकारिताले पूर्ण छन् । लिच्छविकालीन मुद्राहरुको सांस्कृतिक अध्ययन नै प्रस्तुत शोधका समस्या हुन् । लिच्छविकालमा सातजना शासकहरुको मुद्राहरु प्रमाणित रुपमा प्रकाशित भएको पाइएको छ । मुद्रामा अंकित लिपि तथा चिन्हहरुबाट तत्कालीन राजनैतिक, सांस्कृतिक तथा धार्मिक पक्षको संकेत पाइन्छ । लिच्छविकालका मुद्राहरुको बारेमा थुप्रै अनुसन्धान भइसकेको भएता पनि अभाव महसुस गरिएका निम्न लिखित समस्याहरुमाथि यस शोधकार्यमा अनुसन्धान तथा खोजी गर्ने प्रयास गरिएको छ ।

मुख्य रुपमा यो अध्ययन निम्नलिखित समस्याहरुमा केन्द्रित रहेको छ :-

(क) मुद्रामा अंकित चिन्ह र संकेतहरुको के कस्तो अर्थमा प्रयोग गरिएका थिए भन्ने बारेमा विस्तृत व्याख्या भएको नपाइनु ।

(ख) लिच्छविकालीन मुद्राहरुको सांस्कृतिक पक्ष के रहेको छ ?

(ग) मुद्रामा अंकित लिपिहरुको विकासको अध्ययन नहुनु ।

## १.२ अध्ययनका उद्देश्य

प्रस्तुत शोधका निम्न उद्देश्यहरु रहेका छन् :-

(क) मुद्रामा अंकित चिन्ह र संकेतहरुको विस्तृत विश्लेषण गर्नु ।

(ख) लिच्छविकालिन मुद्राहरुको धार्मिक सांस्कृतिक पक्षको अध्ययन गर्नु ।

(ग) मुद्रामा अंकित लिपिहरुको विकासको अध्ययन गर्नु ।

## १.३ अध्ययनको सीमा

कुनै पनि शोधको निश्चित सीमा निर्धारण गरिएको हुन्छ । प्रस्तुत शोधपत्रमा लिच्छविकालमा प्राप्त मुद्राहरु अन्तर्गत मानाङ्क, अंशुवर्मा, जिष्णुगुप्त, वैश्रवण, गुणाङ्क, पशुपति, वृष मुद्राहरुको सांस्कृतिक पक्षमा अध्ययन गरिएको छ । यस्तैगरी तत्कालीन मुद्रा बनाउने प्रणाली, मुद्राको आकार, प्रकार, मौद्रिक एकाई आदि पक्षमा केन्द्रित रहेर अध्ययन गरिएको छ ।

## १.४ अध्ययनको औचित्य र महत्व

लिच्छविकालीन आर्थिक इतिहासमा मुद्राको महत्वलाई नकार्न सकिदैन । कला, वास्तुकला, भाषा, संस्कृति, धर्म तथा राजनीतिक क्षेत्रमा लिच्छविकाल वास्तवमै स्वर्ण युग थियो । यसै समयको संस्कृति अध्ययन गर्ने एउटा स्रोत मुद्राको कमै मात्रामा अध्ययन गरिएको पाइन्छ । त्यसैले यही तथ्यलाई मध्यनजर गर्दै लिच्छविकालीन मुद्राहरुको सांस्कृतिक अध्ययन सम्बन्धमा यो शोधपत्र प्रस्तुत गरिएको हो, यसले तत्कालीन मुद्राहरुको सांस्कृतिक महत्वको विस्तृत अध्ययन अनुसन्धान गरी पर्याप्त जानकारी तथा सूचना प्रदान गर्न सहयोग पुऱ्याउने छ ।

## १.५ शोधविधि

प्रस्तुत शोधकार्य लिच्छविकालिन मुद्राहरुको सांस्कृतिक अध्ययन भएकोले अध्ययनका लागि आवश्यक स्रोत सामाग्री संकलनको लागि निम्न शोधविधिको आधारमा अध्ययन गरिएको छ :-

१.५.१ प्राथमिक स्रोत

१.५.२ द्वितीयक स्रोत

प्राथमिक स्रोत अन्तर्गत मुद्रा संग्रहालय तथा निजी संग्रहमा रहेका मुद्राहरुको बारेमा खोजी गरी अध्ययन तथा विश्लेषण गरिएको छ । प्राप्त सामाग्रीहरुको फोटो संकलन गरिएको छ ।

द्वितीयक स्रोत अन्तर्गत पुस्तकालय तथा निजी संग्रहमा रहेका पुस्तकहरु अध्ययन गरी शोधपत्रलाई गुणात्मक र विश्लेषणात्मक बनाइएको छ ।

## १.६ पूर्व साहित्य समिक्षा

नेपालको इतिहासमा मुद्राको प्रचलनको खोजी गर्दा लिच्छविकालभन्दा अगाडिसम्म जान सकिन्छ, यद्यपि लिच्छविकालभन्दा पहिलेको मानिने मुद्राहरु पर्याप्त मात्रामा प्राप्त भएका छैनन् । लुम्बिनी र कपिलवस्तुबाट प्राप्त मुद्राहरुलाई यसै हुन् भनी निश्चित साथ भन्न सकिदैन । दबाब पद्धतिद्वारा आकृति निकालिएका (Punchmarked) प्राप्त मुद्राहरु तत्कालिक राजनैतिक प्रणालीसँग सम्बन्धित छन् वा छैनन् निश्चित छैनन् । नेपालमा प्रमाणित रुपमा लिच्छविकालदेखिका मुद्राहरु निष्कासित भएको पाइन्छ । इतिहास र संस्कृतिको अध्ययनमा यो मुद्राहरुको महत्वपूर्ण भूमिका रहेता पनि अझै अध्ययन अनुसन्धान हुनु आवश्यक छ । तर जे जति अध्ययन सामग्रीहरु छन् तिनले केही न केही रुपमा महत्वपूर्ण जानकारी दिएका छन् । केही शोधार्थीहरुले पनि आफ्नो स्नातकोत्तर, पि.एच.डी. उपाधिका लागि शोधग्रन्थहरु पनि तयार पारेको पाइन्छ । सो सम्बन्धमा संक्षिप्त रुपमा समिक्षा गर्ने प्रयास गरिएको छ ।

सत्यमोहन जोशी, ***नेपाली राष्ट्रिय मुद्रा***, काठमाडौं, साझा प्रकाशन, वि.सं. २०४२ ।

यस पुस्तकमा जोशीले मुद्राको इतिहास तथा विकासक्रमको बारेमा चर्चा गरेका छन् । साथै लिच्छविकालका मुद्रादेखि वि.सं. २०४१ सालसम्मका मुद्राहरुको वर्णन गरेका छन् । नेपाली भाषामा प्रकाशित मुद्राशास्त्रको प्रथम पुस्तक भएकोले पनि यो पुस्तक महत्वपूर्ण छ ।

E.H. Walsh, ***The coinage of Nepal***, Delhi, idological book house, 1973 Ad.

यस पुस्तकमा उनले लिच्छवि, मल्ल र शाहकालीन मुद्राहरुको सामान्य अध्ययन गरेका छन् । उनले लिच्छवि राजाहरुको सूची दिदै उनीहरुले निष्काशन गरेका मुद्राहरुको बारेमा उल्लेख गरेका छन् । लिच्छविकालीन मुद्रामा अंकित सांस्कृतिक चिन्हहरुको बारेमा पनि चर्चा गरिएको हुनाले यस शोधपत्रको सन्दर्भ सामाग्रीको लागि उक्त पुस्तक महत्वपूर्ण सावित भएको छ ।

हरिराम जोशी, ***उत्तर प्राचीनकालीन मुद्रा,*** साझा प्रकाशन, काठमाडौं, २०३३ ।

यस पुस्तकमा लिच्छविकालिन मुद्राहरुको बारेमा उल्लेख गरिएको छ । साथै मुद्रामा अंकित चिन्हहरुको पनि व्याख्या गरिएको छ । यसमा लिच्छविकालीन मुद्राहरुको आकार प्रकार, नापतौल, धातु, अग्रभाग, पृष्ठभागमा अंकित चिन्ह, संकेत र त्यसको शाब्दिक तथा सांकेतिक अर्थको बारेमा गहन विश्लेषण गरिएको छ । मुद्रामा अंकित अभिलेखको विषयमा पनि विभिन्न तर्कसहित पुष्टी गरिएको छ । त्यसैले यो पुस्तक लिच्छविकालीन मुद्राहरुको अध्ययनको लागि विशेष महत्वको छ ।

धनवज्र वज्राचार्य, ***लिच्छविकालका अभिलेख,*** नेपाल र एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर, २०३० ।

यस पुस्तकमा लिच्छविकालीन मुद्राहरुको मौद्रिक मापन प्रणालीको बारेमा उल्लेख आएको छ । लिच्छविकालीन समयको सामाजिक, धार्मिक, राजनैतिक तथा सांस्कृतिक पक्षको साथै तत्कालीन समयको हरेक पक्षको जानकारी प्राप्त गर्न उक्त पुस्तक अत्यन्त उपयोगी छ । यस पुस्तकमा राजाको क्रम अनुसारका अभिलेखहरु क्रमवद्धरुपमा प्रस्तुत गरिएको हुँदा को पछि को राजा भए बुझ्न सकिन्छ ।

जगदीशचन्द्र रेग्मी, ***लिच्छवि संस्कृति,*** एन. पुस्तक भण्डार, काठमाडौं, २०२६ ।

यस पुस्तकमा लिच्छविकालिन नेपालको इतिहास, संस्कृतिको साथसाथै लिच्छविकालिन मुद्राहरुको इतिहास, क्रमीकता, आकार, प्रकार र मुद्रामा अंकित चिन्ह आदिको विषयमा चर्चा गरिएको छ । साथै लिच्छविकालीन मुद्राहरुको विस्तृत रुपमा व्याख्या गरिएको छ ।

रमेश ढुङ्गेल, ***प्राचीन अर्थव्यवस्था,*** शारदा प्र.उपाध्याय ढुङ्गेल, भाटभटेनी, काठमाडौं, २०४३ ।

यस पुस्तकमा लिच्छविकालिन अर्थनीति तथा व्यापारिक गतिविधीहरुको बारेमा विस्तृत चर्चा गरिएको छ । साथै मुद्रा, मौद्रिक एकाई, निर्माण प्रविधिको पनि अध्ययन गरिएको छ । मुद्राको विकासक्रम, यसमा अंकित अभिलेख, चिन्हहरुको उल्लेख गरिएको पाइन्छ ।

राजकुमार सुवेदी, ***मध्यकालिन नेपाली मुद्राहरुमा धार्मिक तथा सांस्कृतिक प्रभाव,*** पि.एच.डी. शोधप्रबन्ध, डिनको कार्यालय, २०६८ ।

यसमा लिच्छविकालिन मुद्राहरुको बारेमा संक्षिप्त विवेचना गरिएको छ र मल्लकालिन मुद्राहरुको धार्मिक तथा सांस्कृतिक पक्षको विस्तृत व्याख्या गरिएको छ । त्यसैले यो शोधपत्र प्रस्तुत शोधपत्रको लागि महत्वपूर्ण मार्गदर्शक बनेको छ ।

N.G. Rhodes, K. Grabrisch and C. Valdettaro ***The coinage of Nepal***, London: Royal Numesmatic Society Special Publication No. 21, 1989 A.D.

यस पुस्तकमा प्राचीनकालदेखि ई.सं. १९११ सम्मका मुद्रालाई ४ चरणमा बाँडेर अध्ययन गरिएको छ :-

(क) लिच्छविकालिन मुद्राहरु(ई.सं. ५७६-७५० सम्म)

(ख) पूर्व मध्यकालिन मुद्राहरु(ई.सं. ७५०-१५४० सम्म)

(ग) उत्तर मध्यकालिन मुद्राहरु (ई.सं. १५४०-१७६८ सम्म)

(घ) शाहकालिन मुद्राहरु (ई.सं. १७६८-१९११ सम्म)

Parmeshori Lal Gupta, ***Coins***, New Delhi: National Book Trust, 1969 A.D.

यसमा मुद्राको उत्पत्ति विकाश र भारतीय मुद्राको बारेमा उल्लेख गरेका छन् । साथै व्यापारको सिलसिलामा चलेका विदेशी मुद्राहरुको बारेमा पनि उल्लेख गरिएको छ जसले समकालीन मुद्राको तुलनात्मक अध्ययनमा सहयोग पुग्दछ ।

सौभाग्य प्रधानाङ्ग, ***भक्तपुरका मुद्राहरु***, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग, त्रि.वि., स्नातकोत्तर (एम.ए.) शोधपत्र, कीर्तिपुर, २०५६ ।

यो शोधपत्र भक्तपुरका मुद्राहरुको विषयमा केन्द्रित रहेर अध्ययन गरिएता पनि नेपालको मौद्रिक इतिहासको बारेमा चर्चा गर्दा लिच्छविकालीन मुद्राहरुको बारेमा पनि चर्चा गरिएकोले प्रस्तुत शोधपत्रको लागि महत्वपूर्ण हुने देखिन्छ ।

## १.७ अध्याय विभाजन

प्रस्तुत शोधकार्यलाई विभिन्न शीर्षक अन्तर्गत निम्न अध्यायमा विभाजित गरिएको छ :-

पहिलो अध्याय : शोध परिचय

दोस्रो अध्याय : मुदाको उत्पत्ति र विकास

तेस्रो अध्याय : नेपालमा मौद्रिक विकास, लिच्छविकाल र तत्कालीन मुद्राहरु

चौथो अध्याय : लिच्छविकालिन मुद्राहरुको सांस्कृतिक अध्ययन र मुद्रामा अंकित लिपिको अध्ययन

पाँचौं अध्याय : उपसंहार

# दोस्रो अध्याय

## २. मुद्राको परिचय, उत्पत्ति र विकास

### २.१ मुद्राको परिभाषा

पुरातत्व अन्तर्गत पर्ने मुद्रा इतिहास र संस्कृति अध्ययन गर्ने एक महत्वपूर्ण स्रोत हो । सामान्यतया मुद्राको उत्पत्ति विकास तथा यसले ओगटेका सांस्कृतिक तथा ऐतिहासिक आयामको अध्ययन गर्ने शास्त्रलाई मुद्रा शास्त्र भनिन्छ । मुद्रा सरकारले प्रचलनमा ल्याएको राजकिय मान्यता प्राप्त विनिमयको साधन हो । मानवले आफ्ना आवश्यकता परिपूर्ति गर्ने क्रममा गरेका विभिन्न आविष्कारमध्ये मुद्रा एक सर्वाधिक मौलिक आविष्कार हो । मुद्रामा अंकित चिन्हहरुले तत्कालिन समयको धार्मिक र सांस्कृतिक जीवनको प्रतिनिधित्व गरेका हुन्छन् (सुवेदी, २०६८:२५६) ।

मुद्राशास्त्रको परिधिभित्र मुद्राको इतिहास र त्यसको प्राचीनता क्रमिकता, आकार, प्रकार, मुद्राको फैलावट, मुद्रामा अंकित विभिन्न अक्षर, लिपि, भाषा तथा धार्मिक चिन्हहरु आदि पर्दछन् । तत्कालिन समयको यिनै विविध पक्षको अध्ययन मुद्राशास्त्रले गर्ने भएकोले पुरातात्विक प्रमाणको महत्वपूर्ण विषयको रुपमा मुद्राशास्त्रलाई लिइन्छ ।

मुद्रालाई अंग्रेजीमा मनि (Money) भनिन्छ । जुन ल्याटिन भाषाको मोनेटा(Moneta) बाट आएको हो । मोनेटा शब्दले रोमन देवी जुनो (Juno) को उपनामको संकेत गर्दछ । प्राचीनकालमा रोम शहरमा अवस्थित जुनो देवीको मन्दिरमा मुद्राहरु निर्माण गर्ने भएकोले त्यसलाई मोनेटा भनिएको हो (सुवेदी, उहीः २१) ।

विनिमयको माध्यम, मूल्यको मापदण्ड, मूल्य संचय, भावी भुक्तानीको मापदण्ड, मूल्य हस्तान्तरण, तरलता र शाखको आधारको ((सुवेदी, उहीः २१) रुपमा कार्य गर्ने मुद्राको विषयमा केही विद्वानहरुले यसप्रकारले परिभाषा गरेका छन् :-

Crowther- Money can be defined as anything that is generally accaptable as a means of exchange and of the same time acts as a measure and as a store of value.

(विनिमयको माध्यम, सर्वमान्य मूल्यको मापदण्ड, तथा मूल्य संचयको कार्य गर्ने वस्तुलाई नै मुद्रा भनिन्छ) (शर्मा, २०४५: ५२) ।

Robertson- "Money is a commodity which is used to denote anything which is widely accepted in payments of goods are in discharge and other kinds of business obligation" (मुद्रा त्यो वस्तु हो जुन वस्तुहरुको मूल्य अथवा अरु व्यापारिक दायित्वहरुको भुक्तानीमा अविच्छिन्न रुपले ग्रहण गरिन्छ ( शर्मा, उहीः ५२) ।

एस. ई. थोमसको भनाईमा "मुद्रा समाजका सम्पूर्ण सदस्यहरुमाथि रहने एक प्रकारको अधिकार आवेश अथवा वचत हो जसमा प्रयोगकर्ताले उक्त अधिकार आदेश अथवा बचतलाई आफ्नो इच्छा अनुसार पुरा गर्न सक्दछ । यो स्वयं साध्य होइन की अन्य व्यक्तिहरुको सेवा अथवा वस्तुहरु प्राप्त गर्ने साधन मात्र हो (शर्मा, उहीः ४४) ।

माथिका परिभाषाहरुलाई सामान्य रुपमा बुझ्दा मुद्रा शास्त्रको अस्तित्व दुई पक्षको बीचमा हुने धनको ऐच्छिक, वैधानिक तथा पारस्परिक हस्तान्तरणमा अडेको हुन्छ । यसरी धनको हस्तान्तरण, आवश्यकताको पूर्ति, उत्पादनको वितरण आदि सामाजिक अर्थव्यवस्थाको मेरुदण्डको रुपमा अडेको मानिने विनिमयको माध्यमले मुद्राशास्त्रको कार्य क्षेत्रमा दुई रुप लिएको मानिन्छ (ढुङ्गेल, २०४३ : १४) । जो वस्तु विनिमयको परम्परामा कसरी मुदाले प्रवेश पायो भन्ने विषयको अध्ययन गर्नु नै समग्र मुद्रा शास्त्रको अध्ययनको आधार रहेको देखिन्छ ।

## २.२ मुद्राको उत्पत्ति

मानव जतिजति सभ्यताका प्रहरहरुलाई अंगाल्दै अगाडि बढ्न थाल्यो, उति नै उसका सामाजिक तथा आर्थिक क्रियाकलापहरु पनि बढ्न थाले । प्राचीन समयमा जब पृथ्वीमा मानवको उत्पत्ति भयो, त्यतिबेला मानवीय आवश्यकता थोरै थियो । प्रकृतिले नै ती सिमित चाहना पुरा गरिदिन्थ्यो, शिकार र कन्दमुल खाएर नै आफ्नो जीवन व्यतित गर्दथे । खुल्ला आकाशमुनि उनीहरुको बासस्थान थियो । यही सिमित आवश्यकता परिपूर्ति गर्न मुद्राको आवश्यकता थिएन मानिसमा समयक्रमसँगै चेतना वृद्धि हुँदै गयो र मानवीय आवश्यकता पनि वृद्धि हुँदै गयो । आफूसँग भएका वस्तुहरुबाट मात्र चाहना पुरा हुन सकेन र अरुसँग भएका वस्तुको चाहना हुन थाल्यो अनि वस्तु विनिमयको शुरुवात भयो । अन्न, पशुपंक्षी र क्रमशः धातुका टुक्रालाई विनिमयको माध्यमको रुपमा लिन थाले ।

विस्तारै यो वस्तु साटासाटको क्रममा भारतीय उपमहाद्वीपमा गाईलाई महत्वपूर्ण माध्यमको रुपमा लिइयो । वैद्धिककाल वा यो भन्दा अगाडिको कालतिर यो प्रथा चलेको मानिन्छ । कुनै पनि देशको आर्थिक कारोबारमा मुद्राले विनिमयको माध्यम बनेर आफूलाई

प्रस्तुत गरेको हुन्छ । यसरी मानव सभ्यताको विकासक्रममा वस्तु विनिमय प्रणालीबाट आएको आवश्यकता पूर्ति गर्ने क्रमलाई Barter System भनिन्छ (रायमाझी, २०६७: ३) । मुद्रा उत्पत्ति तथा विकासका सन्दर्भमा दुई प्रमुख सिद्धान्त देखा परेका छन् : स्वस्फूर्त विकासको सिद्धान्त र क्रमिक विकासको सिद्धान्त ।

स्वतस्फूर्त विकासको सिद्धान्त अनुसार मुद्रा आवश्यकता अनुसार आफैं विकसित हुँदै आएको हो तर क्रमिक विकासको सिद्धान्त अनुसार वस्तु विनिमयका कठिनाईहरु हटाउनको लागि मुद्राको आविष्कार भएको हो । यसरी क्रमिक विकासको सिद्धान्त नै पछि गएर सर्वमान्य सिद्धान्त बन्न पुग्यो ।

मुद्राको उत्पत्ति र विकासको बारेमा अध्ययन गर्न मानव विकासको जानकारी लिनु जरुरी हुन्छ । प्रारम्भमा आदिम मानवको आवश्यकता न्यून थिए ।उनीहरु बाँच्नका लागि संघर्षशील थिए । जंगली जनावरको शिकार गर्ने, माछा मार्ने, ढुङ्गाका हतियार बनाउने, फलफूल कन्दमुलको खोजी गरी जीवनयापन गर्दथे । क्रमशः सामाजिक जीवन सरल, सहज हुँदै गयो र जनसंख्या वृद्धि हुन् थाल्यो । फलस्वरुप आहाराको कमी हुन गयो । नदी, किनारा, तथा फाँटहरु खोजी गरी खेती कार्यको सुरुवात गर्न थाले (सुवेदी, २०६८: २३) । यसरी मानव जाती ढुङ्गेयुगबाट अगाडि बढ्दै कृषि, पशुपालनको अवस्था हुँदै सामाजिक जीवन तथा आवासको विकासतर्फ क्रमिक रुपमा बढ्न थाल्यो र आर्थिक क्रियाकलापका विभिन्न साधनहरु अपनाउन पुग्यो (ढुङ्गेल, २०४३: १५) । आर्थिक र सामाजिक कार्यको परिचालनको साथसाथै उत्पादनको विशिष्टीकरण अर्थात श्रम विभाजन (ढुङ्गेल, उही: १५) र आवश्यकताको परिपूर्ति तथा व्यवसायिक नाफाको लागि विनिमय प्रथाको सुरुवात हुन  पुग्यो ।

### २.२.१ वस्तुमुद्रा र विनिमय प्रथा

आफूले उत्पादन गरेका वस्तु अर्को समक्ष पुऱ्याउने क्रममा आएको अप्ठ्यारोलाई सहजिकरण गर्ने सिलसिलामा नै मुद्राको उत्पत्ति भएको हो । मानवले स्थायी बसोबास सुरु गर्न थालेपछि आफ्नो वरपरका अन्य मानिसले प्रयोग गरेका सामग्रीहरुको चाहना हुन  थाले । आफ्नो कम आवश्यक वस्तु दिएर बढी आवश्यक वस्तु साट्न थाले । यस प्रक्रियाबाट वस्तु विनिमय प्रथा सुरु हुन पुग्यो । जब जब समाज सरलताबाट जटिलतातर्फ अग्रसर हुँदै गयो तब विनिमय प्रथामा पनि परिवर्तन हुँदै गयो यसैलाई मुद्रा उत्पत्तिको पहिलो खुड्किलो मानिन्छ । यो प्राचीन परम्परा आज पनि हाम्रो समाजमा विद्यमान छ । हाम्रो देशको सन्दर्भमा हेर्ने हो भने धान, चामल, वेसार, च्यूरा, जडिबुटी लगायतका अन्य विभिन्न सामाग्रीहरु साट्ने गरिन्छ । कसैले केही ऋण लगेको छ भने यसबाट मुक्त हुन आफूसँग भएको जनावर तथा अन्य सामग्री

दिने गरिन्छ। शहरी भेगमा यो परम्परा नहोला तर ग्रामिण क्षेत्रमा वर्तमान समयसम्म पनि यो परम्परा कायम नै छ। यो प्रणाली प्राचीनकालको व्यापारको नमूना हो। वास्वतमा "विनिमयनै त्यो धुरी हो जहाँ सम्पूर्ण सामाजिक अर्थव्यवस्था निहित रहेको हुन्छ"( ढुङ्गेल, उहीः १४)।

सभ्यताको विभिन्न चरणहरु पार गर्दै जाँदा मानवीय सोचाईमा पनि परिवर्तन हुँदै गयो र विनिमय प्रक्रियाले निरन्तरता पाउन सकेन र अव्यवहारिक हुन पुग्यो । फलस्वरुप वस्तुमुद्राको उत्पत्ति हुन पुग्यो। पछि गएर मानिसहरुले वस्तुहरुको सट्टापट्टा गर्ने क्रमबाट वस्तु मुद्रा अर्थात गाई, अन्न, रुवा, ढुङ्गाका हतियार, धनुष, तीर, वाण, पशुका छाला इत्यादिलाई विनिमयको माध्यम बनाउन थाले (जोशी, २०४२ः ३)। सुप्रसिद्ध अर्थशास्त्री स्यामुल्सनले पनि मुद्राको विकासक्रममा वस्तुमुद्राको रुपमा गाई, सूर्ति, छाला, तेल, जाँड, रक्सी, दास, स्वास्नी, तामा, फलाम, सुन, चाँदी, औठी, हिरा आदिलाई उल्लेख गरेका छन् (ढुङ्गेल, २०४३ : २०)। यूरोप, अमेरिकाका रेड इण्डियनहरुले रुवाको माध्यमबाट वस्तु विनिमय गर्दथे । त्यस्तैगरी मेलावोसियामा सिपी दाँतहरुले उनेका माला, क्यारोलिन टापुमा ढुङ्गाको मुद्रा र गोली मुद्रा, मलाया टापुमा टीन टाँप मुद्रा, तिब्बतमा चियाको पात र झारपातबाट बनेका ईटे चिया मुद्रा, अफ्रिकामा दास, बञ्चरो, चक्कु, कोदालो र नेपालमा भटमासलाई कपडाले बेरेका, छाला तथा माटाको मुद्राको प्रचलन भएको कथन पाइन्छ (ढुङ्गेल, उहीः २०)। वस्तु विनिमय प्रणालीमा उधारो तथा सापटी लेनदेन सम्भव थिएन अथवा वस्तुहरुको भावी मूल्यमा देखा पर्ने उतारचढावको कारण भावी भुक्तानमा कठिनाई उत्पन्न हुने सम्भावना रहिरहन्थ्यो। वस्तु तथा सेवाको रुपमा भावी भुक्तान गर्दा ऋण सम्झौता हुन सक्ने अवस्था थिएन । किनभने यस्ता वस्तु तथा सेवाहरु पछि भुक्तान गर्दा एकतिर भुक्तान गरिने कुनै निर्दिष्ट वस्तु छनौट गर्ने समस्या पनि त्यति नै जटिल हुने अवस्थामा रहन्थ्यो। यसैगरी विभिन्न वस्तु तथा सेवाहरुलाई भावी भुक्तानको रुपमा स्वीकार गरी दुई पक्षमध्ये कुनै एकलाई लाभ तथा अर्कोलाई हानी हुने सम्भावना पनि अत्याधिक मात्रामा थियो (शर्मा, २०४५ः ५५)।

आदिम मानवहरुले प्रारम्भिक समयमा सुरु गरेको वस्तु विनिमय प्रथामा दोहोरो आवश्यकताको अभाव, मूल्य मापदण्डको कठिनाइ, विभाजनको अभाव, भावी भुक्तानीको कठिनाई र विशिष्टकरणको अभावले गर्दा उनीहरुले यस प्रथामा सरलीकरण ल्याउन अनेकौं उपाय खोज्न थाले। यसको विकसित रुप वस्तुमुद्रा विनिमय प्रथा थियो ( सुवेदी, २०६८:२४)। भारतीय सिन्धु सभ्यताका निवासीहरुले अनाजलाइ विनिमयको माध्यम बनाएको अनुमान छ । किनकी सिन्धुघाटीको उत्खनन्मा अन्न राख्ने ठूला भकारीको स्वरुप प्राप्त भएको मानिन्छ। तत्कालीन समयमा राजश्वको रुपमा अन्न लिइन्थ्यो। सायद राज्यको

अर्थव्यवस्थामा त्यसले हालको बैङ्क र खजानाको काम दिन्थ्यो । पूर्व वैद्धिक कालमा गाईलाई विनिमयको साधनको रुपमा प्रयोग गरेको तथ्य वैद्धिक साहित्यहरुले गरेका छन् (उपाध्याय, २०००:८)। ऋग्वेदको एउटा सुक्तमा ईन्द्रको एउटा मूर्ति १० वटा गाईको मूल्यमा बेचिएको थियो भनिएको छ । अर्को सुक्तमा ईन्द्रको अर्को मूर्ति १०००० गाईको मूल्यमा पनि बेच्न अस्वीकार गरेको पाइन्छ । त्यस्तै अर्को सुक्तमा राजा भरतका सेनाहरु गाई संकलन गर्ने उद्देश्यले लडाई गर्न गएको भनाई छ । ऋग्वेदकै १०/५/६१ मा गाईलाई दक्षिणाको रुपमा लिइएको वर्णन छ (आचार्य, २०००: ८) । ऐतरीय ब्राह्मणमा पनि गाईलाई सम्पत्तिको रुपमा लिइन्थ्यो । सुनःसेप नाम गरेका व्यक्तिलाई १०० वटा गाईमा बेचेको तथ्य उल्लेख छ (दीक्षित, २०४७: ६०-६५)।

उत्खनन्बाट प्राप्त जानकारी अनुसार प्राचीन सिन्धु सभ्यतामा धातुको गहनाको प्रयोग भएको पुष्टि हुन्छ । वैद्धिक साहित्य तथा ऋग्वेदमा १०० निष्क, १०० सुन्दर घोडा र १०० गाईको उल्लेख छ । ऋग्वेदमा राजा दिवोदाशले ऋषिलाई १० झोला सुन, १० ओटा घोडा १० ओटा गहना र १०० वटा हिरण्य पिण्डदान दिएको उल्लेख छ(शर्मा, २०४५: ५२२) । यस्तै एकजना कविले उपहारस्वरुप संरक्षकलाई १०० वटा निष्क प्रदान गरेको वर्णन पाइन्छ । अर्कोमा देवी उषालाई घाँटीमा निष्क लगाएकी 'हे देवी उषा हामीलाई दुःस्वप्नबाट बचाउ' भनिएको छ । यस्तै अन्य उपनिषदमा पनि गाई, घोडा, गहना आदिको महत्व उल्लेख गरिएको छ । भारतमा  सुन र बेविलोनमा चाँदी मुद्राको रुपमा उपयोग भएको पाइन्छ(सुवेदी, २०६८: २६) । डा. डी. आर. भण्डारकका अनुसार वैद्धिक साहित्यमा उल्लेखित कृष्णाल, सुवर्ण, शतमान एवं निष्क शब्दको आधारमा तत्कालीन समयमा मुद्रा निर्माण प्रक्रियाको बारेमा जानकारी थियो । डा. अल्टेकरका अनुसार वैदिक साहित्यका आधारमा निष्क सुनको सिक्का थियो( उपाध्याय,२०००: ८) ।

यसरी वैद्धिक समाजमा निष्क प्राप्त गर्नु ठूलो पुरुषार्थ मानिन्थ्यो । यो वहुमूल्य चिज पनि रहेको थियो भन्ने बुझिन्छ । वेदको रचनाकालपछि पनि निष्कको उल्लेख कही कही पाइन्छ । यसप्रकार निष्कको अस्तित्व वैदिक, महाकाव्य र जातककालसम्म रहेको पाइन्छ । वर्तमान समयमा पनि मुद्राको माला बनाई गहनाको रुपमा घाँटीमा लगाउने चलन   देखिन्छ ।

### २.२.२ प्राचीन हिन्दु सभ्यतामा मुद्राको विकासक्रम

कुनै पनि सामाजिक रुपमा विकसित भइसकेको समाज विनिमयको माध्यमको अभावमा चल्न सक्दैन । संसारमा मुद्रा उत्पत्तिको खास कारण आर्थिक व्यवहारका विभिन्न स्वरुपहरु नै

हुन् । वैदिक कालभन्दा पुरानो मानिने सिन्धुघाटीको सभ्यतामा विभिन्न प्रकारका शील, छापहरुले मुद्रालाई नै संकेत गर्दछ । सिन्धुसभ्यतामा पशुपालन तथा कृषिको साथै धातुको प्रयोग र उत्पादनमा क्रमिकरुपमा विकास हुँदै पूर्णरुपले वाणिज्य व्यापार विस्तार साथै मौद्रिक अर्थव्यवस्थाको उदय भएको थियो । मोहन्जोदारो र त्यसको आसपासमा २००० भन्दा बढी संख्यामा छापहरु प्राप्त प्राप्त भएबाट उपर्युक्त कुराको पुष्टी हुन्छ । सिन्धुघाटी सभ्यताको उत्खनन्बाट प्राप्त शिल छापहरुमा विभिन्न प्रकृतिका पशुपंक्षी तथा मानवाकृति र प्राकृतिक दृश्य आदि अंकित भएको पाइन्छ(गुप्ता, २००३ः ८) । भारतमा आहत मुद्राको सुरुवात, भारतीय लिपिको विकास साथै कलाकौशलको विकासको पूर्वाधारको रुपमा सिन्धु सभ्यतालाई लिन सकिन्छ (Sircar,1968: 49) । भारतमा वैद्धिक युगदेखि नै वैश्यहरु व्यापार तथा कृषि पेशामा लागेको उल्लेख छ । उत्तर वैदिक कालमा विभिन्न व्यवसायमा लागेका व्यक्तीहरुलाई जनाउने मृताकार, रथाकार, स्वर्णाकार र कर्माकार जस्ता शब्दहरुले तत्कालिन व्यापारिक तथा व्यवसायिक गतिविधिलाई नै जनाउँछ (उपाध्याय, २०००: ३६) । जातक कथाहरुमा व्यापार तथा वहानको उल्लेख पाइन्छ ( उपाध्याय, उहीः ३६) । प्राचीन भारतीयहरुको ग्रीकसँग व्यापारिक सम्बन्ध थियो । यसर्थ भारतीय मुद्राको प्राचीनताको अध्ययन गर्दा भारतीय मुद्रामा ग्रीक प्रभावको सन्दर्भमा अध्ययन गर्नुपर्ने हुन्छ । तर समकालिन समयमा भारतको फारसीसँग पनि व्यापरिक सम्बन्ध कायम थियो भन्ने तथ्यलाई फारसी प्रभावित मुद्राहरुले पुष्टी गर्दछ । फारसमा छैटौं शताब्दी इसापूर्वमा शाह राजा साइरस प्रथमले साम्राज्य खडा गरेका थिए । यिनले अफगानिस्थानको व्याक्ट्रिया लगायत भारतको पश्चिमी प्रान्तहरुमा अधिपत्य कायम गरेको कुरा ग्रीक राइटर हेरोडोटसले गरेका छन् । पछि मेसोडोनियाको राजा फिलप्सका छोरा अलेक्जेण्डरले व्याक्ट्रीया माथि आक्रमण गरी ३३१ इसापूर्वमा अलेक्जेण्ड्रीया अफ द आर्कियोजियन्स नामक नयाँ शहर बसाई भारतमाथि विजयको प्रथम खुड्किलो राखे । ३२७ ई.पू. मा अलेक्जेण्डरले भारतका विभिन्न ठाउँहरुमा विजय प्राप्त गरी करिब १८ महिना पछि बेवीलोनिया फर्कदा ई.पू. ३२३ ई मा उनको मृत्यु भएपछि उनका सेनापति सेल्युकसले झेलम नदी पार गरी सिन्धुघाटी र अक्सस सम्म अधिपत्य कायम गरी राज्य संचालन गरेका थिए । व्याक्ट्रियामा युनानी शासक सेल्यूकसले शासन गर्दा बल्खमा डियोडोटसले राज्य गर्दथे युनानी लेखक जष्टिनका अनुसार बल्खका शासक सेल्युकसको अधिपत्यमा रहन चाहदैनथे (उपाध्याय, उही : ४७) किनभने बल्खमा प्राप्त डियोडोटसका स्वतन्त्र मुद्राको प्राप्तिले यस तथ्यलाई पुष्टी गर्दछ । इतिहासकार स्ट्रयाबोका अनुसार युथिडिमसले व्याक्ट्रियाका शासक डायोडोटस द्वितीयलाई हराएर व्याट्रीयामा स्वतन्त्र अधिपत्य कायम गरे । व्याक्ट्रियामा डियोडोटस पछि युयिडिमसका चाँदी र तामाका सिक्काहरु प्राप्त भएका छन् (उपाध्याय, उही : ५४) ।

त्यसपछि भारतीय मुद्राको इतिहासमा युक्रिटाईड, अगथकल्स, हेलियोक्लिज, एन्टिअल्किडस आदि इन्डोग्रीक राजाका सिक्काहरु प्राप्त भएका छन् । तत्कालीन व्याक्ट्रियाको राजनीतिक घटनाक्रम हेर्दा डिमिट्रियसका उत्तराधिकारी अगाथकल्सपछि उनीहरुको राज्य मिनेन्दर (मिलिन्द) को हातमा पुग्यो । मिलिन्दर र युक्रेटाइजको मृत्युपछि व्याक्ट्रियामा इन्डोग्रीाक राजाहरुको अन्त्य हुन पुग्छ तर भारतमा भने ग्रीक मुद्राहरुको छाप परेको छ ।

दक्षिण एशियाली अधिकांश राष्ट्रहरुमा भारतीय संस्कृति र सभ्यताको जीवन्त प्रभाव परेको छ । यसैगरी प्राचीन भारतीय मुद्रा (शास्त्र) को ऐतिहासिक परम्परा हेर्दा इरानी र ग्रीसेली प्रभावका मुद्राहरु बाहेक पञ्चमार्क भनिने आहात मुद्राहरुको विशिष्ट र ऐतिहासिक स्थान छ । प्रेस गरेर वा दबाब पद्धतिद्वारा निश्चित आकारमा ढालेर निर्माण गरिने आहत मुद्राको सर्वप्रथम उल्लेख जेम्सप्रिसेपले सन् १८३५ मा गरेका थिए (उपाध्याय, उहीः ३६) । भारतमा अधिकांश संख्यामा चाँदीका आहत मुद्रा भएको उल्लेख स्मृती ग्रन्थहरुमा गरिएको छ । यस मुद्राको उत्पत्ति र प्राचीनता सम्बन्धी विवाद पाइन्छ । विभिन्न विदेशी लेखहरु अनुसार इसापूर्वको पाँचौ शताब्दीतिर लिडिया वा ब्याक्ट्रियामा आहतमुद्राको उत्पत्ति भएको हो । जेम्स क्याण्डिका अनुसार छैटौं शताब्दी इसापूर्वमा बेबिलोनियाबाट प्रसारित गरिएको हो । अलेक्जेण्डर कनिघंमले पञ्चमार्क मुद्रा भारतीयहरुले आफ्नै मौलिक ज्ञान र सिप प्रयोग गरी विकास गरेको मानेका छन् (उपाध्याय, उही : २७) ।

आहत मुद्राको उत्पत्तिको सन्दर्भमा विदेशी उत्पत्तिको सिद्धान्त र स्वदेशी उत्पत्तिको सिद्धान्त गरी दुई प्रकारका विचारहरु पाइन्छ । विदेशी उत्पत्तिको सिद्धान्त अनुसार पनि आहत मुद्राको प्राचीनता सम्बन्धी तीन प्रकारका विचारहरु पाइन्छ । ती हुन् ग्रीक उत्तपत्तिको सिद्धान्त, इरानी उत्पत्तिको सिद्धान्त र वेविलोनियन उत्पत्तिको सिद्धान्त ।

जेम्स विलियम्स र प्रिन्सेप विल्सन जस्ता विद्वानहरुले आहत मुद्रा र ग्रीक मुद्रामा देखिएका समानताहरुलाई अध्ययन गरी ग्रीसेली परम्परा अनुसार आहतमुद्राको उत्पत्ति भएको मान्दछन् तर ई.पू. ३३१-३२७ तिर ग्रीकहरु भारत प्रवेश गर्नुभन्दा पहिले नै पुरातात्विक प्रमाण अनुसार NBPW मा आहतमुद्रा प्राप्त भएकोले ई.पू. ६०० तिर नै आहत मुद्राको प्रचलन भएको प्रमाणित हुन्छ (उपाध्याय, उही : ३८) ।

इरानी उत्पत्तिको सिद्धान्तलाई मान्ने विद्वानहरुमध्ये डिकारी मेसेजको धारणा अनुसार भारतीय इतिहासको मध्यकाललाई आधार मानी जसरी मुस्लिम शासकहरुले हिन्दु धर्म र

संस्कृतिलाई आफ्ना सिक्काहरुमा प्रयोग गरेका थिए, त्यसरी नै इरानीहरुले सिग्लोइस र आहतमुद्रा प्रचलनमा ल्याए । तर इरानीहरु भारत प्रवेश गर्नुभन्दा पहिले नै आहत मुद्रा प्रचलनमा भएकोले यस मतलाई खण्डन गर्न सकिन्छ (उपाध्याय, उही : ३८) ।

आहत मुद्राको वेविलोनियन उत्पत्तिको सिद्धानको चर्चा गर्दा जेम्स क्यान्डिन तथा भि.एस. मिलका अनुसार भारतीयहरुले वेविलोनियासँग व्यापारिक सम्बन्ध कायम गरेको र वेविलोनियन सिक्का परम्पराबाट प्रभावितभएर भारतीयहरुले सिक्का बनाउने प्रणालकिो नक्कल गरेका हुन् । तर वेविलोनियामा पाँचौ शताब्दीभन्दा पहिलेको मुद्रा प्राप्त भएको छैन । साहित्यिक प्रमाण अनुसार भारतमा छैटौं शताब्दी इसापूर्वका मुद्राहरु प्राप्त भएकोले तथ्यले आहत मुद्राको प्राचीनता सम्बन्धी वेविलोनियन मतलाई खण्डन गर्न सकिन्छ (उपाध्याय, उही : ३८) ।

आहत मुद्राको उत्पत्ति सम्बन्धी अधिकांश भारतीय तथा केही विदेशी विद्वानहरुको मत अनुसार आहत मुद्रा भारतीयको आफ्नै मौलिक उत्पत्ति हो । डी.आर. भण्डारकर, कनिघंम, लगायतका विद्वानहरुले पाँचौं, छैटौं ईस्वीसम्म भारतमा प्रचलनमा रहेको यस सिक्का भारतीयको मौलिक उत्पत्ति हो भनेका छन् ।

भारतीय मुद्राको इतिहासमा शक पल्लव सिक्काहरुले पनि महत्वपूर्ण स्थान ओगटेका छन् । प्राचीन भारतमा अर्थात मध्य एशियामा शक जाति निवास गर्दथे, जहाँ शक राज्यनै खडा थियो । कालान्तरमा युची जातिको आक्रमण पछि शकहरुपार्थियामा प्रवेश गरे । पछि पार्थियाबाट पनि पलायन भएर गान्धार, वलुचिस्तान र सिन्धुघाटीको तल्लो भागहरुमा राज्य गर्न थाले । यसै भू-भागलाई प्राचीन भारतीय साहित्यहरुमा शकद्वीप भनियो र यी जातिलाई शक ब्राह्मण भन्न थालियो (उपाध्याय, उही : ९७) । यसप्रकार अफगानिस्तान, सिन्धू तथा उत्तर पश्चिम पञ्जावमा अर्थात सिन्धको पूर्वी भागमा शकहरुले अधिकार जमाए भने सिन्धुको पश्चिमी भागमा पल्लवहरुले शासन गर्दथे । तर शक र पल्लवहरुको पारस्परिक सम्बन्ध अज्ञात छ (उपाध्याय, उही : ९७) ।

तक्षशिलाको उत्खननमा शक जातिका प्रथम शासक मोग(मोअ) को मुद्राहरुको अध्ययन अनुसार यिनै मोअका उत्तराधिकारी अयस प्रथमका तामाका सिक्काहरु प्राप्त भएका छन् । यसको अग्रभागमा युनानी लिपिमा “वैसिलियस वैसिलियान मेगालय अजाय” तथा पृष्ठ भागमा खरोष्टि लिपिमा “इन्द्रवर्म पुत्रस अस्यवर्मस स्तलगत जयतस“ अभिलेख अंकित छ (उपाध्याय,

उही : ९८)। अयसका पिता मोअका मुद्राहरुमा प्रष्टरुपमा युनानी प्रभाव देखिन्छ (गुप्ता, २००३: २०) । सिन्धुघाटीको पश्चिमी भागमा पल्लवहरुले शासन गर्दथे । अयस द्वितीयको शासनपछि गोण्डोफरनिस प्रथम पल्लव शासक बने ( उपाध्याय, उही : २२) । यिनका मिश्रित प्रकारका सिक्काहरु प्राप्त भएका छन् । राजनीतिक उथलपुथलको कारण राज्य कमजोर हुन गई आर्थिक अभाव भएकोले यस प्रकारका सिक्काहरु जारी भएको हुन सक्छ । यिनका तामाका केही सिक्काहरु पनि प्राप्त भएका छन् । संभवत यिनको शासनकालमा इरान तथा कावुलको भू-भागमा कुषाणजातिको अधिपत्य कायम भएको थियो । यिनै कुषण जातिहरुले शक-पल्लव राज्यमा चाँदीको निर्यात हुन रोकेका थिए भनिन्छ । यिनै गोण्डोफर्निस इसाई धर्मालम्बी सेन्ट थमसद्वारा इसाई धर्ममा प्रशिक्षित भएका थिए । उनी नै पल्लव राज्यका अन्तिम राजा हुन पुगे । पछि कुषाणहरुले यस क्षेत्रमा अधिपत्य जमाए ।

भारतीय इतिहास, संस्कृति, कला, वास्तुकला, नगरयोजना, स्थापत्यकलाको विकासक्रममा कुषाण राजाहरुको महत्वपूर्ण स्थान छ । बौद्ध धर्म तथा दर्शनले यसै समयमा फक्रने, फूल्ने अवसर पाएको थियो । भारतीय कलामा मथुरा, गान्धार, कलाशैलीले आज पनि तत्कालीन कलाकारितालाई झल्काएका छन् । प्राचीन भारतीय साहित्य तथा ज्योतिष ग्रन्थहरुमा कुषाणहरुले प्रचलनमा ल्याएको शक संवतको प्रयोग हुने प्रचलन हालसम्म पनि कायम रहेको छ । चिनियाँको प्राचीन जातिको रुपमा परिचित युची जातिको एक प्रशाखाको रुपमा कुषाण जातिलाई लिइन्छ । यिनै कुषाण जातिहरुले पाकिस्तानको पेशावर व्याक्ट्रीया, गान्धार, कास्मिर आदि क्षेत्रहरुमा शासन गरे (उपाध्याय, २०००: १०४) ।

कुजुल क्याट्फिससलाई कुषाणकालका प्रथम शासक मानिन्छ । यिनले शक पल्लवलाई हराएर आफ्नो अधिपत्य कायम गरेका थिए । कुजुलक्याट्फिससका मुद्राहरुमा शैव (हिन्दू) तथा युनानी प्रभाव परेको पाइन्छ । यसपछि उनका उत्तराधिकारी भिमक्याड्फिससले शासन गरे । भारतमा प्रथम पटक सुनको सिक्का जारी गर्ने राजा भिमक्याड्फिसस नै हुन् । उनका सिक्काहरुमा हात्तिमा चढेको, रथमा बसेको, हवनकुण्डमा हवन गरिरहेको आदि दृश्य अंकित गरिएको देखिन्छ । कतिपय मुद्राहरुमा उनलाई बादलमाथि उडिरहेको देखाइएको छ (गुप्ता, २००३: २५) ।

भिमक्याट्फिसस पछि कनिष्कका सिक्काहरु प्राप्त छन् । बौद्ध धर्मको विकासमा कनिष्कको शासनकाललाई स्वर्णकाल भनिन्छ । उनकै शासनकालमा बौद्ध धर्मको चौथो संगती भएको थियो (उपाध्याय, २०००: १०७) । यिनी महायान बौद्ध धर्मका अनुयायी थिए । उनलाई

सम्राट अशोक समान चक्रवर्ति राजा मानिन्छ । डा. राय चौधरीका अनुसार उनको राज्य गान्धार, कास्मिरदेखि वनारससम्म फैलिएको थियो । यिनी शक संवतका प्रथम संस्थापक थिए । उनले आफ्ना मुद्राहरुमा ‘बैसीलियस बैसीलियान कनिष्क शान्व नानो शाव कनेष्की कोशानो लगायतका इरानी उपाधहरु लिएका थिए । मुद्राको पृष्ठ भागमा युनानी अथवा भारतीय देवताको नाम र युनानी भाषामा उनको नाम मिओरो (सूर्य), माओ (चन्द्र) अएको(वायु), ताताशाओ (युनानी देवी), ताता (देवी), दण्डधारी ओभशो (चर्तुभूजी या द्विभुजी शिव) अंकित छन् (उपाध्याय, उही : १०८) ।

कनिष्क पछि हुविस्क, वासुदेव लगायतका उत्तराधिकारी तथा शासशकहरुले शासन गर्दछन् । शासकहरुले जारी गरेका सिक्काहरुमा कनिष्क कै प्रवृत्ति र विशेषताहरु पाइन्छन् । समग्रमा कुषाण सिक्काहरुमा ग्रीक, इरानी र भारतीय धर्म, दर्शन, संस्कृति र राजनीतिका प्रवृतिगत विशेषताहरु देखा पर्छन् । नेपालमा पनि आहतमुद्राको साथसाथै कनिष्क, हुविष्क र भिमक्याड्फिससका मुद्राहरु राष्ट्रिय संग्रहालयमा संग्रहित गरिएका छन् (स्थलगत निरीक्षण, राष्ट्रिय संग्रहालय) । यस प्राप्तिले नेपालको तत्कालिन समयमा भारतसँग सामाजिक, धार्मिक, राजनैतिक साथै व्यापारिक सम्बन्ध पनि रहेको तथ्यलाई बुझ्न सकिन्छ ।

भारतको इतिहासमा गुप्तयुग स्वर्णयुको रुपमा प्रसिद्ध छ । सबै क्षेत्रमा विकास भएको यस युगका गुप्तहरुको गरिमामय स्थान छ । भाषा, साहित्य र संस्कृतिको उन्नतिर सम्वृद्धिको लागि गुप्त वंशी शासकहरुले महत्वपूर्ण योगदान दिएका छन् । गुप्त वंशका संस्थापक श्री गुप्त थिए, उनी पछि घटोत्कच, चन्द्रगुप्त, समुद्रगुप्त, चन्द्रगुप्त द्वितीय, कुमार गुप्त, बुधगुप्त, समुद्र गुप्त द्वितीय, चन्द्र गुप्त तृतीय, नरसिंह गुप्त, विष्णु गुप्त जस्ता प्रख्यात शासकहरुले शासन गरी गुप्तकाललाई स्वर्णयुगको रुपमा चिनाए ।

भारतीय मुद्राको इतिहासमा गुप्तवंशको थुप्रै प्रकारका मुद्राहरु प्राप्त भएका छन् । तिनको संक्षिप्त चर्चा नगर्ने हो भने भारतीय मौद्रिक इतिहास अपूर्ण हुन्छ । श्रीगुप्त र घटोत्कचका मुद्राहरु प्राप्त भएका छैनन् । गुप्त शासनकालमा सर्वप्रथम चन्द्रगुप्त प्रथमको मुद्रा प्राप्त भएका छन् । चन्द्र गुप्तको मुद्राको अग्र भागमा राजा, रानीको आकृति अंकित गरिएको छ भने पृष्ठ भागमा ‘पराक्रम’ अभिलेख अंकित छ (उपाध्याय, २०००: १३१) ।

चन्द्र गुप्त पछि उनका उत्तराधिकारी समुद्र गुप्तले ६ प्रकारका सिक्काहरु जारी गरेका छन् । उनका प्रायः सिक्काहरुमा कुषाण शैलीको प्रभाव पाइन्छ । समुद्र गुप्त पछि राम गुप्तका

मुद्राहरु कम मात्रामा देखा परेका छन् । यसपछि चन्द्र गुप्त, विक्रमादित्यका ६ प्रकारका सिक्काहरु प्राप्त भएका छन् । उनले चाँदी र तामाका मुद्राहरु जारी गरेका थिए । त्यसपछि क्रमशः कुमार गुप्त प्रथम, स्कन्दगुप्त, नरसिंह गुप्तका मुद्राहरु जारी गरेको देखिन्छ (उपाध्याय, उही : १३१) ।

गुप्तकालका मुद्राहरुमा केही मात्रामा विदेशी प्रभाव परेता पनि भारतीय कलाकारले आफ्नोपन बिर्सेका छैनन् । भारतीय कला, संस्कृति, आस्था, विश्वास, भावना, वीरता र राष्ट्रियता जस्ता विषयहरुलाई आफ्नो मुद्रामा अंकित गराएका छन् ।

# तेस्रो अध्याय

## ३. नेपालमा मौद्रिक विकास

### ३.१ नेपालमा मौद्रिक विकासको परिचय

नेपाली मुद्राको सन्दर्भमा चर्चा गर्नुपर्दा सर्वप्राचीन मुद्राको रुपमा लिच्छविकालीन मुद्राहरुलाई लिइन्छ । प्रायः प्रत्येक देशका मुद्राहरुमा त्यस देशका जनता वा सरकारले अपनाई आएका धर्म, राजनीति, कला, साहित्य तथा अन्य महत्वपूर्ण कुराको केही न केही प्रभाव परेको देखिन्छ । नेपाली मुद्रामा पनि केही मात्रामा भारतीय प्रभाव परेको पाइन्छ तर आफ्नो मौलिकतालाई पनि भुलेका छैनन् । लिच्छविकालभन्दा अघि पनि नेपालमा व्यापार व्यवसाय फस्टाइसकेको कुरा विभिन्न ग्रन्थहरुको आधारमा बुझ्न सकिन्छ तर प्रमाणित स्रोत उपलब्ध छैन । यस्तै काठमाडौंको आसपासमा कुषाणकालीन केही मुद्रा प्राप्त हुनु तथा तिलौराकोटको उत्खननमा तत्कालीन भारतीय थुप्रै मुद्राहरु प्राप्त भएको आधारमा नेपालमा व्यापार, वाणिज्यको विकास इसापूर्वदेखि नै भएको स्पष्ट हुन्छ (रिजाल, १९७९ : ३९) । तर मौदिक विनिमयको सुरुवात भने लिच्छविकालदेखि भएको देखिन्छ । लिच्छविकालीन अभिलेखमा पण, पुराण, पणपुराण, कार्षापण, द्विपण, हिरण्य, सुवर्णका साथै माटोका मुद्राहरुको उल्लेख पाइन्छ । मानदेवको 'मानाङ्क' मुद्रादेखि नेपाली मुद्राको मौद्रिक इतिहास सुरु हुन्छ । यसपछिका समयमा विभिन्न राजा तथा शक्तिशाली शासकको मुद्रा पाउन सकिन्छ । यस समयमा मानाङ्क, गुणाङ्क, वैश्रवण, अंशुवर्माका मुद्रा, जिष्णुगुप्तस्य, पुशपति, वृष जस्ता मुद्राहरु पाइएका छन् ।

नेपालको मौद्रिक इतिहासमा लिच्छविकाल पछि मल्लकालीन समयका मुद्राहरु प्राप्त भएका छन् । मल्ल काललाई पनि पूर्व मल्ल काल र उत्तर मल्लकाल भनी विभाजन गरिएको छ । नेपाल संवत् प्रारम्भ भएदेखि जयस्थिति मल्ल पूर्वको समयलाई पूर्वमल्ल काल र जयस्थितिको उदय पछि पृथ्वीनारायण शाहले एकीकरण नगरुन्जेलसम्मलाई उत्तर मल्लकाल भनिएको छ । पूर्वमल्ल काललाई अन्धकारमय युग भनिएता पनि विस्तारै यस समयका कलाकृति, ऐतिहासिक प्रमाणहरु प्राप्त हुन थालेका छन् । तत्कालीन समयका मुद्राका विषयमा अभिलेखीय तथा साहित्यिक स्रोतको आधारमा केही मात्रामा जानकारी प्राप्त हुन थालेको छ । विभिन्न स्रोतहरुमा शिवका, द्रम्मशिवका, द्रम्म, रुप्यद्रम्म, प्ल, कर्ष, बोध्यद्रम्म आदि मुद्रासँग सम्बन्धित शब्दहरु फेला परेका छन् (ढुङ्गेल, २०४३: २१९) ।

पूर्व मल्ल कालको शिवका तथा द्रम्म मुद्रा पछि उत्तर मल्लकालका मुद्राहरु देखा पर्दछन् । यस पछिका मुद्राहरु विस्तृत रुपमा विकसित भएको देखिन्छ । यस समयमा मुद्रा निस्कासनको थालनी दोलखाका राजा इन्द्र सिंह देवले गरेका थिए । तर उपत्यकाको मौद्रिक विनिमय प्रणालीमा दोलखाका राजा इन्द्र सिंह देवका मुद्राले असर पार्न सकेन । यो भन्दा पछि निष्काशित महेन्द्र मल्लका चाँदीका टङ्का मोहर मुद्रालाई उपत्यकामा ‘महेन्द्र मल्ली’ नामाकरण गरियो र यही मुद्राले व्यापकता पायो । पछिसम्म पनि ‘महेन्द्र मल्ली’ नाम चलनचल्तीमा रह्यो (सुवेदी, २०६८ : ४६) । चाँदीबाट निर्मित यस समयका मुद्राहरुमा मूल्य, राजाको नाम, मिति अंकित गरिएको पाइन्छ । लिच्छविकालमा जस्तै यस समयमा पनि धार्मिक भावनाले युक्त मुद्राहरु निर्माण गर्न थाले । राजा, रानी, राजकुमार, मन्त्रीहरुको नाम पदवीहरु पनि मृदामा अंकित भएको पाइन्छ । साँचोद्वारा निर्मित तत्कालीन मुद्रामा अरबी तथा फारसी प्रभाव परेको पाइन्छ । यस समयका मुद्रामा नेपाल संवत् तथा नेवारी लिपिमा अभिलेख अंकित भएको छ ( सुवेदी, उही : ४६) ।

मुद्राको चलनचल्तीले देशको आर्थिक समृद्धिको अवस्थालाई संकेत गर्दछ । विनिमय प्रणालीको क्रममा नेपाली मुद्राहरु एक पछि अर्को चरण पार गर्दै आजको अवस्थासम्म आइपुगेको पाइन्छ । जति जति समाज र सभ्यताको विकास हुँदै जान्छ, त्यति नै अन्य विविध पक्षमा विकसित रुप देखा पर्दै जान्छन् । जुनसुकै प्रक्रिया पनि प्रायजसो सरलताबाट जटिलतातर्फ अग्रसर हुँदै गएको पाइन्छ । त्यस्तै प्रक्रिया मुद्राको विकास चरणमा पनि देखा पर्दछ । लिच्छविभन्दा मल्ल र मल्लभन्दा आधुनिककालका मुद्राहरु अझ विकसित अवस्थामा छन् । सुरुमा आधुनिक कालीन मुद्रा पनि मल्लकालका जस्तै देखिन्छ । पृथ्वीनारायण शाहको समयदेखि नै सुनका तथा चाँदीका मुद्राहरु पाइन्छ । उनले उपत्यकामा विजय गरेपछि सुन तथा चाँदीका डबल मोहोर, मोहर, सुकी, आधानी र दाम आदि प्रसारण गरेका थिए(Rhodes and others, 1989: 128-131) । यस समयदेखि मुद्रामा शक संवत् र देवनागरी लिपिको प्रयोग भएको पाइन्छ । उनीपछि अन्य विभिन्न राजाहरुको मुद्रा देखा पर्दछन् । पृथ्वी वीर विक्रमको समयदेखि शक संवत हटाई विक्रम संवत् प्रयोग गरिएको छ । साथै नेपाल शब्दको छुट्टै अंकित गरिएको छ । यही समयदेखि मुद्रा निर्माण गर्न मेशिन (पानी ढिकी) को प्रयोग गर्न थाले( प्रधानाङ्ग, २०५६: ५९) । यसले गर्दा मुद्रा पहिले भन्दा स्तरीय देखियो । राष्ट्रिय चिन्हहरुपनि मुद्रामा अंकित हुन थाले । साथै पछिका समयमा निष्काशित मुद्राहरुमा सामाजिक, सांस्कृतिक, प्राकृतिक दृश्यहरु अंकित गर्न थालियो (ज्ञवाली, २०४०: ८-१५) । शाहकालमा धेरै मुद्रा प्रसारण गर्ने राजा वीरेन्द्र हुन् । शाहकालमा नै सुन, चाँदी, तामा, पित्तल, आल्मुनियम, साथै कागजी मुद्रा देखा पर्न थाले । मुद्रामा स्पष्ट रुपमा मूल्य अंकित गर्ने, राजाको स्पष्ट आकृति

राख्ने चलन पनि चल्यो । यस्तै अन्य विभिन्न परिवर्तन र विकशित रुपहरु आधुनिक कालीन मुद्राहरुमा प्रष्ट देख्न सकिन्छ ।

वर्तमान समाजको एक अभिन्न अंगको रुपमा रहेको मुद्रा वस्तु साटासाट गर्ने प्रक्रियाबाट सुरुवात भएर कलाकारिताले युक्त आजको अवस्थासम्म आइपुग्न सफल भएको छ । यसले सामाजिक, सांस्कृतिक, ऐतिहासिकताको अभिलेख राख्ने काम पनि गर्दछ ।

### ३.१.१ लिच्छविकालको अध्ययन

इतिहास हाम्रो भूतकालीन विवरण हो ।यसमा तत्कालीन समयको विवरण समावेश भएका हुन्छन् । त्यसैले यसलाई मानवीय सभ्यताको एउटा सु-संगठित विवरणको रुपमा पनि लिन सकिन्छ । इतिहासले मानव र मानवले गरेका सम्पूर्ण चिजहरुको संग्रह गरेको हुन्छ । जस्तै भौतिक तथा अभौतिक विकास, सामाजिक, सांस्कृतिक, आर्थिक विकास आदि ।

नेपालको प्रथम राजवंशको रुपमा गोपाल वंशलाई लिइएको छ । गोपाल भन्नाले गाई पालन गर्ने समुदाय भन्ने बुझिन्छ । गोपालवंश पछि महिषपाल वंशले शासन गरे । महिषपाल शब्दको आधारमा हेर्दा यिनीहरु भैंसी पालन गरी जिविका चलाउने वर्गको रुपमा देखिन्छ । यसपछि किराँतवंशको सुरुवात भएको पाइन्छ । यस समयमा समाज परिष्कृत बन्दै गएको कुरा केही लिच्छविकालीन अभिलेखमा उल्लेख गरिएका शब्दहरुबाट बुझ्न सकिन्छ । जस्तो : मापचौक, लिंगवल, कुथेर, शुल्ली । यी ४ वटा फरक फरक काम गर्ने अड्डा अदालतको नामबाट तथा विभिन्न ठाउँ, खोलानाला, फाँट आदि किराँत भाषा परिवारका शब्दहरुका नामबाट उल्लेख गरिएको हुँदा लिच्छवि अघि किराँतहरु थिए भनी प्रष्ट भन्न सकिन्छ । मानदेवको विष्णुपादुका फेदीको अभिलेखमा 'केटुम्बाट' भन्ने किराँत शब्द परेको छ  जसको अर्थ बलियो वा माहिलो हुन्छ (वज्राचार्य, २०३०:४५-४६) । यस युगपछि प्रमाणित रुपमा लिच्छविकालको सुरुवात भएको पाइन्छ ।

इतिहास कथा वा कल्पना होइन । यो मानवीय सभ्यताको भूतकालीन अध्ययन हो । इतिहास लेख्दा अभिलेख, मुद्रा तथा अन्य विभिन्न कलाकृति जस्ता पुरातात्विक सामग्रीहरु संकलन गरेर सहयोगीका रुपमा साहित्यिक सामग्रीहरुको पनि अध्ययन गरिन्छ । यसले तत्कालीन समाजको कहाँ, कहिले, कसरी र किन भन्ने प्रश्नको उत्तर दिन्छ । यिनै विभिन्न आधारमा हामी लिच्छविकालदेखि वर्तमानसम्मको जानकारी प्राप्त गर्न सक्छौं । शोधपत्रको यस

अध्यायमा लिच्छविकालीन समयको संक्षिप्त इतिहास र तत्कालीन समयमा निष्काशित मुद्राको बारेमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

### ३.१.१.१ लिच्छवी

नेपालमा किराँतहरु पछि ऐतिहासिक लिच्छवी युग आरम्भ भएको पाइन्छ । नेपालमा पहिलोपटक अभिलेख राख्ने, मुद्रा निकाल्ने तथा राजनैतिक, आर्थिक, सामाजिक विकास, भाषा साहित्य तथा कला वास्तुकला साथै बाह्य जगतसँगको सम्पर्क आदि सबैको विकासमा लिच्छवीहरुको उल्लेखनीय भूमिका रहेको छ । लिच्छवी युगलाई नेपालको इतिहासमा स्वर्णयुग मानिन्छ । त्यस बेलाका २५० भन्दा बढी शिलालेखहरु, मुद्राहरु तथा अन्य अवशेषहरु आदिले तत्कालीन इतिहास तयार गर्न मद्दत गर्दछन् । लिच्छविकालको सुरुवात इसाको पहिलो शताब्दीदेखि भएको तथ्य जयवर्माको संवत् १०७ को अभिलेखबाट स्पष्ट हुन्छ । तर इसाको पाँचौ शताब्दी अर्थात राजा मानदेव प्रथमदेखि क्रमिक रुपमा अभिलेख तथा मुद्राहरु प्राप्त भएका छन् ।

नेपालको इतिहासमा मानदेव प्रथमको नाम विशेष उल्लेखनीय छ । यिनी महान बिजेता, मातृभक्त, प्रजापालक, कलाप्रेमी तथा प्रथम ऐतिहासिक राजाको रुपमा परिचित छन् । यिनको संवत् ३८६ (वि.सं. ५२१) को चाँगुनारायणको अभिलेख नेपालको महत्वपूर्ण अभिलेख हो । यिनको समयमा साना ठूला गरी २० वटा जति अभिलेख तथा मानाङ्क मुद्रा प्राप्त भएको पाइन्छ । तिथिमिति सहित अभिलेख तथा स्वतन्त्र टकहरु यसै समयदेखि पाइएका छन् (रेग्मी, २०५३:२४) । मानदेव प्रथमलाई नै नेपालको इतिहासमा प्रथम ऐतिहासिक राजा मानिन्छ । मानदेवकी छोरी विजयवतीको संवत् ४२७ को पशुपति सूर्यघाट अभिलेखमा 'श्री भोगिनीति कथितास्य वभूव देवी' भन्ने उल्लेखबाट भोगिनी मानदेवकी वडामहारानी भएको कुरा सिद्ध भएको छ(वज्राचार्य, २०३०: ८५) ।

अभिलेखीय स्रोत अनुसार यिनले संवत् ३८६-४२७ सम्म ४१ वर्ष शासन गरे । यस अवधिमा उनले विभिन्न क्षेत्रमा उपलब्धी हासिल गरे । सांस्कृतिक उपलब्धी अन्तर्गत गरुडस्तम्भको स्थापना, विष्णुविक्रान्त मूर्ति स्थापना साथै मानेश्वर, मानविहारको स्थापना गरे । भाषा तथा साहित्यमा पनि उन्नति गरेको पाइन्छ । उनी बाहेक राजपरिवारका अन्य सदस्यहरुले पनि धार्मिक एवं सांस्कृतिक उपलब्धी हासिल गरेको देखिन्छ ।

आर्थिक स्थिति हेर्ने हो भने विजय अभियान सकेर फर्केपछि आमा राज्यवति सहित भएर 'अक्षय' दान गरेको वर्णन पाइन्छ (रेग्मी, २०५३:४३) । यस्तैगरी गोपाल राजवंशावलीमा भूमि दान गरेको सम्बन्धी दण्ड व्यवस्था गरेको उल्लेख पाइन्छ (क्षेत्री र रायमाझी, २०६० : ६६) । वाणिज्य व्यापारको क्षेत्रमा पनि सक्रियता थियो भन्ने कुरा तत्कालीन अभिलेखहरुमा सार्थवाह ( व्यापारीको नेता) उल्लेख गरेबाट बुझ्न सकिन्छ (रेग्मी, २०५३ : ४३) ।

उनका मुख्य राजनीतिक उपलब्धी अन्तर्गत पूर्व देश र मल्लपुरी विजय गर्नु नै थियो । उनले आफ्नो पराक्रम बल अनि आमा र मामाको सल्लाह र सहयोगले यी क्षेत्रमा विजय हासिल गर्न सफल भए । उनको चाँघु अभिलेखमा विजय वर्णनको विशिष्ट रुपमा उल्लेख गरेको पाइन्छ (वज्राचार्य, २०३०: ९-२७)। यसैगरी मानाङ्क मुद्रा प्रसारण गर्नु पनि उनको स्वतन्त्र राजनैतिक स्वाधिनताको द्योतकको रुपमा लिन सकिन्छ । श्री मानाङ्क नामक विभिन्न थरिका टकहरु उनले प्रचलनमा ल्याएका थिए ।

जयदेव द्वितीयको पशुपति अभिलेखमा मानदेवपछि महिदेव राजा भए भनिएको छ । मानदेवको उल्लेख गर्ने अन्तिम अभिलेख ई. ५०५(संवत् ४२७) र वसन्ददेवको पहिलो अभिलेख ई. ५०६ (संवत् ४२८) को देखिन्छ । यो बीचको केही समय महिदेवले शासन चलाएको देखिन्छ । महिदेव पछि वसन्तदेव राजा भए । उनले आफ्नो कार्यकालमा प्रकाशित गरेका करिब ११ वटा अभिलेखहरु प्राप्त छन्(वज्राचार्य, २०३०: ९१-१४८) । उनका नौ वटा अभिलेखमा प्रशासनिक सन्दर्भको कुरा उल्लेख गरिएको छ (वज्राचार्य, उही : ९१-१४८) ।

उनले बहिनी जयसुन्दरीलाई एउटा गाउँ विर्ता (दाइजो) दिएको कुरा पनि संवत् ४२८ को थानकोट अभिलेखमा उल्लेख गरिएको छ । सुरुमा वसन्तदेवको स्थिति सन्तोषजनक नै थियो तर मुख्य दण्डनायकको रुपमा विरोचन गुप्तको प्रभाव बढ्न थालेपछि उनी कमजोर हुँदै गए । यही समयदेखि लिच्छवी इतिहासमा कालो बादल छाउन थाल्यो । राजनैतिक अस्थिरता देखा पर्न थाल्यो । फलस्वरुप 'द्वैधशासन' को आरम्भ हुन पुग्यो, गद्दीनशीन शासकहरु नाम मात्रका हुन पुगे (नेपाल, २०४०:४७) । नेपालको प्रथम राजाज्ञायुक्त अभिलेख प्रसारण (संवत् ४२८, थानकोट) नेपाल शब्दको प्रथम पटक उल्लेख तथा नेपाली प्रशासनिक इतिहासको प्रथम सन्दर्भको कारणले नेपाली इतिहासमा वसन्तदेवको नाम उल्लेखनीय छ । उनको अभिलेखमा विरोचन गुप्त, रवि गुप्त, क्रमलिल आदि नाम उल्लेख गरिएको पाइन्छ ।

वसन्तदेव पछि को राजा भए भन्ने यकिन गर्न गाह्रो छ । मनुदेव, वामनदेव, रामदेव आदि राजाहरु गद्दीमा बसे पनि सुव्यवस्थित ढंगले शासन गर्न सफल भएको बुझिदैन ( वज्राचार्य, २०३०: १६५, १६८, १६९) । जयदेव द्वितीयको पशुपति अभिलेखमा राजाको संख्याको संकेत गरिएको छ । यसमा वसन्तदेव पछि तेह्रौं उदयदेव भन्ने हुनुभयो, उहाँबाट नरेन्द्रदेव हुनुभयो भनिएको छ (वज्राचार्य, उही : ५४८-५६२) । यस अभिलेखमा शिवदेवको नाम पाइँदैन । तर हालसम्म उनका १७ वटा अभिलेख पाइएको छ । यी शिलालेख संवत् ५१२-५२६ सम्मका छन् । शिवदेवको विष्णुपादुका फेदीको पहिलो अभिलेखमा 'लिच्छविकुलकेतु' लिच्छविकुलको झण्डा स्वरुप भएका भन्ने विशेषणका साथै चन्द्रमाको जुन जस्तो सफा कीर्ति फैलिएका भनिएको छ (वज्राचार्य, उही : २१४-२१५) । यसैमा 'सर्वदण्डमहाप्रतिहार' उपाधिका साथ भौम गुप्तको उल्लेख पाइन्छ । काँडालाई झिक्न काँडाकै प्रयोग गर्नुपर्छ भन्ने युक्तीलाई चरितार्थमा ल्याउँदै शिवदेवले अंशुवर्माको सहयोग प्राप्त गरी गुप्तहरुलाई हटाउन सफल भए ।

अंशुवर्मा श्री सामन्त, श्री महासामन्त, श्रयंशुवर्मा महाराजधिराजका रुपमा क्रमशः राजनीतिमा देखा परेका छन् (वज्राचार्य, २०३०उही : २३३-२३४, २४६, २५७, २६३, २७४, ३९४) । प्रजावत्सल राजा शिवदेवले प्रशासनतर्फ सुधार ल्याएको देखिन्छ । उनले बौद्ध विहारको स्थापना गरी अन्त्यमा अंशुवर्मालाई राजकाज सुम्पिएर आफू बौद्ध भिक्षु हुन पुगे । श्री शिवदेव विहार उनैले बनाएको मानिन्छ ।

शिवदेवपछि अंशुवर्माले शासन चलाएको पाइन्छ । उनी लिच्छवी वंशको युवराज नभए तापनि आफ्नो पराक्रम र क्षमताले गर्दा राजा हुन सफल भए । उनको बारेमा विभिन्न अभिलेख, मुद्रा तथा अंशुवर्मा नामङ्कित ईटाबाट जानकारी प्राप्त गर्न सकिन्छ (रेग्मी, २०५३:८३) । लिच्छवी इतिहासमा शक्तिशाली शासक अंशुवर्मा कुन वंशका थिए भन्ने कुरामा मतभेद पाइन्छ । उनको मुद्रा को अध्ययन गरेको खण्डमा केही बुझ्न सकिन्छ । उनको श्रंयशुवर्मा अंकित टकमा सिंहमाथि चन्द्र चिन्ह अंकित भएको छ । यसले उनी चन्द्रवंशी भएको संकेत गर्दछ । फर्पिङको अभिलेखमा पनि पृथ्वीतलका चन्द्रमा जस्ता भनिएको छ । पहिलो पटक महाराजधिराज उपाधी लिने राजा अंशुवर्माले आफ्नो अभिलेखमा अर्कै संवत् थालेका छन् ( रेग्मी, २०२६: ६) । कुशल प्रजापालक अंशुवर्माले 'शब्द-विद्या' नामक ग्रन्थ रचेको कुरा चिनियाँ यात्री हुएनसाङले उल्लेख गरेका छन् (रेग्मी, २०५३:९३) । यसैगरी उनकै समयमा 'चन्द्रव्याकरण' पनि रचिएको थियो । उनको एक अभिलेखमा चन्द्रवर्मा गोमीको उल्लेख पाइएबाट 'चान्द्रव्याकरण' को रचनाकार चन्द्रवर्मा नै भएको कुरा मान्न सकिन्छ ।

उनी धार्मिक सहिष्णु राजा थिए । हाँडीगाउँको संवत् ३० र ३२ को अभिलेख अनुसार सबै धर्मलाई समान दृष्टिकोण राखेको कुरा शैव, वैष्णव, बौद्ध सम्प्रदायका मठ, मन्दिर, विहारलाई समान रुपले आर्थिक अनुदान गरेको घटनाबाट बुझ्न सकिन्छ (वज्राचार्य, २०३०: ३२१) । यसरी कुशल व्यवस्थापक, कुशल प्रजापालक, धार्मिक सहिष्णु तथा उदार राजाको रुपमा अंशुवर्मा देखा पर्दछन् ।

उनी कट्टर हिन्दू धर्मावलम्बी र वर्ण व्यवस्थावादी थिए भन्ने कुरा टिस्टुङ्ग अभिलेखमा 'आर्य मर्यादालाई ननाघेका' बुंगमती अभिलेखमा 'धर्मशंकर' जस्ता शब्द उल्लेख गरिएको साथै धर्म, पेशा परिवर्तन गरे नगरेको जाँचबुझ गर्ने भट्टाधिकरण नामक अड्डाको व्यवस्था गरेबाट थाहा पाइन्छ (वज्राचार्य, उही : २९०-२९१) । यस्तैगरी उनले कला, वास्तुकला, शिक्षादिक्षा आदिमा पनि विशिष्ट योगादन पुऱ्याएको कुरा तत्कालीन अभिलेख, मुद्रा तथा साहित्यिक स्रोतबाट बुझ्न सकिन्छ ।

उनको समयमा अर्थव्यवस्था पनि निकै सुधार आएको पाइन्छ । उनले श्रंयशुवर्मा र कामदोही, महाराजाधिराजस्य एवं श्रंयशो तथा वैश्रवण र कामदोही अंकित मुद्रा साथै पशुपति अभिलेख भएको मुद्रा प्रसारण गरेको देखिन्छ (जोशी, २०३३ : ६४-८४) । वास्तवमा अंशुवर्मा महान व्यक्तित्व थिए । उनी लिच्छवी शासक बस्ने राजप्रसादमा नबसेर छुट्टै दरवार बनाई बसेका थिए । साथै उनको महानताले गर्दा आफ्नो छोरालाई उत्तराधिकारी नबनाएर लिच्छवी राजकुमारलाई नै उत्तराधिकारी बनाए ।

अंशुवर्माको अवसानपछि केही समय उदयदेव राजा भएको थाहा पाइन्छ (वज्राचार्य, २०३० : ३९८) । यही समयदेखि तत्कालीन राजनीतिमा ठूलो परिवर्तन आयो । यसबेला गुप्तवंशीको प्रभाव बढेकाले संयुक्त राजाको पद दिनुपरेको थियो (रेग्मी, २०२६ : ७) । नेपालको इतिहासमा लिच्छवी र गुप्तको शासनलाई पहिलो संयुक्त शासन मानिन्छ । यस समयमा विरोचन गुप्त, रवि गुप्त, अनुपरम गुप्त, भौम गुप्त, जिष्णु गुप्त र विष्णु गुप्त जस्ता शक्तिशाली गुप्तहरु उल्लेखनीय रुपमा देखा पर्दछन् ।

विरोचन गुप्त सर्वप्रथम देखा परेका गुप्तवंशीय व्यक्ति हुन् । वसन्तदेवको संवत् ४२८ को थानकोट अभिलेखमा विशिष्ट दुतकका रुपमा यिनको उल्लेख पाइन्छ । यसपछि वसन्तदेवकै संवत् ४३७ देखि ४४९ सम्मका अभिलेखमा 'सर्वदण्डमहाप्रतिहार' उपाधिका साथ रवि गुप्त देखा पर्दछन् । यस्तै अर्का महत्वपूर्ण व्यक्ति अनुपरम गुप्त हुन् । हाँडीगाउँ सत्यनारायण मन्दिर

अगाडिको गरुडस्तम्भको अभिलेखबाट उनको बारेमा जानकारी पाइन्छ । उक्त अभिलेखमा अन्त्यमा 'अनुपरमले बनाएको भगवान द्वैपायनको स्तोत्र' भन्ने वाक्य परेको छ (वज्राचार्य, २०३० : २६२) । यसपछि पशुपतिको आभिरीको शिवलिङ्ग अभिलेखमा आभिरीका छोरा भनी भौम गुप्तको नाम आउँछ । संवत् ५१२ को शिवदेवको विष्णुपादुका फेदीको अभिलेखमा श्री शब्दको उपाधी सहित भौम गुप्त देखा पर्दछन् । वैष्णव र शैव सम्प्रदायमा टक्कर नहोस् भन्नका लागि यिनले स्वामी नामका एकजना व्यक्तिलाई हरिहरको मूर्ति थाप्ने प्रेरणा दिएका थिए (नेपाल, २०४०: ८०-८१) ।

यसपछिका उल्लेखनीय शासक जिष्णु गुप्त हुन् । अंशुवर्मा पछिका राजा उदयदेवलाई छोरा नरेन्द्रदेव सहित गद्दीच्यूत गरी तिव्वती शरणार्थी तुल्याउने र राजा ध्रुवदेवलाई नाम मात्रको राजा बनाई आफू सर्वेसर्वा भएर शासन गर्ने व्यक्ति जिष्णु गुप्त हुन् । उनको बारेमा जानकारी प्राप्त गर्ने प्रमाणित स्रोतका रुपमा विभिन्न अभिलेख, केही मुद्रा र वंशावली आदि छन् । उनले लिच्छवी राजाले जस्तै स्वतन्त्र टक प्रकाशमा ल्याए । प्रजाहरुमा असन्तुष्टी नफैलियोस् भनेर जिष्णु गुप्तले अंशुवर्माकै नीतिको अनुसरण गरी सामाजिक, आर्थिक तथा सांस्कृतिक कार्यहरु गरी लोकप्रियता हासिल गरेको बुझिन्छ । उनले प्रसारण गरेको टकमा एकातिर श्री जिष्णुगुप्तस्य र अर्कोतिर घोडा र बज्रको चित्र अंकित छ (जोशी, २०३३ : ९५-९६)। धर्मसँग सम्बन्धित विभिन्न क्रियाकलापको आधारमा उनलाई वैष्णव धर्मका अनुयायी मान्न सकिन्छ । साथै शैव धर्ममा पनि आस्था राखेको पाइन्छ । नेपालमा पहिलो पाशुपत सम्प्रदायको उल्लेख यिनैको अभिलेखमा पाइएको छ (वज्राचार्य, २०३०: ४२७) । उनीपछि विष्णु गुप्तको अभिलेख पाइन्छ । उनका विभिन्न उपलब्धीहरुमा हाल बुढानिलकण्ठमा रहेको जलाशयन नारायणको मूर्ति महत्वपूर्ण मानिन्छ । यंगालहिटी अभिलेखमा उक्त मूर्ति निर्माण गर्न लायकको ढुंगा तानेर ल्याएको हुनाले खुशी भएर दक्षिणकोलीयग्रामका बासिन्दालाई केही सुविधा दिएको भन्ने उल्लेख छ (वज्राचार्य, उही : ४४४-४४६) । यस्तै अन्य विभिन्न उपलब्धीहरुको बारेमा उनको अभिलेख अध्ययन गरेको खण्डमा बुझ्न सकिन्छ ।

यसरी अंशुवर्मा पछि लिच्छवी शासनमा सर्वेसर्वा भएर कार्य गर्ने गुप्तहरुको प्रभाव विष्णु गुप्तको समयदेखि समाप्त भयो । यसको श्रेय नरेन्द्र देवलाई दिइएको छ । तर नरेन्द्र देवकै संवत् ९० को वलम्बुको अभिलेखमा 'दूतकश्चात्र रुद्रचन्द्रगोमिति' अर्थात दूतक रुद्रचन्द्र गोमी भन्ने उल्लेख आएको छ (वज्राचार्य, उही : ४९२-४९३) । यसबाट नरेन्द्र देवको समयदेखि गुप्तहरु नष्ट भए भन्न सकिदैन । त्यसैले नरेन्द्रदेव पछि राजनैतिक क्रियाकलापमा गुप्तहरुले पहिले जस्तो सक्रियता नपाएता पनि कसैकसैले विश्वास पात्रको रुपमा कार्य गरेको बुझ्न

सकिन्छ । जे होस् नरेन्द्र देवले लिच्छवीवंशको पूर्नउद्धार गरेर राजनीतिमा सक्रिय भएको पाइन्छ ।

यसपछि गुप्तहरुसँगको संयुक्त शासनबाट छुट्कारा पाई लिच्छविहरुले मात्र एकलौटी शासन गर्न थाले । यही कार्यको उपहारस्वरुप लिच्छवी इतिहासमा नरेन्द्रदेवको नाम गौरवपूर्वक लेखिन्छ । अभिलेख अनुसार उनले महाराजधिराज, भट्टारक महाराजधिराज, परमभट्टारक महाराजधिराज, भगवतपशुपतिभट्टारकपादानुगृहीत जस्ता उपाधी लिएका थिए । कलाकृतिमा पनि उनको रुची भएको कुरा आफ्नो लागि भद्राधिवास नामको राजप्रासाद बनाउन लगाएको उल्लेखबाट पाइन्छ (वज्राचार्य, उही : ४९१) । यसैगरी छिमेकी राष्ट्रहरुसँग पनि यिनको सम्बन्ध राम्रो थियो । विशेषतः तिव्वतसँग यिनको घनिष्ट सम्बन्ध रहेको पाइन्छ (रेग्मी, २०५३ : १७४) । यिनी पाशुपत धर्मका अनुयायी थिए । ‘भगवनपशुपतिभट्टारकपादानुगृहीत’ उपाधि लिगे तापनि अरु धर्मलाई पनि समान दृष्टिले हेर्दथे । यिनको शिलालेखमा बौद्ध धर्मका प्रतीकका रुपमा धर्मचक्रलाई लिइएको छ । व्यापारीहरुद्वारा जनता नठगिउन् भनेर ढक तराजुको जाँच गर्ने र तल माथि परे दण्ड गर्ने विधान नरेन्द्र देवले चलाएको देखिन्छ (वज्राचार्य, २०३० : ५०५) ।

नरेन्द्रदेवपछि उनका छोरा शिवदेव द्वितीय राजा भए । यिनका ७ वटा शिलालेख पाइएको छ । उनीपछि उनका छोरा जयदेव द्वितीय राजा भए । यिनको एउटा अभिलेखमा संवत् १५७ लेखिएको छ । उनलाई महत्वपूर्ण राजाको रुपमा स्थापित गराउने संवत् १५७ को पशुपति अभिलेख नै हो । यसले लिच्छवी वंशावली र ऐतिहासिक महत्वका धेरै तथ्यहरु स्पष्ट पार्ने काम गरेको छ । जसमा ३५ श्लोकहरु संस्कृत भाषामा कुँदिएका छन् । यस मध्ये २१औं, २८औं र ३०औं श्लोक ‘राज्ञ’ (राजाले रचेको) भनिएको छ । यसबाट उनको विद्वताको मूल्याङ्कन गर्न सकिन्छ । यही अभिलेखको आधारमा जयदेवको चरित्र साथै लिच्छवी वंशावली एवं ऐतिहासिक महत्वका धेरै कुरा बुझ्न सकिन्छ (वज्राचार्य, उही : ५५२-५६२) ।

जयदेव पछिका राजाहरुको राज्यक्रम जोड्न कठिन छ तर केही राजाहरुको उल्लेख भने पाइन्छ । जयदेवका सुरुदेखिकै अभिलेखमा दुतकको रुपमा विजयदेवको उल्लेख पाइन्छ । यसले गर्दा जयदेव पछि विजयदेव राजा भएको बुझिन्छ तर उनी राजा भएको र उनले जारी गरेका अभिलेख, मुद्रा केही पाइएको छैन । अतः उनी राजा भए भएनन् भनी निश्चित भन्न सकिदैन ।

पाटन यङ्गबहालको अवलोकितेश्वरको पादपिठमा कुँदिएको संवत् १८० को अभिलेखमा ‘मानदेवको राज्यमा’ भन्ने उल्लेख भएको छ (वज्राचार्य, उही : ५९१) । यसप्रकार मानदेवले

शासन गरेको बुझिन्छ । यसरी जयदेव पछिका राजाहरुको खासै पूर्णरुपले जानकारी पाउन सकिएको छैन ।

वास्तवमा जुन शासनव्यवस्था लामो समयसम्म चल्दै जान्छ त्यसमा केही कमी कमजोरी पनि देखा पर्न थाल्छ र व्यवस्थित रुपमा संचालन हुन सक्दैन । फलस्वरुप नयाँ प्रणालीको विकास हुन पुग्छ । लिच्छविकालको अन्त्यतिर पनि राजाप्रति जनताहरु रुष्ट हुन पुगे र नयाँ प्रणालीको सुरुवात भएको हुन सक्छ । तर यति लामो समय राज्य गर्ने लिच्छविहरुको कहिले र कसरी अन्त्य भयो निश्चित रुपले भन्न सकिदैन ।

समग्रमा भन्ने हो भने लिच्छविहरुले भाषा, लिपी, साहित्य, धर्म, संस्कृति, राजनीति जस्ता हरेक क्षेत्रमा महत्वपूर्ण योगदान दिएका थिए । कला वास्तुकलाको क्षेत्रमा पनि लिच्छविहरुको योगदान अविष्मरणीय छ ।

वास्वतमा उनीहरुले नेपाली संस्कृतिको जग बसाल्ने कार्य गरे । साथै विनिमयको सहज माध्यम मानिने मुद्रा निर्माण प्रक्रियाको प्रमाणित रुपमा सुरुवात गरे जसको प्रमाणित रुप अहिले पनि देख्न पाइन्छ ।

### ३.१.२ लिच्छवी मुद्राहरुको अध्ययन

कानूनी मान्यता प्राप्त विनिमयको साधनलाई मुद्रा भनिन्छ । यसले मानव सभ्यताको विकासको एक महत्वपूर्ण चरणको प्रमाण प्रस्तुत गर्दछ । साथै विनिमय माध्यमलाई सहज बनाउँछ । भारतवर्षमा प्रारम्भमा वस्तु विनिमय, त्यसपछि वस्तु मुद्रा र अन्त्यमा मुद्राको सुरुवात भएको पाइन्छ । सातौ. आठौं शताब्दीपछि मात्र पञ्चमार्क मुद्रा प्रचलनमा ल्याएको देखिन्छ । लुम्बिनी, कपिलवस्तु र काठमाडौंको उत्खनन्मा समेत पञ्चमार्क मुद्रा पाइएकोले नेपालमा पनि प्रारम्भमा तिनै मुद्राहरु नै विनिमयको माध्यमको रुपमा प्रयोग गरिएको मान्न सकिन्छ । यस्तैगरी कुषाणकालीन मुद्राहरुको प्राप्तिले ईसाको प्रारम्भिक शताब्दीतिर नेपालको कुषाणकालीन भारतसित सम्बन्ध रहेको देखिन्छ । काठमाडौंमा प्राप्त विमकदफिसेस र कनिष्कका मुद्राले यो कुरा प्रष्ट हुन्छ (Walsh, 1973 : 9) । तर यिनलाई नेपालको प्राचीन मुद्रा मान्न सकिदैन, जुन मुद्रा व्यापारको सिलसिलामा भित्रिएको हुन सक्छ । वाल्सले कुषाणमुद्राहरु नेपालमा प्राप्त हुनुको मुख्य कारण व्यापारिक आदान प्रदान र तीर्थयात्रीहरुको आवत-जावतले हुनुपर्छ भन्ने राय प्रस्तुत गरेका छन् (Ibid, 9) । नेपालको वैदेशिक सम्बन्ध बारे विभिन्न साहित्यिक स्रोतले वर्णन गरेका छन् । मुलसर्वास्तीवाद विनय संग्रह, वंशावली, स्वेताम्बर

सम्प्रदायका जैन ग्रन्थहरु आदिले भ्रमण तथा व्यापारको उल्लेख गरेका छन् (प्रधानाङ्ग, एम.ए. शोधपत्र २०५६: २३) ।

भारत र नेपाल हिन्दु राज्य भएकोले प्राचीनकालदेखि नै व्यापारिक सम्बन्ध रहेको देखिन्छ । इ.पू. चौथो शताब्दीतिरको मानिने कौटिल्यको अर्थशास्त्रमा नेपाल र पाटलीपुत्र बीच व्यापार चल्दथ्यो भन्ने कुरा उल्लेख गरिएको छ । यसमा उल्लेखित हैमवत र उत्तरापंथ व्यापारमार्गले नेपाल पनि यसमा समावेश भएको मानिन्छ (रेग्मी, २०२६:१८०) । प्राचीन भारतसँग नेपालको व्यापारिक सम्बन्ध भए जस्तै भारतबाट नेपाल हुँदै चीन जाने गरेका धर्मगुरुको वर्णनले तत्कालीन समयमा नेपाल-चीन सम्बन्ध पनि रहेको थाहा हुन्छ (नेपाल, १९८०: १६) ।

यसरी विभिन्न साहित्यिक स्रोतको आधारमा मानदेवपूर्वको विनिमय तथा वाणिज्य व्यापारको बारेमा जानकारी पाउन सकिन्छ । तर ईसाको पाँचौं शताब्दी अर्थात राजा मानदेव प्रथमदेखि मात्र सिलसिलेवार रुपमा अभिलेख तथा मुद्राहरु प्राप्त भएका छन् । त्यसैले हालसम्म प्राप्त जानकारी अनुसार व्यापार विनिमयमा सहजताको लागि मुद्राहरु प्रसारण गर्ने पहिलो लिच्छवी शासक मानदेव थिए । उनको मुद्रामा 'मानाङ्क' अकित भएबाट उनले स्वाधिनतापूर्वक राज्य गरेको प्रमाणित हुन्छ (जोशी, २०४२ : ५२) । गोपाल, महिषपाल, किराँतहरुले शासन गरेको कुरा इतिहासले वर्णन गरेता पनि तत्कालीन समयका मुद्रा प्राप्त भएको छैन । तर पनि उनीहरुले मुद्राको प्रचलन गरेका थिएनन् भन्न चाहीं मिल्दैन । किनकी अन्य विविध क्षेत्रमा विकास गर्ने किराँतहरुले पक्कै पनि विनिमयको लागि मुद्राको प्रयोग गर्दथे होला तर प्रमाण भने पाइएको छैन । नेपाली मुद्राको विकासमा सुरुमा दुईवटा भटमासलाई कपडाले बेरी मुद्राको रुपमा प्रयोग गरेका थिए भन्ने कथन पाइन्छ । त्यस्तै छाला, माटोको मुद्रा पनि समय समयमा निर्माण तथा प्रयोग गर्दथे (जोशी, २०२६: ३) ।

नेपाली इतिहास तथा संस्कृतिको अध्ययनमा महत्वपूर्ण स्थान ओगट्न सफल मौद्रिक एकाईको वर्णन लिच्छविकालीन अभिलेखमा पाइन्छ । लिच्छविकालीन शासकहरुले सांकेतिक रुपमा आफ्नो नाम र धार्मिक भावनाबाट अभिप्रेरित भएर आफ्नो आस्था अनुरुपका देवीदेवता तथा उनीहरुका आयुध वहान आदि अंकित गरी मुद्रा निर्माण गरेका छन् । मिति तथा स्पष्ट नाम उल्लेख नगरिएकोले तत्कालीन मुद्राहरु कुन समयमा कसले निष्काशन गरेको भनी प्रमाणित गर्न कठिनाई भएको देखिन्छ । अभिलेखमा भएका लिपि तथा मुद्रामा अंकित लिपि

चिन्ह वा राजाको नामको संकेत दिने शब्द प्रयोग गरिएकोले केही हदसम्म जानकारी प्राप्त गर्न सकिन्छ ।

### ३.१.२.१मानाङ्क

क्रमिकरुपमा वस्तु विनिमयबाट सुरु भएको मौद्रिक प्रणालीमा धातु, कौडी, गहना, दासलाई विनिमयको साधन बनाउने प्रचलन हट्दै गयो र सरकारको तर्फबाट कुनै चिन्ह अंकित गराएर मुद्रा प्रचलनमा ल्याउने क्रम चल्यो । यही क्रम वर्तमानसम्म विकसित रुपमा देखा परेको पाइन्छ । यसको श्रेय लिच्छवी राजा मानदेवलाई जान्छ । इ.एच. वाल्स, डिल्लीरमण रेग्मी, जगदिशचन्द्र रेग्मी, सत्यमोहन जोशी, हरिराम जोशी, रमेश ढुङ्गेल आदिले 'मानाङ्क' मुद्रालाई सर्वप्राचीन मुद्रा मानेका छन् । प्रो. वेण्डालले यसलाई अंशुवर्माको मुद्रा मानेका छन् ( Walsh, 1973: 10-11) । तर प्रायः विद्वानहरुले यस रायलाई स्वीकार गरेका छैनन् । यस्तैगरी N.G. Rhodes, K. Gabrisch र C. Valdettaro आदिले मानाङ्क मुद्रालाई शिवदेव र अंशुवर्माको शासनकालमा शिवदेवको पुर्खा मानदेव प्रथम र रानी श्री भोगिनीको सम्मानमा मुद्रा चलाएको मानेका छन् (Rhodes, 1989 : 30) । तर शिवदेवको सहयोगबाट अंशुवर्माले राजनैतिक इतिहासमा आफूलाई उच्च स्थानमा पुऱ्याउन सफल भएका छन् । कतिपय अभिलेखहरु शिवदेवसँग सँगै अंशुवर्माको नाम उल्लेख गरी राखिएको छ । त्यसैले यस्तो अवस्थामा मुद्रामा शिवदेवको नाम नराखी मानदेव र भोगिनीको नाममा मुद्रा प्रसारण गरे भन्ने कुरा उचित लाग्दैन । मानाङ्क मुद्रामा स्पष्ट रुपमा मानदेव भनी उल्लेख नगरिएता पनि पृष्ठ भागमा श्री भोगिनी अभिलेख रहनु र उनकै छोरी विजयवतिको सूर्यघाट अभिलेखमा (संवत् ४२७) भोगिनी मानदेवकी वडामहारानी भएको उल्लेख गर्नुले मानाङ्क मुद्रा मानदेवको हो भनी प्रमाणित भएको छ । यसका अतिरिक्त यस मुद्रामा उत्कीर्ण लिपिको आधारमा पनि उक्त तथ्यको प्रमाणित हुन्छ (जोशी, २०३१ : ३२-३७) ।

यस मुद्रामा अंकित मानाङ्क शब्दले पराक्रम बुझाउँछ । उनले आफ्नो मुद्रामा नाम अंकित गराउनको सट्टा उपाधिसूचक श्रीमानाङ्क अभिलेख उत्कीर्ण गराउन लगाएको हो ( ऐजन) । उनले आफ्नो पराक्रमले पूर्व पश्चिम विजय गरेको कुरा चाँगुको संवत् ३८६ को अभिलेखबाट थाहा हुन्छ । मानदेवले आफ्नो मुद्रामा किन मानाङ्क शब्द उल्लेख गरे भन्ने सन्दर्भमा समुद्र गुप्तको अभिलेखमा पराक्रमाङ्क तथा चन्द्र गुप्त द्वितीयका अभिलेखमा विक्रमाङ्क जस्तै आफ्नो मुद्रामा मानाङ्क अंकित गराएको हुन सक्छ (जोशी, २०४२: ५२) । चन्द्र गुप्त द्वितीयको मुद्रामा अंक शब्द राजाको उपाधीसँग मिलाएर राखिएको छ । मानाङ्क मुद्रामा चाँही राजाको नामैमा अंक जोडिएको छ । त्यसैले यी दुईको तुलना गर्न सकिदैन भन्ने राय

जगदिशचन्द्र रेग्मीको रहेको छ (रेग्मी, २०२६: १६१) । मानदेवको नामबाट नै मानाङ्क मुद्राको नाम रहेको हो, मानदेवभन्दा पहिले नाम अंकित मुद्रा चलनमा नभएकोले उनले नेपालमा पहिलोपल्ट नाम राखेर मुद्रा प्रसारण गरेको हुँदा 'मानाङ्क' अभिलेख उत्कीर्ण गरेको हो भन्ने तर्क रेग्मीको देखिन्छ (रेग्मी, उही : १६१)। यस्तैगरी आफ्नो पराक्रमद्वारा साम्राज्यलाई सुस्थिर एवं सुदृढ गराउन सकेको हुँदा यिनले आफ्नो मुद्रामा आफ्नो नाम उत्कीर्ण नगरी पराक्रम सूचक मान शब्दको अंकनद्वारा शत्रुका हृदयमा भय, आतंक तथा प्रभाव स्थापना गरेको हुनु धेरै सम्भव छ (जोशी, २०३१ : ३२) ।

श्रीमानाङ्क मुद्राको अग्र मागमा सिंहको आकृति छ । सिंह देवीको वाहन हो । जसको आधारमा मानदेवलाई शक्तिपुजक रहेको अनुमान गरेका छन् (जोशी, २०४२: ७६) । डि.आर. रेग्मीको विचार पनि यस्तै देखिन्छ (रेग्मी, १९६० : ९१) । तर भोगिनीलाई देवी मान्ने आधार विजयवतिको अभिलेखले हटाईदिएपछि मानाङ्क मुद्रामा रहेको सिंहलाई देवीको वाहन भनेर मुद्रामा स्थान दिएको कुरा उचित जस्तो लाग्दैन ।बरु अभिलेख तथा मूर्तिको आधारमा केही अपवाद बाहेक मानदेवले वैष्णव देवताकै प्रतिष्ठापन गरेको बुझ्न सकिन्छ । पूर्व पश्चिम विजय अभियानबाट फर्केर आइ उनले चाँगुनारायणमा विष्णुको स्तुतिसाथ राखेको संवत ३८६ को विजय स्तम्भमा पराक्रम र शक्तिवर्द्धकता जनाउने सुन्दर रचना अंकित गरिएको छ । जगर फिंजाएको सिंह जस्तै निडर भनी उल्लेख गरिएको छ । यस्तै गरी विष्णुले सुरको रक्षार्थ असुरको संहार गरेको उपाख्यानमा आधारित त्रिविक्रम वामनका मूर्तिहरु संवत् ३८९ मा पशुपति तिलगंगा र लाजिम्पाटमा स्थापना गरेका छन् । ऋग्वेदमा पराक्रमको सूचकको रुपमा उदाहरण दिंदा सिंहलाई दिने चलन देखिएकोले मानदेवले पनि पराक्रम सूचक सिंह अंकित गराएको हुनुपर्छ (जोशी, २०३१ : ३३) । यही तर्कलाई रमेश ढुङ्गेलले पनि स्वीकार गरेका छन् ( ढुङ्गेल, २०४३: ७८) । मानाङ्कमा सिंह राख्नाको कारण लिच्छवी राजाहरुको राजकीय चिन्ह हुन सक्छ (रेग्मी, २०२६ : १६९) भनी जगदिशचन्द्र रेग्मीले आफ्नो राय प्रस्तुत गरेका छन् । वास्तवमा सिंहलाई शक्तिशाली र पराक्रमको सूचक मानिन्छ । त्यसैले उनले पनि आफ्नो शक्ति र पराक्रमले पूर्व पश्चिम विजय गर्न सफल भएको हुँदा आफूलाई पराक्रमी बुझाउन सिंहको आकृति अंकित गरिएको हुनुपर्छ ।

यस्तैगरी प्रस्तुत मुद्राको पृष्ठ भागमा रहेको भोगिनी अभिलेख र पद्मासनमा अवस्थित स्त्री मूर्तिको आकृति सम्बन्धमा पनि विवाद पाइन्छ । संवत् ४२७ को विजयवतीको सूर्यघाट अभिलेखमा 'श्रीभोगिनीति कथितास्यबभूव देवी' भन्ने उल्लेखबाट 'श्री भोगिनी' मानदेवकै वडामहारानी रहिछन् भन्ने कुरा सिद्ध भएको छ (वज्राचार्य, २०३० : ८५) । साथै श्रीमानाङ्क मुद्रा

मानदेवको भन्ने तथ्य पनि प्रमाणित भएको पाइन्छ । विभिन्न विद्वानहरुले भोगिनी सम्बन्धमा विविध अर्थ लगाएता पनि यस अभिलेखले सबैको भ्रम हटाइ दिएको छ । भोगिनीबाहेक मानदेवका क्षेमसुन्दरी र गुणवती भन्ने अरु दुई रानीको पनि उल्लेख पाइएको छ । गुणवतीले संवत् ४१९ मा र क्षेमसुन्दरीले ३९० मा स्थापना गरेको शिवलिङ्ग अभिलेखमा मानदेवकी पत्नी भनी सम्बन्ध उल्लेख गरेका छन् । आफ्नो नाममा श्री तथा देवी जोडेका छैनन् । यसबाट मुख्य महारानीको लागि श्री तथा देवी पद्वी अंकित गरिन्थ्यो भन्ने बुझ्न सकिन्छ (वज्राचार्य, उही : ८५) । अरु रानी जस्तो भोगिनी शिक्षित नभएको हुँदा उनको नाउँको अमरत्वको लागि मानदेवले मुद्रामा अंकित गराएका हुन् (जोशी, २०३१ : ३४) । मानाङ्क मुद्रामा अभिलेख भोगिनी र मूर्ति कमलमा बसेकी देवीको अंकित गराएका छन् । यस मूर्तिको बारेमा पनि मतभेद देखिन्छ । प्रायः सबै विद्वानहरुले यसलाई देवी मानेका छन् । अंशुमद्भेदागम, रुपमण्डन, विष्णुधर्मोत्तर, शिल्परत्न आदि ग्रन्थहरुमा वर्णित लक्ष्मी प्रतिमा लक्षण अनुसार लक्ष्मी अष्टपत्रदलयुक्त पद्मासनमा अवस्थित हुनाका साथै हातले कमल समातेको हुन्छ (जोशी, २०३१ : ३५) । प्रस्तुत मुद्रामा रहेको मूर्तिको हातमा पनि कमल लिएको देखिन्छ । त्यसैले उक्त आकृति लक्ष्मीकै हो भन्न सकिन्छ । वास्तवमा उनी वैष्णव धर्मका अनुयायी थिए भन्ने कुरा स्पष्ट रुपमा बुझ्न सकिन्छ । त्यसैले आफ्नो मुद्रामा लक्ष्मीको आकृति अंकित गरे भन्ने कुरा औचित्ययुक्त लाग्दछ ।

लिच्छविकालीन मुद्रामा तिथिमिति अंकित गरिएको छैन । राजा मानदेवले आफ्नो मुद्रा कहिले प्रचलनमा ल्याए भन्ने पनि अध्ययनकै विषय बनेको छ । उनको शिलालेखको आधारमा उनले आमाप्रति सम्मान प्रकट गरेको देखिन्छ । तर उनले आमाको नाममा नभई रानीको नाममा मुद्रा प्रसारण गरेबाट यो मुद्राको समय राज्यवतीको अन्त्य भएपछिको मान्न सकिन्छ । यदि आमा भएको भए पहिलो प्राथमिकता उनैलाई दिन्थे होला । हरिराम जोशीले भोगिनीसँग भएको विवाहको संस्मरणमा यो मुद्रा प्रसारित गरेको अनुमान गरेका छन् (जोशी, २०३३ : २२) । जगदिशचन्द्र रेग्मीले पलान्चोकको विजयस्वामिनिको अभिलेखको आधारमा संवत् ४२५ तिर मुद्रा प्रसारण गरेको मानेका छन् (रेग्मी, २०२६ : १६७) । यस अभिलेखमा मानदेवलाई भट्टारक महाराज, सम्राट पनि भनिएको हुँदा उनको प्रभाव बढी भएको देखिन्छ र मुद्रा पनि त्यसै समयमा प्रसारित गरेको मान्नु भएको छ । यस्तैगरी संवत् ४२७ को विजयवतीको अभिलेखमा आफू मानदेवकी विवाहिता छोरी भन्ने उल्लेख भएबाट र संवत् ४०२ को टेवहालको अभिलेखमा व्यापार र व्यापारीको विषयमा चर्चा परेबाट व्यापार वाणिज्य चलाउनको लागि मुद्रा प्रसारण त्यसै समयतिर भैसकेको हुनुपर्छ भन्ने हरिराम जोशीको रायलाई ढुङ्गेलले पनि समर्थन जनाएका छन् (ढुङ्गेल, २०४३ : ८१) ।

राजा मानदेवले चलाएका मुद्रामा राजाको स्पष्ट नाम उल्लेख नगरी रानीको नाम मात्र अंकित गरिएको छ । तर आफ्नो पराक्रमले साम्राज्य लक्ष्मीलाई रक्षा गर्न सफल भएको कुरा प्रतिकात्मक रुपमा सिंहको आकृति उत्कीर्ण छ । त्यस सिंहले कुनै मुद्रामा कमलपुष्प समातेको, कुनैमा राष्ट्रध्वजलाई अभिवादन गरेको दर्शाइएको छ । पराक्रमको प्रतीक सिंहले राष्ट्रध्वजको अभिवादन गरेको तथा कमलपुष्प समातेको देखाइएबाट त्यो सिंहाकृति तत्कालीन राष्ट्रिय चिन्हको रुपमा रहेको थियो भन्ने अनुमान गर्न सकिन्छ ।

सबै मानाङ्क मुद्राहरु एकै प्रकारका झैं देखिएता पनि मुद्राको नाप तौलमा फरक पाइन्छ । साथै मुद्रामा अंकित सिंहको अवस्था पनि भिन्न भिन्न देखिन्छ । त्यसैले यी मुद्राहरुलाई निश्चित रुपमा यति नै प्रकारका छन् भन्न सकिएको छैन । सबै विद्वानहरुले आ-आफ्नै धारणा प्रस्तुत गरेका छन् ।

१. अग्र भाग : बिन्दुयुक्त घेराको बीचमा बायाँ फर्केर उभिराखेको सिंहको आकृति उत्कीर्ण गरिएको छ । उक्त सिंहले अगाडिको दायाँ खुट्टा उचाली कमल पुष्प समातिराखेको छ । सिंहको आकृतिको माथितिर श्रीमानाङ्क अभिलेख लिच्छवि लिपिमा अंकित गरिएको छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराको बीचमा फक्रेको कमलपुष्प माथि पद्मासनमा अवस्थित लक्ष्मीको आकृति उत्कीर्ण गरिएको छ । कानमा गहना अथवा शीरमा फूल लगाइराखेकी सो लक्ष्मीले बायाँ हात कम्मरमा अड्याई दायाँ हात केही उठाई फूल समाती राखेकी छिन् । लक्ष्मीको आकृतिको बायाँतिर लिच्छवि लिपिमा श्री भोगिनी अभिलेख माथिबाट तलतिर गोल ढाँचामा उत्कीर्ण छ ।

| | |
|---|---|
| तौल ११.५७० ग्राम | लिपि : लिच्छवि |
| नाप : २.५५ से.मी. | समय : पाँचौं शताब्दी |
| धातु : तामा | श्रोत : राष्ट्रिय मुद्रा संग्रहालय |

२.अग्र भाग : बिन्दुयुक्त घेराको बीचमा बायाँ फर्केर उभिराखेको सिंहको आकृति उत्कीर्ण छ । सो सिंहको माथि श्रीमानाङ्क अभिलेख लिच्छवि लिपिमा कुँदिएको छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराको बीचमा लामो डाँठयुक्त खिलेको कमलमा बसेकी लक्ष्मीको आकृति उत्कीर्ण छ । बायाँ हात कम्मरमा राखी पद्मासनमा अवस्थित सो लक्ष्मी कानमा गहना र शीरमा करण्डमुकुट लगाएकी छिन् । उक्त आकृतिको बायाँतिर श्रीभोगिनी अभिलेख लिच्छवि लिपिमा माथिबाट तलतिर गोल ढाँचामा उत्कीर्ण छ ।

तौल : ११.००७ ग्राम लिपि : लिच्छवि

नाप : २.४५ से.मी. समय : पाँचौं शताब्दी

धातु : तामा श्रोत : राष्ट्रिय मुद्रा संग्रहालय

३. अग्र भाग : बिन्दुयुक्त घेराको बीचमा बायाँ फर्केर उभिराखेको सिंहको आकृति उत्कीर्ण गरिएको छ । सिंहको अगाडिको दायाँ खुट्टा उचाली एक पताकायुक्त ध्वजको अभिवादन गरेको छ । सिंह आकृतिको माथि श्रीमानाङ्क अभिलेख लिच्छवि लिपिमा कुँदिएको छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराको बीचमा खिलेको कमलमा बसेकी लक्ष्मीको आकृति उत्कीर्ण छ । बायाँ हात कम्मरमा अड्याई दायाँ हात केही उठाएर पद्मासनमा अवस्थित सो लक्ष्मी शीरमा फूल लगाइराखेकी छिन् । लक्ष्मीको बायाँतिर लिच्छवि लिपिमा श्रीभोगिनी अभिलेख माथिबाट तलतिर गोल ढाँचामा उत्कीर्ण छ ।

तौल : १४.४६३ ग्राम लिपि : लिच्छवी

नाप : २.५६ से.मी. समय : पाँचौं शताब्दी

धातु : तामा श्रोत : राष्ट्रिय मुद्रा संग्रहालय

४. अग्र भाग : बायाँ फर्केर उभिराखेको सिंहको आकृति उत्कीर्ण छ । सो सिंहको माथि सोभ्रो आकारमा श्रीमानाङ्क अभिलेख लिच्छवी लिपिमा कुँदिएको छ ।

पृष्ठ भाग : बायाँ हात कम्मरमा अड्याई दायाँ हात केही उठाएर खिलेको कमलमा बसेकी लक्ष्मीको आकृति उत्कीर्ण छ । उक्त आकृतिको बायाँतिर श्रीभोगिनी अभिलेख लिच्छवि लिपिमा गोलढाँचामा उत्कीर्ण गरिएको छ ।

तौल : १३.०५६ ग्राम लिपि : लिच्छवि

नाप : २.६८ से.मी. समय : पाँचौं शताब्दी

धातु : तामा श्रोत : राष्ट्रिय मुद्रा संग्रहालय

५. अग्र भाग : बायाँ फर्केर अगाडिको दायाँ खुट्टा केही माथि उठाई उभिराखेको सिंहको आकृति छ। सो सिंहको ठकि माथि गोल ढाँचामा लिच्छवि लिपिमा श्रीमानाङ्क अभिलेख कुँदिएको छ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराभित्र कमलमाथि बसेकी करण्डमुकुट लाएकी लक्ष्मीको आकृति छ। बायाँ हात जाँघमा अड्याएकी सो लक्ष्मीको दायाँ हात अभय मुद्रामा छ। यस हातको पाँच औलाहरुसित जोडेर नफर्केको कमल कुँदिएको छ। लक्ष्मीको बायाँतिर सोझो लाइनमा माथिबाट तलतिर फर्काइ श्रीभोगिनी लिच्छवि लिपिमा उत्कीर्ण गरिएको छ।

तौल : १०.२९५ ग्राम लिपि : लिच्छवि
नाप : २.७५ से.मी. समय : पाँचौं शताब्दी
धातु : तामा श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

यस्तै अर्को मुद्राको अग्र भाग र पृष्ठ भागमा किसिम नं. ५ को जस्तै छ। यसको तौल : १२.०४० ग्राम, नाप : २.८ से.मी. छ।

६. अग्र भाग : अगाडिको दायाँ खुट्टा केही माथि उठाइराखेको सिंहको आकृति उत्कीर्ण छ। सो सिंहको ठीक पछाडितिर सोझो एक लाइनमा माथिबाट तलतिर ६ ओटा बिन्दुहरु छन्। सिंह आकृतिको ठीक माथि गोल ढाँचामा लिच्छवि लिपिमा श्रीमानाङ्क अभिलेख कुँदिएको छ।

पृष्ठ भाग : बिन्दुयुक्त अर्धघेराको माथितिर कमल पुष्पमा पद्मासनमा अवस्थित लक्ष्मीको आकृति उत्कीर्ण छ। सो लक्ष्मीले बायाँ हात कम्मरमा अड्याई अभयमुद्रायुक्त दायाँ हात केही माथि उठाई राखेकी छिन्। लक्ष्मी आकृतिको बायाँतिर लिच्छवी लिपीमा 'श्रीभोगिनी' अभिलेख माथिबाट तलतिर गोल ढाँचामा उत्कीर्ण छ।

यसमा राजसत्ताको प्रतीक स्वरुप रहेको सिंहाकृतिको पछाडि ६ ओटा बिन्दुहरु राखिएबाट राजसत्ता सही अर्थमा षड्गुण (सन्धि, विग्रह, आसन, यान, द्वैध तथा आश्रय) मा आश्रित रहेको कुरातिर लक्ष्य गरेको छ।

तौल : ? धातु : तामा

नाप : ?　　　　　　　　　लिपि : लिच्छवि

समय : पाँचौं शताब्दी　　　　श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

७. अग्र भाग : बिन्दुयुक्त सानो घेराभित्र अगाडिको दायाँ खुट्टा केही माथि उठाइराखेको सिंहको आकृति उत्कीर्ण छ । सो सिंहको ठीक माथि लिच्छवि लिपिमा 'श्रीमानाङ्क' अभिलेख गोल ढाँचामा कुँदिएको छ ।

पृष्ठ भाग : बिन्दुयुक्त अर्ध घेराभित्र फर्केको कमलमाथि पद्मासनमा अवस्थित मुकुट एवं कर्णाभरण लाएकी लक्ष्मीको आकृति उत्कीर्ण छ । सो लक्ष्मीले बायाँ हात कम्मरमा अड्याई विस्मय मुद्रायुक्त चुरा लगाइराखेको दायाँ हात केही माथि उठाइराखेकी छिन् । लक्ष्मीको शीरको दायाँबायाँ कमलको प्रतीक स्वरुप दुईवटा बिन्दुहरु उत्कीर्ण छन् । लक्ष्मीको बायाँतिर लिच्छवि लिपिमा 'श्री भोगिनी' अभिलेख गोल ढाँचामा कुँदिएको छ ।

तौल : उल्लेख नभएको　　　लिपि : लिच्छवि

नाप : उल्लेख नभएको　　　धातु : तामा

समय : पाँचौं शताब्दी　　　　श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

यस्तैगरी श्रीमानाङ्क नभई तामा तथा फलाम मिश्रित मानाङ्क मात्र अंकित मुद्रा सुवर्णमान जोशीको संग्रहमा रहेको छ(जोशी, गोरखापत्र, २०६१: १९ गते) । यो नेपालको सबैभन्दा पुरानो मुद्रा हो । अन्य ठाउँमा यो मुद्राको उल्लेख पाइएको छैन । यसको तौल १२.४७ ग्राम रहेको छ, नाप : २.५ से.मी. छ ।

अग्रभागमा मानाङ्क अभिलेख, तेस्रो पारी घुमाउरो रुपमा 'ङ्क', सिंहको पुच्छरभन्दा तल फिलासम्म पुगेको छ । लिच्छवि लिपिमा मानाङ्क अभिलेख अंकित यस मुद्रामा १८ वटा बिन्दु छन् (जोशी, गोरखापत्र, उही : १९ गते) । अग्र भागको सिंहको आकृति अलि बिग्रेको छ ।

पृष्ठभागमा माथिबाट तलतिर अलि घुमाउरो रुपमा श्रीभोगिनी अभिलेख अंकित छ । लक्ष्मीको दायाँ हात अभय मुद्रामा र बायाँ हात काखमा राखी बसेको देखिन्छ । मानाङ्क मात्र अंकित मुद्ा कम र श्रीमानाङ्क अंकित मुद्रा बढी पाइनुले मानाङ्क मुद्रा सुरुमा कम मात्रामा प्रसारण गरेको हुन सक्छ र पछि श्री थपी अन्य मुद्रा प्रसारण गरिएको अनुमान गर्न सकिन्छ ।

यस्तै अर्को एक किसिमको मानाङ्क मुद्राको अग्र भागमा २३ वटा बिन्दुयुक्त घेरा भित्र सिंहको आकृति उत्कीर्ण छ । सिंहको नाकको अगाडिदेखि पुच्छरसम्म पुग्नेगरी श्रीमानाङ्क अभिलेख लिच्छवि लिपिमा अंकित छ । कलात्मकताको दृष्टिले उत्कृष्ट यो मुद्राको पृष्ठभागमा २२ वटा बिन्दुयुक्त घेराभित्र पद्मासनमा अवस्थित देवी छन् । लक्ष्मीले बायाँ हात कम्मरमा अड्याई दायाँ हात केही माथि उठाएर कमल पुष्प समाती राखेकी छिन्. । श्रीभोगिनी अभिलेख लक्ष्मीको शीरको ठीक माथिबाट गोल ढाँचामा तलतिर उत्कीर्ण गरिएको छ । यसको तौल १४.१७ ग्राम र नाप २.६ से.मी. छ (जोशी, गोरखापत्र, २०६१) ।

यसरी नेपालको मौद्रिक इतिहासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने मानाङ्क मुद्रामा अंकित आकृति, नाप, तौल आदि भिन्न भिन्न रहेको पाइन्छ ।

अर्को एक किसिमको मानाङ्क मुद्रा सुवर्णमान जोशीको संग्रहमा रहेको छ । यो तामा फलाम मिश्रित मानाङ्क मुद्रा हो । सिंहको आकृति भएको भाग यस मुद्राको अग्र भाग हो । यो मुद्राको तौल १४.१७ ग्राम छ र नाप २.६ से.मी. छ । सिंहको नाकको अगाडिदेखि सिंहको पुच्छरको अगाडि श्रीमानाङ्क अभिलेख छ । यस किमिसको ढाँचामा देखिएको फरक नै यस मुद्राको छुट्टै पहिचान हो । यस मुद्रामा उत्कीर्ण सिंहको आकृति स्पष्ट हुनुका साथै कलात्मकताको दृष्टिले भद्दापनभन्दा मिहिनपनतिर उन्मुख भएको देखिन्छ । श्री मानाङ्क अभिलेख ब्राह्मीको तेस्रोरुपको लिपिमा उत्कीर्ण छ । सिंहको अगाडि अर्थात सिंहको नाकको अगाडिबाट ‘श्री’ शुरु भएको छ । यसको स्वरुप अन्य मुद्राको भन्दा अलि भिन्न छ । यस मुद्रामा जम्मा २३ बिन्दुहरु छन् ।

यस मुद्राको पृष्ठ भागमा पद्मासनमा अवस्थित देवी लक्ष्मी हो । लक्ष्मीले बायाँ हात कम्मरमा अड्याई दायाँ हात केही उठाएर कमल पुष्प समाती राखेकी छिन् । श्री भोगिनी अभिलेख लक्ष्मीको शीरको ठीक माथिबाट गोल ढाँचामा तलतिर उत्कीर्ण गरिएको छ । बिन्दुहरुजम्मा २२ वटा छन् । लक्ष्मीको शीरको माथिबाट श्री भोगिनी अभिलेख सुरु भएको यस मुद्राले मानाङ्क मुद्राको क्षेत्रमा एउटा महत्वपूर्ण आयाम थपेको छ ।

### **३.१.२.२ वैश्रवण**

उत्तरप्राचीन कालीन नेपालमा प्रचलित विभिन्न मुद्राहरुमा वैश्रवण र कामदोही अभिलेख अंकित मुद्रा पनि छ, जसलाई वैश्रवण मुद्रा भनिन्छ । हिन्दु तथा बौद्ध धर्ममा महत्वपूर्ण स्थान प्राप्त गर्ने उत्तर दिशाको दिक्पाल यक्षहरुका स्वामी वैश्रवण (कुवेर) हुन् । धन सम्पत्तिको

रक्षकको रुपमा यिनको पूजा गरिन्छ (पौड्याल, २०५७: १७२-१७३) । यिनै देवताको मूर्ति तथा वैश्रवण नाम अंकित मुद्रा लिच्छविकालीन मौद्रिक इतिहासमा महत्वपूर्ण रहेको देखिन्छ । यो मुद्रा कुन राजाले कहिले प्रसारण गरे यकिन साथ भन्न सकिएको छैन । किनकी यसमा मिति तथा राजाको नाम उल्लेख गरिएको छैन । त्यसैले यस सन्दर्भमा विभिन्न विद्वानहरुमा मतभेद रहेको पाइन्छ ।

पहिलो किसिमको मुद्राको

**अग्र भागमा** : बिन्दुयुक्त घेराभित्र पद्मपिठमा रही ललितासनमा अवस्थित मुकुटयुक्त ठूलो भुडी लागको कुवेरको आकृति छ । कुवेरको बायाँ हात कम्मरमा दायाँ हात केही माथि उठाई विभिन्न किसिमका धनका पोकाहरु समाती राखेको छ । उक्त चित्रको बायाँतिर लिच्छवी लिपिमा “वैश्रवण” अभिलेख अंकित छ ।

पृष्ठ भागमा : बिन्दुयुक्त घेराभित्र काठको फलेकमाथि बायाँ फर्केर बाच्छालाई दूध चुसाइरहेकी गाईको आकृति छ र गाईको ठीक माथि लिच्छवी लिपिमा कामदोही अभिलेख कुँदिएको छ ।

| | |
|---|---|
| तौल : १२.४३३ ग्राम | व्यास : २.५५ से.मी |
| समय : सातौं शताब्दी | लिपि : लिच्छवी |
| धातु : तामा | श्रोत : राष्ट्रिय मुद्रा संग्रहालय |

दोस्रो किसिमको मुद्राको

अग्र भागमा : बिन्दुयुक्त घेराभित्र पद्मपिठमा रही ठूलो भुँडी लागेको कुवेरको आकृति छ । ललितासनमा बसेको सो कुवेरको दायाँ हात केही माथि र बायाँ हात कम्मरमा छ । दायाँ हातमा केही धनका पोका समातिएको छ । उक्त आकृतिको बायाँतिर ब्राह्मीको तेस्रो रुप ( लिच्छवी) लिपिमा वैश्रवण अभिलेख अंकित गरिएको छ ।

पृष्ठ भागमा : बिन्दुयुक्त घेराभित्र बायाँ फर्केर बाच्छालाई दूध चुसाइरहेकी गाईको आकृति छ । यसको ठीक माथि लिच्छवी लिपिमा “कामदोही” अभिलेख सिधा लाइनमा लेखिएको छ ।

| | |
|---|---|
| तौल : १२.८२८ | व्यास : २.५५ से.मी. |
| समय : सातौं शताब्दी | लिपि : लिच्छवी |
| धातु : तामा | श्रोत : उत्तर प्राचीनकालीन मुद्रा |

अलेक्जेण्डर कनिघंमले उक्त मुद्रालाई कुवेर गुप्तको मानेका छन्(Cunnigham, 1963:115) । त्यस्तै के.पी. जयसवाल (काशीप्रसाद) ले प्रस्तुत मुद्रालाई यक्ष गुप्त वा भूमिगुप्तले प्रचलित गरेको मानेका छन् (रेग्मी, २०२६: १७९-१८०) । उहाँको भनाईमा यक्षको अर्थ वैश्रवण हो । यस मुद्रामा राजाको खास नाम अंकित नगरी सांकेतिक अर्थ वा चिन्ह राखिएको हुन सक्छ । मञ्जुश्री मुल कल्पमा 'यक्ष' को ठाउँमा 'वत्सक' छ । यसको अर्थ सानो बाच्छो हो (जोशी, २०४२: ५६) । तर तत्कालीन पुरातात्विक प्रमाणहरुको आधारमा कुवेर वर्मा र यक्ष गुप्त नामक राजाको उल्लेख नपाइएकोले यस तर्कलाई स्वीकार गर्न सकिदैन । जगदिशचन्द्र रेग्मीले वैश्रवण मुद्रा अंशुवर्माले नै प्रसारित गरेको मान्नु भएको छ (रेग्मी, २०२६: १८०-१८२) । अंशुवर्माद्वारा प्रसारित दुई प्रकारका मुद्रामा वैश्रवण मुद्राको जस्तो कामदोही अभिलेख छ र गाई बाच्छा छन् । त्यसैले अंशुवर्माको मुद्राको पृष्ठ भाग र वैश्रवणको पृष्ठ भाग समान भएकोले वैश्रवण मुद्रा अंशुवर्माको नै हुनुपर्छ । उहाँको तर्क अनुसार अंशुवर्माको समयमा नेपाल समृद्ध थियो र अझ समृद्ध गराउने चेष्टा गरेर समृद्धि र धन सम्पत्तिको अधिदेवता कुवेरको नाममा मुद्रा चलाए ((रेग्मी, उही : १८०-१८२) । हरिराम जोशीको अनुसार यो मुद्रा भट्टारक महाराज श्री शिवदेव प्रथमले प्रचलनमा ल्याएको हो । उनको तर्क स्वरुप लिच्छवी राजा शिवदेवले कैलाशकुट दरवारको निर्माणको स्मरणस्वरुप कुवेरको चित्र अंकित गरी निष्काशन गरेका हुन् (जोशी, २०३३ : ५०) । वैश्रवण अंकित मुद्रामा लिपि तथा शिवदेव प्रथमका अभिलेखीय लिपिमा समानता देखिएको छ । उनका अनुसार कामधेनु सबैको मनोकामनालाई पूरा गर्ने र कुवेर उक्त मनोकामना पूर्तिको लागि अत्यावश्यक धनको रुपमा उल्लेख गरेका छन् । धनवज्र वज्राचार्यको अनुसार लिपिको दृष्टिले विचार गर्दा 'श्री गुणाङ्क' मुद्रा अंशुवर्मा भन्दा अधिको हो (वज्राचार्य, २०३०: २२४) । सत्यमोहन जोशीको अनुसार लिच्छवी वंशावलीमा वैश्रवण नामक राजा नदेखिएकोले यो मुद्रा कुनै देवताको सम्मानमा समर्पित हुनुपर्छ । यसमा अंशुवर्माको मुद्रामा जस्तै बाच्छाको मूर्ति र कामदोही अक्षर अंकित गरिएकोले समकालीन अर्थात शिवदेवको समयमा निष्काशन गरिएको हुन सक्छ (जोशी, २०४२: ५७) । किनकी अंशुवर्माले आफ्नो स्वतन्त्र कार्यकालमा निष्काशन गरेको मुद्रामा नाम अंकित गरेका छन् तर यसमा नाम उल्लेख नभएकोले अंशुवर्मा पूर्व शिवदेवको हुनसक्ने अनुमान गर्न सकिन्छ ।

यसैगरी रमेश ढुङ्गेल अंशुवर्माले शिवदेव राजा हुँदै आफ्नो इच्छा अनुरुप वैश्रवण मुद्रा प्रसारित गरेको मान्नु हुन्छ (ढुङ्गेल, २०४३: ८४) । कामधेनु समुद्र मन्थनको समयमा निस्केका चर्तुदश रत्नमध्ये एक भएको र सबैको मनोकामना पूर्ण गर्ने जिम्मेवारी कामधेनुले नै लिने हुँदा प्रतिकात्मक रुपमा राष्ट्रका सम्पूर्ण जनताको अभिलाषा पूर्ण गर्ने अंशुवर्माले नै शिवदेवको

सम्मानमा आफ्नो नाम नराखी यो मुद्रा प्रसारण गरेको हुनुपर्छ र पछि सोही अनुरुप आफ्नो नाम राखी पुनः अर्को उस्तै मुद्रा प्रसारण गरेको मान्न सकिन्छ ।

यसैगरी यस मुद्रामा अंकित मानवाकृतिलाई मुद्रा प्रसारण गर्ने राजाको आकृति मान्ने पनि धेरै छन् । तर यो मूर्ति कमलमाथि ललितासनमा अवस्थित भएबाट कुनै मानवको नभई देवताकै हुनुपर्छ । किनकी मानवलाई देवताको जस्तो कमलमाथि आसिन भएको देखिएको पाइँदैन । मध्यकालीन भारतमा वैश्रवणलाई कमल आसनमा बसेको बनाइन्छ । वैश्रवण मुद्रामा अंकित वैश्रवण पनि कमलमाथि ललितासनमा (एउट खुट्टा आसनभन्दा तल झारेको र एउटा पलेटी मारेको) अवस्थित भएबाट कुनै मानवको नभई देवताको हुनुपर्छ । यसमा उत्कीर्ण आकृतिको ठूलो भुँडी छ । मुकुटयुक्त यो मूर्तिको हातमा पोको बोकेको जस्तो देखिन्छ । वास्तवमा कुवेरको ठूलो भुँडी हुने कुरामा सबैजसो ग्रन्थकारहरु एक मत छन् (राव, १९६८ : १३३) ।

वैश्रवण मुद्रामा नेपालको आफ्नै मौलिकता भएको कुरा औंल्याउँदै हिन्दुहरुको धार्मिक परम्परामा वैश्रवणलाई उत्तर दिशाको अधिपति मानिने र नेपाल पनि भारतवर्षको उत्तराखण्डमा भएकोले यस मुद्रामा मुद्राका प्रवर्तकले वैश्रवणको मूर्ति राख्न लगाएको हुन सक्छ (ढुङ्गेल, २०४३: ८३) ।

यसरी उत्तर प्राचनीकालीन समयमा प्राप्त मुद्राहरुमध्ये वैश्रवण मुद्रा नितान्त धार्मिक भावनाले अभिप्रेरित भइ निकालेको हुनाले आफ्नो नामलाई बढी महत्व नदिएको हुन सक्छ ।

### ३.१.२.३ श्री गुणाङ्क मुद्रा

लिच्छविकालीन मुद्राहरुमा राजाको नाम तिथिमिति अंकित नगरिएकोले कसले कुन समयमा कुन मुद्रा प्रसारण गरेको हो भन्ने जानकारी पाउन असहज भएको छ । मुद्रामा अंकित लिपि, चिन्ह आदिको आधारमा केही हदसम्म जानकारी प्राप्त गर्ने प्रयास गरिएको छ । तत्कालीन समयका अन्य मुद्रा जस्तै गुणाङ्क मुद्राको बारेमा पनि मतभेद पाइन्छ । यसमा पनि प्रमाणित गर्ने सजिलो आधार प्राप्त छैन । तर पनि विभिन्न मुद्राशास्त्रीहरुका विचारधारालाई समेटेर तुलनात्मक अध्ययन गर्दा भने केही निकर्षमा पुग्न सकिन्छ । Sylvain levi, E.H. Walsh, सत्यमोहन जोशी आदिले गुणाङ्क मुद्रा गुणकामदेवको मान्नु भएको छ ।

Alexander Cunningham ले यो मुद्रालाई गुणदेवको मान्नु भएको छ तर उहाँले नै बनाउनु भएको नेपालको राजाको सूचीमा गुणदेवको नाम उल्लेख छैन (ढुङ्गेल, २०४३: ९५)। हरिराम जोशीले गुणाङ्क मुद्रालाई नरेन्द्रदेवको मानेका छन् । उनका अनुसार यो मुद्रामा अंकित लिपि र नरेन्द्रदेवको प्रारम्भिक समयका अभिलेखीय लिपिसँग सामन्जस्यता रहेको पाइन्छ । यसको लिपि अनुसार यो सातौं शताब्दीको उत्तरार्द्धको रहेको बुझिन्छ । यस समयमा गुणदेव नामक राजाले राज्य गरेको कुनै पुरातात्विक प्रमाण पाइँदैन (जोशी, २०३३: ९८) । हितनारायण झाका अनुसार गुणदेव र गुणकामदेव एउटै राजाको नाम हो, उनैले गुणाङ्क मुद्रा प्रसारण गरे । जगदिशचन्द्र रेग्मीका अनुसार गुणकामदेवले आफ्नो नाममा अंक थपेर मानदेवको मानाङ्क जस्तै गुणाङ्क मुद्रा प्रसारण गरे (ढुङ्गेल, उही : ९५) । साथै उनी बौद्ध धर्मावलम्बी थिए । त्यसैले यही धर्मको प्रभावबाट उनले मुद्रामा हात्तिको चिन्ह अंकित गरेको हुनुपर्छ (रेग्मी, २०२६: १७२) । रमेश ढुङ्गेलले गुणाङ्क मुद्रा नरेन्द्रदेवले प्रसारित गरेको मान्नु भएको छ । उनका अनुसार गुणाङ्क ( गुण+अङ्क) पराक्रम विशेषको रुपमा अंकित गरिएको हो (ढुङ्गेल, २०४३: ९५)। N.G. Rhodes, K. Gabrisch, C. Valdettaro आदि विद्वानहरुले गुणाङ्क र मानाङ्क दुवै मुद्रा मानदेवको मान्नु भएको छ (Rhodes and others, 1989:36) । यी सबै विचारधारालाई अध्ययन गर्ने हो भने यो मुद्रा यही राजाले प्रसारण गरेको हो भनी निश्चित रुपमा भन्न सक्ने पुरातात्विक आधारहरु छैनन् तर लिपिको आधारमा केही हदसम्म नरेन्द्रदेवको समयसँग समानता राख्दछ । यस मुद्राको

अग्र भागमा : बिन्दुयुक्त घेराभित्र बीचमा लक्ष्मीको आकृति छ । लक्ष्मीले दुवैवटा खुट्टा जोडेर बसेको छ र दुवै हातमा फूल बोकेको छ । लक्ष्मीको शीरमा गोलो ढाँचामा 'श्री गुणाङ्क' अक्षर लिच्छवि लिपिमा कुँदिएको छ ।

पृष्ठ भागमा : बिन्दुयुक्त घेराभित्र दायाँ फर्किएको हात्तिको चित्र छ । सो हात्ति प्रस्थान मुद्रामा छ ।

| | |
|---|---|
| तौल : ७.४४ ग्राम | धातु : तामा |
| व्यास : २३ मि.मी. | लिपि : लिच्छवी |
| समय : सातौं शताब्दी | श्रोत : उत्तर प्राचीनकालीन मुद्रा |

विभिन्न थरिका गुणाङ्क मुद्राको पृष्ठ भागमा भिन्न-भिन्न अवस्थाका हात्तिको चित्र उत्कीर्ण गरिएको छ । कुनै दायाँ, कुनै बायाँ, कुनै माथितिर लम्किरहेको, कुनै प्रस्थान मुद्रामा रहेको देखाइएको छ । हिन्दु धार्मिक मान्यता अनुरुप हात्ति ईन्द्रको वहान हो । ऋग्वेदमा ईन्द्रलाई

दुष्टको संहार गरी अन्धकारलाई हटाएर सुखः शान्ति ल्याउने देवाधिपतिको रुपमा मानिएको छ (ढुङ्गेल, २०४३: ९६) । त्यसैले नरेन्द्र देवले पनि आफूलाई ईन्द्र वा हात्तिको सांकेतिक रुपमा प्रस्तुत गरेको हुनुपर्छ । यस गुणाङ्क मुद्रामा अंकित चिन्हहरु पहिलेका मुद्राहरुका भन्दा उत्कृष्ट देखिन्छन् । नरेन्द्रदेवले शरणार्थी जीवनबाट फर्केपछि हात्ति घोडाले युक्त सेनाको सहयोगबाट शत्रुलाई नष्ट गरेर देशमा समृद्धि कायम गरी राजनीतिज्ञसँग हुनुपर्ने गुण आफूमा भएको कुरा यही मुद्रामा अंकित चिन्ह तथा अभिलेखबाट देखाउन खोजेको हुन सक्छ (ऐजन) ।

यस मुद्राको अग्रभागमा रहेको आकृतिको विषयमा पनि विद्वानहरुमा मतभिन्नता पाइन्छ । वाल्सले उक्त मूर्तिलाई दुवै हात माथि उठाइरहेको राजाको मूर्ति मानेका छन् (Walsh, 1973:50) । तर यस आकृतिमा अन्य देवी मूर्तिमा जस्तै वक्षस्थल उठेको देखिन्छ । त्यसैले यो राजाको आकृति भन्न सकिदैन । जगदिशचन्द्र रेग्मीले रानीको आकृति मानेका छन् (रेग्मी, २०२६: १७०) । यस्तैगरी कनिघंम (Cunningham, 1963:116) र हरिराम जोशीले (जोशी, २०३३: १०५) पद्यमासनमा बसेकी देवी मानेका छन् । सत्यमोहन जोशीले यसलाई आराध्यदेवीको ध्यान मूर्ति मानेका छन् (जोशी, २०४२ (दोस्रो संस्करण): ५९) । यस्तैगरी रमेश ढुङ्गेलले पनि यस मूर्तिलाई देवीकै मूर्ति हुनपर्ने राय व्यक्त गरेका छन् (ढुङ्गेल, २०४३: ९७)।

यी विभिन्न विद्वानहरुको राय फरक-फरक देखिएता पनि यस मुद्रामा अंकित मानवाकृति देवीकै हुनुपर्छ किनकी यस आकृतिमा प्रभामण्डल भएको कुरा प्रायः विद्वानले स्वीकार गर्नु भएको छ । सानो आकृति निर्माण गर्नुपर्ने भएकोले आयुध स्पष्ट रुपमा नदेखिएको हुन सक्छ । साथै मानव आकृतिमा प्रभामण्डल उत्कीर्ण गर्ने परम्परा हिन्दु समाजमा देखिएको छैन । त्यसैले देवीदेवताको मूर्ति पहिचान गर्न आयुध, वाहन साथै प्रभामण्डल पनि हेर्ने गरिन्छ । यो मुद्रालाई यसमा अंकित चिन्ह, लिपि, अभिलेख, प्राप्त अकार-प्रकार आदिका आधारमा २ देखि ९ प्रकारमा विभाजन गर्न सकिन्छ ।

श्री गुणाङ्क मुद्राको नापतौल

| किमिस नं. | तौल | नाप (व्यास) | धातु |
|---|---|---|---|
| १. | १.३० | .८७ | तामा |
| २. | १९५ र १४६ ग्रेन्स | ०.९ इन्च | तामा |
| ३. | ६.५८७ ग्राम | २.३ से.मी. | तामा |
| ४. | ८.९९१ ग्राम | १.४५ से.मी. | तामा |
| ५. | ८.८८ ग्राम | २.३ से.मी. | तामा |
| ६. | ७.१२३ ग्राम | २.४ से.मी. | तामा |

| | | | |
|---|---|---|---|
| ७. | १०.९५३ ग्राम | २.४ से.मी. | तामा |
| ८. | ९.९१० ग्राम | २.३ से.मी. | तामा |
| ९. | ९.४३७ ग्राम | २.२ से.मी. | तामा |

(साभार : रमेश ढुङ्गेल, प्राचीन अर्थव्यवस्था)

### ३.१.२.४ अंशुवर्माका मुद्रा

नेपालको मौद्रिक विकासको इतिहासमा अंशुवर्माको मुद्राहरु उल्लेखनीय छन् । लिच्छवी वंशका राजकुमार नभएता पनि शिवदेव प्रथमको साथमा राजनीतिमा उदाएका अंशुवर्माले आफूलाई सहयोगीको रुपमा प्रवेश गराएर महाराजाधिराज समेत बन्न सफल भए । पूर्णरुपमा स्वतन्त्र भएपछि विविध क्षेत्रमा सफलता हाँसिल गर्दै गए । त्यसमध्ये मुद्रा निष्काशन गर्नु एउटा महत्वपूर्ण उपलब्धी हो । अहिलेसम्म मानदेव पछि स्पष्टरुपमा मुद्रा प्रसारण गर्ने राजा अंशुवर्मा नै देखा पर्दछन् । उनले विधिवत राजसिंहासनमा बसेपछि पहिले कुनै लिच्छवी राजाले नलिएको 'महाराजाधिराज' पद्वी लिएको कुरा उनकै मुद्राबाट बुझ्न सकिन्छ । यस्तैगरी क्रमशः शक्ति बढ्दै गएको कुरा अभिलेखबाट बुझ्न सकिन्छ ।

प्रथम पटक राज्यको तर्फबाट विभिन्न मठ, मन्दिर, विहार, गोष्ठी आदिलाई मौद्रिक अनुदान (वज्राचार्य, २०३०: २८२-३२१) प्रदान गर्ने अंशुवर्माले श्र्यंशु, श्रयंशुवर्मा, महाराजाधिराजस्य आदि अभिलेख अंकित मुद्राहरु प्रसारणमा ल्याएका थिए । आजसम्म प्राप्त मुद्राहरुको आधारमा लिच्छविकालमा धैरै संख्यामा मुद्रा प्रसारित गर्ने शासक अंशुवर्मा नै थिए ( ढुङ्गेल, २०४३ : ९०)। उनले प्रसारण गरेको मुद्राहरुको संख्याको सम्बन्धमा मुद्रामा रहेका साना ठूला अन्तरलाई छुट्याएर आ-आफ्नै किसिमले वर्गीकरण गरिएको छ । उनको मुद्रामा रहेको चिन्ह अभिलेख तथा गुणको आधारमा प्राप्त मुद्रालाई मुख्यतः ५ समूहमा राख्न सकिन्छ (जोशी, २०४२(दोस्रो संस्करण) : ५४) । साथै मुद्रामा रहेको साधारण भेदको आधारमा १० किसिममा उल्लेख गरिएको छ (ढुङ्गेल, २०४३ : ८६) ।

किसिम १

अग्र भागमा : बिन्दुयुक्त घेराभित्र बायाँ फर्किएर उभिएको पखेटावाला सिंहको आकृति छ । सिंहले अगाडिको दायाँ खुट्टा अगाडि उठाएको छ । सिंहको आकृतिभन्दा माथि एक लाइनमा 'श्रयंशुवर्मा' अभिलेख लिच्छवी लिपिमा कुँदिएको छ ।

पृष्ठ भागमा : बिन्दुयुक्त घेराभित्र बीच भागमा बाच्छालाई दूध चुसाइरहेकी गाईको आकृति छ, जुन बायाँ फर्किएको छ । यस चित्रको ठीक माथि मोटो ठूलो अक्षरमा 'कामदोही' अभिलेख कुँदिएको छ ।

तौल : ७.८०७ ग्राम | धातु : तामा
व्यास : २.३५ से.मी. | लिपि : लिच्छवी
समय : सातौं शताब्दी | श्रोत : राष्ट्रिय मुद्रा संग्रहालय

किसिम २

अग्र भागमा : बिन्दुयुक्त घेराको बीचमा बायाँ फर्केर उभिराखेको राजमुकुट पहिरेको पखेटावाला सिंहको आकृति उत्कीर्ण छ । सिंहको अगाडिको दायाँ खुट्टा माथि उठाएर अगाडितिर फैलिएको छ । यसको ठीक माथि सोझो एक लाइनमा लिच्छवी लिपिमा 'श्रयंशुवर्मा' अभिलेख कुँदिएको छ ।

पृष्ठ भागमा : बिन्दुयुक्त घेराको बीचमा बाच्छालाई दूध चुसाइराखेकी बायाँ फर्केकी गाईको आकृति उत्कीर्ण छ । गाईको घाँटीमा घण्टी झुण्ड्याइएको छ । यसको ठीक माथि एक लाइनमा लिच्छवी लिपिमा 'कामदोही' अभिलेख कुँदिएको छ ।

तौल : १०.६२३ ग्राम | समय : सातौं शताब्दी
व्यास : २.४५ से.मी. | लिपि : लिच्छवी
धातु : तामा | श्रोत : राष्ट्रिय मुद्रा संग्रहालय

किसिम ३

अग्र भागमा : अन्य आकृति नष्ट भइसकेका छन् । लिच्छवी लिपिमा 'श्रयंशुवर्मा' अभिलेख मात्र बाँकी छ ।

पृष्ठ भागमा : बिन्दुयुक्त घेराभित्र बीचमा बाच्छालाई दूध खुवाईराखेकी गाईको आकृति उत्कीर्ण छ । गाई बायाँ फर्केर उभिएकी छिन् । सो गाईको ठीक माथि सोझो एक लाइनमा 'कामदोही' अभिलेख लिच्छवी लिपिमा अंकित छ ।

तौल : ६.९४० ग्राम समय : सातौं शताब्दी
व्यास : २.४५ से.मी. लिपि : लिच्छवी
धातु : तामा श्रोत : राष्ट्रिय मुद्रा संग्रहालय

मोटो अक्षरमा श्रयशुवर्मा लेखिनु यसको मुख्य विशेषता मानिन्छ ।

किसिम ४

अग्र भागमा : बिन्दुयुक्त घेराभित्र बीचमा बायाँ फर्केर उभिराखेको राजमुकुटयुक्त पखेटावाल सिंहको आकृति उत्कीर्ण छ । सिंहको अगाडिको दायाँ खुट्टा माथि उठाएर अगाडितर्फ फैलाएको छ । सिंहमाथि लिच्छवी लिपिमा 'श्रयंशुवर्मा' अभिलेख गोलो ढाँचामा कुँदिएको छ ।

पृष्ठ भागमा : बिन्दुयुक्त घेराभित्र बीचमा बायाँ फर्केर उभिराखेको सिंहको आकृति उत्कीर्ण छ । सिंहको अगाडिको दायाँ खुट्टा माथि उठाएर अगाडितिर फैलाएको छ । सिंहमाथि चन्द्राकार उत्कीर्ण छ ।

तौल : उल्लेख नभएको समय : सातौं शताब्दी
व्यास : उल्लेख नभएको लिपि : लिच्छवी
धातु : तामा श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

दुवैतिर सिंहाकृति राखिनु खास विशेषता हो ।

किसिम ५

अग्र भागमा : बिन्दुयुक्त घेराभित्र किरणयुक्त सूर्य चिन्ह उत्कीर्ण छ, जसलाई घेरेर वरिपरि ब्रह्मीको तेस्रो रुपको लिपिमा महाराजाधिराजस्य अभिलेख कुँदिएको छ ।

पृष्ठ भागमा : बिन्दुयुक्त घेराभित्र बायाँ फर्केको पखेटावाल सिंहको आकृति उत्कीर्ण छ । सिंहको अगाडिको दायाँ खुट्टा माथि उठाएर अगाडितिर फैलाएको छ । सो सिंहको ठीक माथि उठाएर अगाडितिर लिच्छवी लिपिमा 'श्रयंशो' अभिलेख कुँदिएको छ ।

यो मुद्रा अन्य मुद्रा भन्दा राजनैतिक दृष्टिले बढी महत्वपूर्ण भएको पाइन्छ (ढुङ्गेल, २०४३: ८७) । यो मुद्रा केही बाक्लो पनि छ (जोशी, २०४२: ५५) । लिच्छविकालीन समयमा महाराजाधिराजस्य उपाधी धारण गर्ने राजा श्रयंशुवर्मा नै भएको स्पष्ट छ (जोशी, २०३३: ७९) । छिन्नमस्ताको अभिलेखमा पनि श्रयंशुवर्माको नामको अगाडि महाराजाधिराज उपाधी लिएको देखिन्छ (वज्राचार्य, २०३०: ४०३) ।

तौल : २२८.५, २५० ग्रेन्स, १३.४८१ ग्राम, १५.९२६ ग्राम

नाप : १.०, १.० इन्च, २.५४ से.मी., २.५५ से.मी.

धातु : तामा

लिपि : लिच्छवी

समय : सातौं शताब्दी

श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

किसिम ६

अग्र भागमा : आकृतिहरु सबै नष्ट भैसकेका छन् ।

पृष्ठ भागमा : बायाँ फर्केर उभिराखेको सिंहको क्षीण आकृति उत्कीर्ण छ जसको ठकि माथि चन्द्रकला कुँदिएको छ ।

तौल : ६.८३६ से.मी.

व्यास : २.१५ से.मी. लिपि : लिच्छवी

धातु : तामा समय : सातौं शताब्दी

श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

यसको तौल अन्यको तुलनामा साह्रै कम छ ।

किसिम ७

अग्र भाग : बिन्दुयुक्त घेराभित्र बीचमा पूर्णकलशको चिन्ह छ । कलशको दायाँ बायाँ ‘श्रयशु’ भन्ने २ वटा अक्षर मात्र लिच्छवी लिपिमा अंकित भएको देखिन्छ ।

पृष्ठ भाग : कामदोही अभिलेख अंकित छ । यो केही सानो र पातलो छ ।

तौल : ?　　　　　　धातु : तामा

नाप : ?　　　　　　लिपि : लिच्छवी

श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

किसिम ८

अग्र भाग : बिन्दुयुक्त घेराभित्र अगाडिको दायाँ खुट्टा माथितिर उठाएको पखेटावाल सिंहको आकृति उत्कीर्ण छ । जसको माथि ब्राह्मीको तेस्रो रुपको लिपिमा 'श्रयंशुवर्मा' अभिलेख गोलो ढाँचामा कुँदिएको छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराभित्र अगाडिको दायाँ खुट्टा माथितिर उठाई अगाडि फैलाएको सिंहको आकृति उत्कीर्ण छ । यसको माथि अर्धचन्द्र उत्कीर्ण गरिएको पाइँदैन ।

तौल : १४.७९८ ग्राम　　　　समय : सातौं शताब्दी

नाप : २.४७ से.मी.　　　　लिपि : लिच्छवी

धातु : तामा　　　　　　श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

यसरी अंशुवर्माका मुद्राहरुमा साधारण भेदको आधारमा धेरै किसिममा विभाजन गर्न सकिन्छ । सबैभन्दा बढी संख्यामा मुद्रा प्रसारणमा ल्याउने अंशुवर्माको समयमा देशको चौतर्फी विकास भएको बुझ्न सकिन्छ । उनले प्रसारणमा ल्याएको मुद्राले राजनैतिक, आर्थिक, धार्मिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा साथै स्वयं मुद्राको विकासको क्षेत्रमा समेत योगदान पुऱ्याएको पाइन्छ (ढुङ्गेल, २०४३: ८७) ।

समग्रमा भन्नुपर्दा अंशुवर्माको मुद्राको अग्र भागमा श्रयंशुवर्मा, महाराजाधिराजस्य, अभिलेख र पखेटा भएको नभएको सिंहको चित्र, प्रज्वलित सुर्य आदिको चित्र अंकित छ भने पृष्ठ भागमा श्रंयशो, कामदोही, अभिलेख, गाईले बाच्छालाई दूध चुसाइरहेको र उभिएको सिंह माथि चन्द्राकार चित्र अंकित छन् । उनका मुद्रामा पराक्रम सूचक सिंह, धनधान्यले पूर्ण देशको प्रतिक कामदोही अंकित गरिएको पाइन्छ (सुवेदी, पि.एच.डी शोधपत्र, २०६८:१५६) । उनले राजनैतिक ढंगले क्रमैसँग श्रयंशुवर्मा, श्रयंशु र अन्त्यमा महाराजाधिराजस्य श्रयंशो भन्ने मुद्रा प्रचलनमा ल्याएका थिए ।

### ३.१.२.५ जिष्णुगुप्तका मुद्रा

नेपाली मुद्राको क्रममा अंशुवर्मा पछि जिष्णु गुप्तको मुद्रा देखा पर्न आउँछ (जोशी, २०४२ (दोस्रो संस्करण) : ५६) । लिच्छविकालीन विनियम माध्यमको रुपमा तत्कालीन सांस्कृतिक तथा राजनैतिक क्षेत्रमा नयाँ अध्याय थप्दै प्रसारित भएको जिष्णु गुप्तस्य मुद्राको आफ्नै महत्वपूर्ण स्थान रहेको पाइन्छ । यस मुद्रामा लिच्छवी शासकहरुले प्रयोग गरेका चिन्हहरु सिंह, गाई, देवी प्रयोग नगरी फरक किसिमले चिन्ह अंकित गरिएको छ । तर यस मुद्रामा अंकित चिन्हको विषयमा पनि मतभेद रहेको पाइन्छ ।

यिनको शिलालेख अनुसार ई. ६५४ मा उनले शासन गरेको बुझिन्छ (जोशी, उही : ५६) । उनले आफू शक्तिशाली भएको समयमा विभिन्न क्षेत्रमा उपलब्धी हासिल गर्न सफल भए । उनले प्रसारण गरेको मुद्राको

१. अग्र भाग : बिन्दु र बिन्दुकै लाइनमा 'श्री जिष्णुगुप्तस्य' अभिलेखयुक्त छ र घेराको बीचमा बायाँ फर्किएर उभिएको वायुपंखी घोडाको आकृति छ । सो घोडाले अगाडिको दायाँ खुट्टा उठाएको छ । घोडाको उठाएको खुट्टाकै अगाडिबाट गोलो ढाँचामा 'श्री जिष्णुगुप्तस्य' अभिलेख लिच्छवी लिपिमा कुँदिएको छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराको बीचमा बज्रको आकृति उत्कीर्ण छ ।

यस मुद्रामा अंकित आकृति कलात्मक साथै सुन्दर छन् । प्रष्टरुपमा देख्न सकिने घोडा र बज्रको आकृति सजिव एवं स्वभाविक देखिएका छन् ।

| | |
|---|---|
| तौल : १.७३३ ग्राम | समय : सातौं शताब्दी |
| नाप : २.४५ से.मी. | लिपि : लिच्छवी |
| धातु : तामा | श्रोत : उत्तर प्राचीनकालीन मुद्रा |

२. अग्रभाग : बिन्दु एवं 'श्री जिष्णुगुप्तस्य' अभिलेखयुक्त घेराको बीचमा उभिराखेको दायाँ फर्केको वायुपंखी घोडा छ । घोडाले अगाडिको बायाँ खुट्टा उठाएको छ । त्यसको माथि लिच्छवी लिपिमा 'श्री जिष्णु गुप्तस्य' अभिलेख गोलो ढाँचामा उत्कीर्ण गरिएको छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराको बीचमा बज्र आकृति अंकित छ ।

यस मुद्रामा घोडाको अवस्था अर्कोको भन्दा भिन्न पाइन्छ ।

| | |
|---|---|
| तौल : १०.५६० ग्राम | समय : सातौं शताब्दी |
| नाप : २.४५ से.मी. | लिपि : लिच्छवी |
| धातु : तामा | श्रोत : उत्तर प्राचीनकालीन मुद्रा |

वाल्सले यस मुद्राको अग्र भागमा रहेको पशु आकृतिलाई साँढेको आकृति र पृष्ठ भागको चिन्हलाई अलंकृत त्रिशूल मान्नु भएको छ (Walsh, 1973: 50) । कनिङ्घमले अग्र भागमा रहेको आकृतिलाई पखेटावाला सिंह र पृष्ठ भागमा भएको आकृतिलाई कुनै अलंकृत चिन्ह मान्नु भएको छ (Cunningham, 1963:117) । सत्यमोहन जोशीले अग्र भागमा पुच्छर लागेको साँढे र पृष्ठ भागमा बज्राकार बुट्टा मान्नु भएको छ (जोशी, २०४२: ५६) । डिल्लीरमण रेग्मीले पनि यस मुद्राको अग्र भागमा पखेटावाला साँढे नै मान्नु भएको छ । उहाँले उक्त साँढेको तुलना अंशुवर्माको मुद्राको सिंहसँग गर्नु भएको छ (रेग्मी, १९६० : १४९) । जगदिशचन्द्र रेग्मीले अग्र भागमा रहेको पशुलाई शिवको शरभेस र पृष्ठ भागमा बज्र रहेको उल्लेख गर्नु भएको छ (रेग्मी, २०२६ : १३८-१८८) । रमेश ढुङ्गेलको अनुसार यस मुद्राको अग्र भागमा उभिरहेको पखेटायुक्त घोडाको आकृति र पृष्ठ भागमा बज्रको आकृति उत्कीर्ण छ (ढुङ्गेल, २०४३ : ९१-९४) । यस्तैगरी B.N. Shrestha र D.D. Rajbhandari ले पनि घोडा र बज्र रहेको मान्नु भएको छ (Shrestha and Rajbhandari, 1966:96-98) ।

यस मुद्रामा अंकित आकृतिलाई जे अर्थ लगाएता पनि उक्त चित्रलाई घोडा नै हो भन्न सकिन्छ । हेर्दा छरितो जिउ र अहिलै हिड्ला जस्तो गरी घोडाको खुट्टा बनाइएको छ । घोडाको टाप पनि स्पष्ट देख्न सकिन्छ । उक्त आकृतिको बनावट हेर्दा अन्य मुद्रामा अंकित आकृतिको सिंह र साँढे जस्तो देखिदैन । हिन्दु अनुश्रुति अनुसार दानवहरुबाट मुक्ति पाउनको लागि ऋषि दधिचिको हाडबाट विश्वकर्माले बज्रको निर्माण गरे जुन ईन्द्रको मुख्य हतियार हो (जोशी, २०३३: ८६) । यसैगरी बौद्ध धर्मअन्तर्गत पर्ने बज्रयानको प्रतिक स्वरुप बज्र राखिएको हुन सक्ने धारणा सत्यमोहन जोशीको देखिन्छ तर हिन्दु देवता इन्द्र शिवसँग पनि यसले सम्बन्ध राख्दछ । अमरकोषको आधारमा ईन्द्रका विभिन्न नामहरुमध्ये जिष्णु पनि एक हो । साथै उनका आयुधमा बज्र पनि पर्दछ । त्यसैले जिष्णु गुप्तले आफ्नो नामसँग मिल्ने देवताको चिन्ह राखेर मुद्रा प्रसारण गरेको हुन सक्छ (ढुङ्गेल, २०४३: ९३)। मुद्रामा अंकित उक्त आकृति अध्ययन गर्दा बज्र नै हो भन्न सकिन्छ ।

यसरी जिष्णु गुप्तले राजाको रुपमा नभए पनि शक्तिशाली सामन्तकै रुपमा मुद्रा प्रसारण गरेर तत्कालीन समयको राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक तथा सांस्कृतिक अवस्थाका साथै तत्कालीन राजनैतिक ओहदामा गुप्तको शक्ति कतिसम्म पुगेको थियो भन्ने बारेमा जानकारी पाउन सहयोग पुगेको छ । यदी उनी पनि अंशुवर्मा जस्तै राजा हुन पुगेको भए 'महाराजाधिराज' पद्वी लिन्थे होला किनकी उनले प्रायः कार्यमा अंशुवर्माकै अनुसरण गरे जस्तो आभाष पाइन्छ । तर उनले महाराजाधिराज उपाधी लिगेको जानकारी हालसम्म नपाइएकोले उनलाई राजाको श्रेणीमा राख्न सकिदैन ।

### ३.१.२.६ पशुपति मुद्रा

पशुपति मुद्रा कसले प्रसारणमा ल्यायो भन्ने कुरामा विवाद पाइन्छ । यो मुद्रा आराध्यदेव पशुपतिलाई सम्बोधन गरेर बनाइएको छ । तत्कालीन समयमा शैव धर्म लोकप्रिय भएकोले होला शिवप्रति भक्तिभाव प्रकट गरेर बनाइएको यो मुद्रामा प्रसारण गर्ने राजाको नामको संकेतसम्म पनि पाइँदैन । त्यसैले प्रसारणकर्ता को थिए भन्ने थाहा पाउन गाह्रो भएको छ । तर पनि नेपालको मौद्रिक इतिहासमा अत्याधिक मात्रामा पाइएको पशुपति मुद्राको महत्वपूर्ण स्थान छ ।

प्राचीन नेपालमा विनिमयको माध्यमको रुपमा देखिएका विभिन्न मुद्रामा अंकित चिन्ह, धर्म तथा मुद्रामा उल्लेखित केही अभिलेखको आधारमा मानदेवको समयदेखि शिवदेवसम्म वैष्णव धर्म, राजकीय धर्मको रुपमा पाइन्छ । तर अंशुवर्माको समयदेखि शैव धर्मले महत्वपूर्ण स्थान पाएको थियो भन्ने जानकारी पाइन्छ ।

तत्कालीन मुद्राहरुमा सर्वाधिक रुपले प्राप्त हुने यो मुद्रा अनेकौं किसिमका छन् । धेरै ठाउँमा समय समयमा प्राप्त भएकोले यति नै प्रकारका छन् भनी निश्चित गर्न सकिदैन । यसरी प्रसस्त मात्रामा पाइनुले यसको लोकप्रियता कति थियो बुझ्न सकिन्छ । साथै यो मुद्राको प्रचलन समयमा उद्योग एवं व्यापार अत्याधिक मात्रामा फैलिएको रहेछ भन्ने अनुमान गर्न सकिन्छ । यस्तैगरी धार्मिक भावनाले ओतप्रोत भएझै प्रतित हुने यस मुद्रामा शैव धर्मसँग सम्बन्धित अभिलेख आकृति अंकित गरी धर्ममै समर्पित छ । त्यसैले आराध्य देव पशुपतिको सम्मानमा यो मुद्रा प्रसारण गरेको बुझ्न सकिन्छ ।

सत्यमोहन जोशीका अनुसार गुणाङ्क मुद्रा पछि देखा परेका पशुपति मुद्रा ४ प्रकारका छन् (जोशी, २०४२: ६०) । वाल्सले पशुपति मुद्रा ६ किसिमका मानेका छन् (Walsh, 1973:50)

। यस्तैगरी जगदिशचन्द्र रेग्मीले निश्चित रुपमा यति नै छन् भन्न सकिदैन भन्दै आठ प्रकारको भनेका छन् (रेग्मी, २०२६ : १८९-२१३) । हरिराम जोशीले यति नै भनी ठोकुवा गर्न नसकिने उल्लेख गरी साधारण फरकपनलाई औंल्याउँदै २० किसिमका मुद्राको उल्लेख गर्नु भएको छ ( जोशी, २०३३ : १२१-२०८) । यस्तैगरी रमेश ढुङ्गेलले पशुपति मुद्राको संख्या यति नै छ भनी किटान गर्न सकिदैन भन्ने राय दिनु भएको छ (ढुङ्गेल, २०४३ : १०३-१०६) । यसरी विभिन्न व्यक्तिहरुको विचारधारा अनुसार पशुपति मुद्राको संख्या निश्चित रुपमा उल्लेख गर्न सकिएको छैन । लामो समयसम्म प्रसारण तथा चलन चल्तीमा रहेको हुनाले धेरै संख्यामा पशुपति मुद्राहरु प्रसारण भएको हुन सक्छ । लामो समयसम्म धेरै जनाले प्रसारण गरेको हुनाले त्यसमा रहेको तौल, आकार, प्रकार र चिन्हहरुमा भिन्नता पाइन्छ ।

जसरी यो मुद्राको संख्या यकिन साथ उल्लेख गर्न सकिएको छैन त्यसैगरी मुद्रा प्रसारणकर्ताको बारेमा पनि विभिन्न मतभेद पाइन्छ । जगदिशचन्द्र रेग्मी (रेग्मी, २०२६ : १८९-२१३), धनवज्र वज्राचार्य (वज्राचार्य, २०३० : २२४), रमेश ढुङ्गेल (ढुङ्गेल, २०४३: ९८-१०६) जस्ता विद्वानहरुले यस मुद्रामा अंकित चिन्ह, लिपि र तौलको आधारमा अंशुवर्माको समयदेखि पशुपति मुद्रा प्रसारण गर्ने चलन सुरु भयो र त्यसपछि क्रमशः अन्य राजाहरुले पनि प्रसारण गर्दै गए भनेका छन् । यही प्रक्रिया पछिसम्म पनि निरन्तर रुपमा चलिरह्यो । यसमा राजोचित 'श्री' अंकित नगरिएकोले यो पूर्णरुपमा धार्मिक भावनाबाट नै प्रसारित मुद्रा हो । त्यसैले यसमा कुनै राजाको नामको संकेत पनि पाइँदैन । 'पशुपतिभट्टारकपादानुध्यात' भनी पशुपति प्रति अतिशय भक्ति प्रकट गर्ने पहिला शासक अंशुवर्माले नै यो मुद्रा प्रसारण गरेका हुन् भन्ने वज्राचार्यको भनाई छ (वज्राचार्य, २०३०: २२४) । रामनिवास पाण्डेले पशुपति मुद्रालाई नरेन्द्रदेवद्वारा प्रसारित गरेको मान्नु भएको छ (Pandey, 1987 : 32-4) । हरिराम जोशीले यस मुद्रामा प्रयुक्त लिपिको आधारमा नरेन्द्रदेव पछिका उत्तराधिकारीले पशुपति मुद्रा प्रचलनमा ल्याएको राय व्यक्त गर्नु भएको छ (जोशी, २०२६ : १२०) ।

अंशुवर्माको समयदेखि लोकप्रिय शैवधर्म नरेन्द्रदेवको पालामा आएपछि शैवसम्प्रदायको पनि प्रयोग भएको देखिन्छ । यस्तैगरी लिच्छवी लिपि पनि ब्राह्मी लिपिकै विकसित रुप हो । यही लिपि क्रमशः विकसित हुँदै जाँदा अंशुवर्माको मुद्रामा कुटिला लिपिको पनि प्रभाव परेको पाइन्छ । साथै पशुपति मुद्रामा पनि यसको प्रभाव पाइन्छ । तर अंशुवर्माको समयमा भन्दा नरेन्द्रदेवको समयमा कुटिला लिपिको प्रभाव बढी परेकाले पशुपति मुद्रा अंशुवर्माको समयमा सुरुवात भएता पनि नरेन्द्रदेवको समयदेखि व्यापक रुपमा निर्माण तथा प्रयोग भएको अनुमान गर्न सकिन्छ ।

तामाद्वारा निर्मित यी मुद्राहरुमा विभिन्न कलश, कमल, अग्नी, वृष, सूर्य, चन्द्र, त्रिशुल, पुरुषको चित्र, वाण, बज्र, डमरु, परशु आदि जस्ता सबै धर्मसँग सम्बन्धित आकृतिहरु देखिन्छन् ( जोशी, उही : १२३-१४८) ।

यिनै विविध आकृति, अभिलेख तथा आकार-प्रकारका आधारमा पशुपति मुद्रालाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

१. अग्रभाग : बिन्दुयुक्त घेराको बीचमा शिलाखण्डमाथि बायाँ खुट्टा पलेटी मारेको तथा दायाँ खुट्टा जमिनमा झुण्ड्याइराखेको ढंगमा अर्थात ललितासनमा अवस्थित एक पुरुषमूर्ति छ, जसको दायाँ हात कम्मरमा राखेको छ । बायाँ हात घुँडामा अड्याएको छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराभित्र पूर्णकलश र त्यसमाथि पात सहितको फुलेको कमल राखेको छ । पूर्णकलश र कमल जोडेको स्थान नेर दायाँ बायाँ गरिएका लङ्मा ब्राह्मीको चौथो रुपको लिपिमा पशुपति अभिलेख अंकित छ ।

तौल : ८.३३९ ग्राम　लिपि : कुटिला
व्यास : २.३ से.मी.　समय : सातौं शताब्दी
धातु : तामा　श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

यस मुद्राबाट तत्कालीन समयमा शिलाखण्डमाथि देवता प्रतिष्ठापित गर्ने परम्परा तथा संस्कृति रहेको बुझ्न सकिन्छ ।

२. अग्र भाग : बिन्दुयुक्त घेराको बीचमा दायाँ हात कम्मरमा राखी बायाँ हात घुँडामा अड्याई शिलाखण्डमाथि ललितासनमा अवस्थित एक पुरुष मूर्तिको आकृति छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराको बीचमा पात सहितको फुलेको कमल राखेको पूर्णकलश छ जसको दायाँ बायाँ गरी दुई लाइनमा ब्राह्मीको चौथो रुपको लिपिमा पशुपति अभिलेख अंकित छ ।

तौल : ६.३२६ ग्राम　लिपि : कुटिला
व्यास : २.२५ से.मी.　समय : सातौं शताब्दी
धातु : तामा　श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

३. अग्र भाग : बिन्दुयुक्त घेराभित्र कमलमाथि ललितासनमा अवस्थित एक पुरुष मूर्ति छ जसको दायाँ हात केही माथि उठाइरहेको छ । बायाँ हात घुँडामा अड्याएर केही समाती राखेको जस्तो देखिन्छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराभित्र कमलमाथि राखेको पूर्णकलश छ जसको ठीक माथि ब्राह्मीको चौथो रुपको लिपिमा 'पशुपति' अभिलेख गोल ढाँचामा कुँदिएको छ ।

तौल : ५.०२९ ग्राम　　समय : सातौं शताब्दी
व्यास : २.२ से.मी.　　धातु : तामा
लिपि : कुटिला　　श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

४. पृष्ठ भाग : बिन्दुयुक्त घेराभित्र, बीचमा बिन्दुयुक्त सानो चक्का छ । यसलाई घेरेर चार दिशामा गरी कुटिला लिपिमा 'पशुपति' चार अक्षर अंकित छ ।

अग्र भाग : बिन्दुयुक्त घेराभित्र दायाँ फर्केर उभिरहेको साँढे र त्यसमाथि चन्द्रकला उत्कीर्ण छ ।

तौल : ९७.५ ग्रेन्स　　नाप : ९०　　धातु : तामा　　लिपि : कुटिला
श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

५. अग्र भाग : बिन्दुयक्त घेराभित्र बीचमा बायाँ फर्केर बसेको साँढे छ । त्यसमाथि सोझो रुपमा ब्राह्मीको चौथो रुपको लिपिमा 'पशुपति' अभिलेख अंकित छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराको बीचमा किरणयुक्त एक ठूलो चक्का छ  जसलाई सूर्यको रुपमा मानिन्छ ।

तौल : १०५, ६.८७७ ग्राम　　नाप : ८.५२ से.मी.
धातु : तामा　　लिपि : कुटिला
समय : सातौं शताब्दी　　श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

६. अग्र भाग : वाणको आकृतिको साथै ब्राह्मीको चौथो रुपको लिपिमा 'पशुपति' आभिलेख कुटिला लिपिमा अंकित छ ।

पृष्ठ भाग : सूर्यको प्रतिकको रुपमा एक चक्का कुँदिएको छ ।

नाप : उल्लेख नभएको

तौल : उल्लेख नभएको

धातु : तामा

लिपि : कुटिला

समय : सातौं शताब्दी

श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

७. अग्र भाग : बिन्दुयुक्त घेराको बीचमा त्रिशूल राखिएको छ । त्रिशुलको दायाँबायाँ तल माथि गरी प.शु.प.ति. अभिलेख कुटिला लिपिमा अंकित छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराको बीचमा अग्नीज्वालाको चिन्ह उत्कीर्ण छ ।

तौल : उल्लेख नभएको

समय : सातौं शताब्दी

नाप : ? उल्लेख नभएको

लिपि : कुटिला

धातु : तामा

श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

८. अग्र भाग : बिन्दुयुक्त घेराभित्र डमरु र बञ्चरो सहितको त्रिशुल उत्कीर्ण छ । सो त्रिशुलको दायाँबायाँ तल माथि गरी प.शु.प.ति. अभिलेख कुटिला लिपिमा उत्कीर्ण गरिएको छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराभित्र तेजयुक्त सूर्यको आकृति उत्कीर्ण छ । यसको चार दिशामा गरी कुटिला लिपिमा पशुपति अभिलेख अंकित छ ।

यो मुद्राको दुवैतिर एउटै अभिलेख कुँदिएको छ ।

तौल : १५३ ग्रेन्स

लिपि : कुटिला

नाप : .९ से.मी.

समय : सातौं शताब्दी

धातु : तामा

श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

९. अग्र भाग : बिन्दुयुक्त घेराभित्र एक पुरुष मूर्ति, दायाँ हात उठाइएको छ । त्यसमा कमल छ र अर्को बायाँ हातले कलश लिन लागेको जस्तो छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराभित्र कलश एवं त्यसमाथि फूलहरु उत्कीर्ण छन् । कलशको दायाँ बायाँ तलमाथि गरी ब्राह्मीको चौथो रुपको लिपिमा ‘पशुपति’ अभिलेख अंकित छ ।

तौल : ११४ ग्रेन्स, ६.३२९ ग्राम

नाप : ०.९ इन्च, २.३५ से.मी.

धातु : तामा

लिपि : कुटिला श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

१०. अग्र भाग : बिन्दुयुक्त घेराभित्र कमलाकृति छ । यसको चार दिशामा गरी 'पशुपति' अभिलेख लिच्छवी लिपिमा उत्कीर्ण गरिएको छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराभित्र उभिराखेको साँढे र त्यसको ठीक माथि चन्द्रकलाको आकृति उत्कीर्ण छ ।

तौल : उल्लेख नभएको लिपि : कुटिला

नाप : उल्लेख नभएको समय : सातौं शताब्दी

धातु : तामा श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

११. अग्र भाग : बिन्दुयुक्त घेराको बीचमा बायाँ फर्केर बसेको साँढेको आकृति छ जसको ठीक माथि एक लाइनमा सोझो रुपमा 'पशुपति' अभिलेख कुटिला लिपिमा उत्कीर्ण गरिएको छ ।

पृष्ठ भाग : बिन्दुयक्त घेराको बीचमा बज्रको आकृति कुँदिएको छ । प्रस्तुत मुद्रामा अंकित बज्रले यसको शैवमतसँग पनि सम्बन्ध रहेको बुझ्न सकिन्छ ।

तौल : १९, ११४ ग्रेन्स लिपि : कुटिला

नाप : ०.९५, ०.९ इन्च समय : सातौं शताब्दी

धातु : तामा श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

१२. अग्र भाग : बिन्दुयुक्त घेराको बीचमा शिला या काठको फल्याकमाथि उभिरहेको साँढेको आकृति छ । त्यसमाथि चन्द्रकलाको आकार अंकित छ ।

पृष्ठ भाग : ठूलो बिन्दुयुक्त घेराभित्र बीचमा सानो एक चक्का छ जसको चार दिशामा गरी 'पशुपति' चार वटा अक्षरमा कुटिला लिपिमा अंकित छ ।

तौल : ६.७१७ ग्राम धातु : तामा

नाप : २.५ से.मी. लिपि : कुटिला

समय : सातौं शताब्दी श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

१३. अग्र भाग : बीचमा एउटा चक्का राखी त्यसको चार दिशामा 'पशुपति' अक्षर चारओटा पातको बीचमा कुटिला लिपिमा अंकित छ ।

पृष्ठ भाग : कुनै आकृति एवं अक्षर छापिएको छैन ।
यसमा बिन्दुयुक्त घेरा अंकित गरिएको छैन ।

तौल : उल्लेख नभएको — लिपि : कुटिला
नाप : उल्लेख नभएको — समय : सातौं शताब्दी
समय : सातौं शताब्दी — धातु : तामा
श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

१४. अग्र भाग : बिन्दुयुक्त घेराभित्र दायाँ फर्केर उभिराखेको साँढको आकृति छ जसको ठकि माथि चन्द्रकला उत्कीर्ण छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराभित्र एकादश रुद्रको प्रतीक स्वरुप बीचमा एक ठूलो बिन्दुसहित जम्मा एघार वटा बिन्दुहरुको एक सानो घेरा छ जसको चार दिशामा गरी ब्राह्मीको चौथो लिपिमा पशुपति अभिलेख उत्कीर्ण छ ।

तौल : ३.७५५ ग्राम — लिपि : कुटिला
नाप : १.९८ से.मी. — समय : सातौ. शताब्दी
धातु : तामा — श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

१५. अग्र भाग : बिन्दुयुक्त घेराभित्र दायाँ फर्केर उभिराखेको साँढेको आकृति छ । यसको ठीक माथि चन्द्रकला उत्कीर्ण छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराभित्र बीचमा किरणयुक्त सूर्यको आकृति उत्कीर्ण छ जसको चार दिशामा गरी पशुपति अक्षर कुटिला लिपिमा कुँदिएको छ ।
तौल : २.२६४ ग्राम, १.९३२ ग्राम
नाप : १.७५ से.मी., १.७ से.मी.
धातु : तामा

लिपि : कुटिला

समय : सातौं शताब्दी

श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

१६. अग्र भाग : बिन्दुयुक्त घेराभित्र बायाँ फर्केर उभिरहेको साँढेको आकृति अंकित छ । यसको ठकि माथि चन्द्रकला उत्कीर्ण छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराभित्र किरणयुक्त सानो एक चक्का छ जसको चार दिशामा गरी 'प शु प ति' चार अक्षर कुटिला लिपिमा उत्कीर्ण छ ।

| | | |
|---|---|---|
| नाप : उल्लेख नभएको | धातु : तामा | समय : सातौं शताब्दी |
| तौल : उल्लेख नभएको | लिपि : कुटिला | श्रोत : उत्तर प्राचीनकालीन मुद्रा |

१७. अग्र भाग : बिन्दुयुक्त घेराभित्र बायाँ फर्केर उभिरहेको ठूलो शरीर भएको साँढेको आकृति छ जसको ठीक माथि चन्द्रकला उत्कीर्ण छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराभित्र किरणयुक्त सानो एक चक्का छ जसको चार दिशामा गरी 'पशुपति' चार अक्षर कुटिला लिपिमा उत्कीर्ण छन् ।

| | |
|---|---|
| तौल : ७.१९ ग्राम | लिपि : कुटिला |
| नाप : २.१५ से.मी. | समय : सातौं शताब्दी |
| धातु : तामा | श्रोत : उत्तर प्राचीनकालीन मुद्रा |

१८. अग्र भाग : बिन्दुयुक्त घेराभित्र शिलाखण्डमाथि ललितासनमा अवस्थित प्रभामण्डलयुक्त एक पुरुष मूर्ति छ जसको दायाँ हात केही माथि उठाइराखेको छ । बायाँ हात जाँघमा अड्याएको छ । मूर्तिको बायाँतिर कमल राखेको कलश कुँदिएको छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराभित्र पूर्णकलश र त्यसमा पात सहितको फुलेको कमल राखिएको छ । पूर्णकलश र कमल जोडेको स्थाननेर दायाँ बायाँ गरी एक लाइनमा कुटिला लिपिमा पशुपति अभिलेख अंकित छ ।

तौल : ८.२४१ ग्राम | नाप : २.३५ से.मी.
धातु : तामा | समय : सातौं शताब्दी
लिपि : कुटिला | श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

१९. अग्र भाग : बिन्दुयुक्त घेराको बीचमा भएको आकृति स्पष्ट नभएकोले सम्भवतः यो बायाँ फर्किएको साँढे हुनुपर्छ । यसको माथि चन्द्रकला कुँदिएको हुनुपर्छ भन्ने अनुमान गरिएको छ ( ढुङ्गेल, २०४३ : १०७) ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराको बीचमा किरणयुक्त एक ठूलो चक्का छ जसलाई सूर्यको रुपमा लिइन्छ । यसमा पशुपति अभिलेख कुँदिएको छैन ।

तौल : ५.२६५ ग्राम | धातु : तामा
नाप : २.१ से.मी. | श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

२०. अग्र भाग : बिन्दुयुक्त घेराको बीचमा दायाँ फर्किएर उभिएको लामो पुच्छर भएको साँढेको आकृति छ जसको माथि चन्द्रकला उत्कीर्ण छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराभित्र द्वादशादित्यको प्रतीक स्वरुप बीचमा एक ठूलो बिन्दुसहित जम्मा बाह्र वटा बिन्दुहरुको एक सानो घेरा छ जसको चार दिशामा गरी ब्राह्मीको चौथो लिपिमा पशुपति अभिलेख उत्कीर्ण छ ।

तौल : ? | लिपि : कुटिला
नाप : ? | धातु : तामा | श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

२१. अग्र भाग : दायाँ फर्किएर उभिएको साँढे र माथि अर्धचन्द्र ।

पृष्ठ भाग : अलिक अस्पष्ट रुपमा पशुपति अभिलेख देखिन्छ ।

आकारको नाप : १.४ से.मी. | धातु : तामा
वरपरको नाप : ४.७ से.मी. | लिपि : कुटिला
तौल : ९ ग्राम | श्रोत : प्राचीन अर्थ व्यवस्था

यो मुद्रा पिटेर बनाएको देखिन्छ ।

२२. अग्र भाग : बीचमा त्रिशूल र त्रिशूलको चारतर्फ प.शु.प.ति. अभिलेख छ ।

पृष्ठ भाग : खाली छ ।

आकार सोझो नापमा संख्या १ जस्तै १.४ से.मी. र वरपर ४.६ से.मी., तौल : .८ ग्राम मात्र छ । यो मुद्रा शुद्ध तामा पिटेर निर्माण गरिएको छ (श्रोतः प्राचीन अर्थ व्यवस्था) ।

२३. अग्र भाग : ४ पत्र भएको कमल र कमल पातको बीचमा ‘पशुपति’ अभिलेख अंकित गरिएको छ ।

पृष्ठ भाग : कमलपातमा नै पशुपति अभिलेख अंकित छ ।

यसको दुवैपट्टि पशुपति अभिलेख देखिन्छ ।

तौल : १.३ ग्राम सोझो नापमा १.८ से.मी. र वरिपरि : ५.३ से.मी. देखिन्छ । पिटेर निर्माण गरिएको यो मुद्रा पातलो छ ।

२४. अग्र भाग : दायाँ फर्किएर उभिएको साँढे र त्यसमाथि अर्धचन्द्र साथै वरपर केही थोप्ला देखिन्छ ।

पृष्ठ भाग : स्पष्ट छैन । यसको आधार सोझो नापमा २ से.मी. वरिपरि ३.१ से.मी. तौल १.२ ग्राम छ । यो अत्यन्त पातलो छ ।

२५. अग्र भाग : पृष्ठ भागमा पशुपति अभिलेख अंकित छ । साँचोद्वारा निर्मित यो मुद्राको अग्र भागको बीचमा त्रिशूल र दायाँबायाँ तलमाथि गरी १-१ अक्षरमा ‘प.शु.प.ति.’ अभिलेख उत्कीर्ण गरिएको छ ।

पृष्ठ भाग : बीचमा सूर्य वरिपरि ४ तिर एक एक अक्षर गरी पशुपति अभिलेख अंकित छ । आकार प्रकार अन्यको जस्तै छ ।

२६. अग्र भाग : दायाँ फर्किएको साँढे र माथि अर्धचन्द्र छ भने वरपरि थोप्ला छन् ।

पृष्ठ भाग : सोझ्रो अक्षरमा पशुपति, माथिपट्टि अस्पष्ट चिन्ह र अर्को पट्टिबाट पनि पशुपति अभिलेख छड्के पारेर लेखिएको छ । तल सूर्य चिन्ह अंकित छ (श्रोत:प्राचीन अर्थ व्यवस्था) ।

यी मुद्राले लिच्छविकालीन मुद्राको निर्माण प्रविध साँचोमा ढाल्नुको साथै पिटेर पनि निर्माण गर्ने परमपरा रहेको बुझाउँछ । बाक्लो, पातलो, साना, ठूला सबै आकार प्रकारका पशुपति मुद्रा जानकारीमा आएको पाइन्छ ।

यसरी विभिन्न आकृति अंकित पशुपति मुद्राहरुमा एकै समयमा मात्र नभएर लामो समयमा बेलाबेलामा प्रसारणमा ल्याइएकोले यिनमा अंकित एकै वस्तुका आकृति पनि अलग अलग स्वरुपमा देखिएका छन् । यी मुद्राको तौल, अकार प्रकार पनि एकै प्रकारको देखिदैन । साथै कुनै अत्यन्त साना त कुनै ठूलो आकारका पनि छन् । यस्तैगरी कुनै मुद्रा अत्यन्त पालता छन् ।

### ३.१.२.७ वृष मुद्रा

लिच्छविकालीन अर्थव्यवस्थामा विनिमयको स्वरुप निर्मित विभिन्न मुद्राहरुमा वृष मुद्रा पनि एक महत्वपूर्ण मुद्रा हो । सर्वप्रथम केशरबहादुर के.सी. ले प्राप्त गरेको यो मुद्राको सम्बन्धमा पनि अन्य मुद्रामा जस्तै विभिन्न मतभेद पाइन्छ । के.सी. ले यो मुद्रा प्राप्त गर्दा एकापट्टि खिएर केही नदेखिने र अर्कोपट्टि वृष अभिलेख मात्र देखिएकोले 'वृष' मुद्रा भनी नामाकरण गरेका छन् (के.सी. १९७१ : २४५-२४८) । यसमा अंकित लिपि र स्वरुपको आधारमा यो मुद्रा आठौं शताब्दीको मानिएको छ (जोशी, २०३३ : २१०) । पछिल्ला समयमा पनि अन्य वृष अंकित मुद्रा प्राप्त भएकोले गहन रुपमा अध्ययन गरिएको पाइन्छ । केशरबहादुर के.सी. ले वृष भएपट्टिको भागलाई अग्र भाग मान्नु भएको थियो । तर त्रिशूल र शिव भएपट्टिको भाग अग्र भाग हो भन्ने कुरा छाउनी मुद्रा संग्रहालयमा संग्रहीत मुद्राबाट बुझ्न सकिन्छ ( स्थलगत अध्ययन) । प्राप्त मुद्रामा अंकित पशुपति, शिव, वृष, अभिलेख तथा साँढे, कमल, त्रिशूलको चित्र आदि हुनुले कुनै राजा विशेषको नाममा नभई धार्मिक भावनाले अभिप्रेरित भई भगवान प्रति समर्पित भएर यो मुद्रा प्रसारण गरिएको अनुमान गर्न सकिन्छ । तर लिच्छविकालमा वृषदेव नामक राजा पनि भएको हुनाले यो मुद्रा राजाको नाममा वा पशुपति ( शिव) को श्रद्धा स्वरुप निर्माण भएको हो भन्ने विवाद पाइन्छ । साथै मुद्रामा समय तथा राजाको नाम पनि स्पष्ट रुपमा उल्लेख गर्ने परिपाटी नभएको ततकालीन मुद्राहरुको निर्माणकर्ताको विषयमा पनि विवाद पाइन्छ । कसैले यो मुद्रा वृषदेवले त कसैले शिवदेव द्वितीयद्वारा निर्माण

भएको मानेका छन् । सत्यमोहन जोशीले यो मुद्राको ढाँचा काँचा साधारणतया पशुपति मुद्राकै समान मानेका छन् (जोशी, २०४२ : ६१-६२) । श्री केशरबहादुर के.सी. ले वृष मुद्रा मानदेवको चाँगु अभिलेखमा उल्लेख गरिएको वृषदेवले प्रसारित गरेको मानेका छन् (K.C., 1972 : 245-248) । तर पशुपतिको जयदेव द्वितीयको अभिलेखमा वृषदेवलाई 'रात्तोत्तम : सुगत शासन पक्षपाती' अर्थात बौद्ध धर्ममा झुकेका श्री वृषदेव भनिएको छ । यदी उनले नै यो मुद्रा प्रसारण गरेको भए साढे अंकित नगरी बुद्ध धर्मसँग सम्बन्धित चिन्ह तथा अभिलेख अंकित गर्नुपर्ने थियो (जोशी, २०४२ : ६२) । साथै यस मुद्रामा 'वृष' अंकित लिपिले पनि के.सी. को मतलाई खण्डन गर्न सहयोग पुगेको छ । यस्तैगरी जगदिशचन्द्र रेग्मी यसलाई शिवदेव द्वितीयद्वारा प्रसारित मुद्रा मान्नु हुन्छ (रेग्मी, २०२६ : २१२-२१५) । मुद्रामा अंकित शिव शब्दले यो मुद्रा शिवदेव द्वितीयले नै निष्काशन गरेको हुनुपर्छ भन्ने धारणा उहाँको छ । N.G. Rhodes तथा अन्य विद्वानहरुले एकाथरी विष्णु गुप्तले र अर्को शिवदेव द्वितीयले प्रसारित गरेको मान्नु हुन्छ (Rhodes and others, 1989 : 39-48) । रमेश ढुङ्गेलका अनुसार शिव र पशुपति पर्यायवाची हुन् । साथै यसमा विद्यमान पशुपति मुद्राकै समान गुणहरु पनि छन् । त्यसैले यसलाई पशुपति मुद्राकै श्रेणीमा राख्न सकिन्छ (ढुङ्गेल, २०४३ : १०९) ।

यो मुद्राको किसिमका विषयमा पनि मतभेद पाइन्छ । कसैले २ प्रकार त कसैले ४ प्रकारका मानेका छन् ।

१. अग्र भाग : बिन्दुयुक्त घेराभित्र उभिरहेको साँढेको आकृति छ र यसको ठीक माथि कुटिला लिपिमा 'वृष' अभिलेख अंकित छ ।

पृष्ठ भाग : फक्रिएको कमलको आकृति छ ।

तौल : ? लिपि : कुटिला

नाप : ? धातु : तामा (मिश्रित)

समय : आठौं शताब्दी श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

२. अग्र भाग : बिन्दुयुक्त घेराको भित्रपट्टि रहेको साधा धर्काको भित्र बायाँ फर्किएर बसेको साँढेको आकृतिच उत्कीर्ण छ । यसको ठकि माथि कुटिला लिपिमा वृष अभिलेख अंकित छ ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराभित्र अर्को साधा घेरा छ । त्यसको भित्रपट्टि त्रिशूलको आकृति अंकित छ । यसको दायाँ बायाँ 'शिव' छुट्टै रुपमा कुटिला लिपिमा उत्कीर्ण गरिएको छ ।

तौल : २.९९३ ग्राम धातु : तामा (मिश्रित)

व्यास : १.६ से.मी. लिपि : कुटिला

श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

३. अग्र भाग : बिन्दुयुक्त घेराभित्र साधा घेरा छ र यसभित्र बायाँ फर्किएर बसेको साँढेको आकृति अंकित छ। यसको माथि कुटिला लिपिमा वृष अभिलेख अंकित छ।

पृष्ठ भाग : बिन्दुयुक्त घेराभित्र त्रिशूलको आकृति साथै त्यसको दायाँ बायाँ गरेर पशुपतिको ४ अक्षर कुटिला लिपिमा अंकित गरिएको देखिन्छ।

तौल : ? धातु : तामा (मिश्रित) नाप : ?

श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

४. अग्र भाग : बिन्दुयुक्त घेराको साथै त्यसभित्र पनि साधा घेरा छ। त्यस घेराको भित्रपट्टि जुध्न लागेका २ वटा साँढेका आकृति देखिन्छन् र ती आकृति तल माथि छन्।

पृष्ठ भाग : बिन्दुयुक्त घेरा र भित्रपट्टि साधा घेरा छ। त्यसभित्र त्रिशूलको आकृति देखिन्छ। यसको दायाँ बायाँ शिव अभिलेख कुटिला लिपिमा अंकित छन्।

तौल : २.८०८ ग्राम धातु : तामा (मिश्रित)

नाप : १.५५ से.मी. लिपि : कुटिला

श्रोत : उत्तर प्राचीनकालीन मुद्रा

यी मुद्राको धातु लिच्छविकालका अन्य मुद्राको भन्दा भिन्दै छ जसमा तामा र पित्तल मिसाएको वा ढलोट जस्तो भएको उल्लेख गरेका छन् (रेग्मी, २०२६ : २१४)। यस मुद्राको पृष्ठ भागमा रहेको आकृतिलाई जगदिशचन्द्र रेग्मी (रेग्मी, २०२६ : २१५), रमेश ढुङ्गेल (ढुङ्गेल, २०४३ : १०९) लगायतले त्रिशूल आकृति मान्नु भएको छ। यस मुद्रामा देखिने डब्ल्यू जस्तो चिन्ह त्रिशूलकै माथिल्लो भाग हुनुपर्छ किनकी यो मुद्रालाई शैव धर्मसँग सम्बन्धित मानिएको छ।

यसरी विभिन्न विद्वानहरुको विचार अनुसार यो मुद्रामा वृष, पशुपति, शिव अभिलेख र त्रिशूल चिन्ह अंकित छन्। त्यस्तैगरी पशुपति मुद्रामा पनि कमल, वृष र त्रिशूल अंकित छन्। साथै दुवैमा कुटिला लिपि प्रयोग गरिएको पाइन्छ। यी सबै तथ्य वा समानताको आधारमा पशुपति मुद्रा जस्तै वृष मुद्रा पनि पशुपति नाथको सम्मानमा प्रसारण गरिएको हुन सक्छ।

यसैगरी यो मुद्रा कुन समयतिर प्रसारण गरियो भन्ने सन्दर्भमा हेर्ने हो भने संवत् ५७ को थानकोटको भिमार्जूनदेव र जिष्णु गुप्तको अभिलेखमा गोयुद्ध अर्थात साँढे जुधाउने भन्ने उत्सवको उल्लेख पाइन्छ (वज्राचार्य, २०३० : ४३५) । यो मुद्रामा पनि साँढे जुधाइको चिन्ह अंकित गरिएको छ । त्यही अभिलेखमा अंकित गोयुद्धको प्रभाव यो मुद्रामा पनि परेको हुन सक्छ । त्यसैले यो मुद्रा पनि करिब करिब यही समय वा सातौं शताब्दी पछिका मान्न सकिन्छ । यस्तैगरी तत्कालीन समयमा 'वृष' अंकित भएर पशुपतिको सम्मानमा निर्माण गर्ने परम्परा रहेको थियो भन्ने बुझ्न सकिन्छ (ढुङ्गेल, २०४३ : १०९) ।

आर्थिक जीवनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने मुद्राको नेपाली इतिहास, सभ्यता र संस्कृतिको अध्ययन तथा अन्वेषणमा महत्वपूर्ण स्थान छ । विभिन्न समयमा निर्मित विभिन्न मुद्राहरुले तत्कालीन समाजको विविध पक्षको जानकारी पाउन सकिन्छ । धार्मिक पष, विश्वास, कलाकृति लगायतका पक्षहरुको बारेमा तत्कालीन मुद्राहरुको अध्ययनबाट बुझ्न सकिन्छ । आर्थिक सम्पन्नता भए नभएको जानकारी दिने माध्यम पनि स्वयं मुद्रा नै बनेको पाइन्छ । यिनै विविध पक्षको अध्ययनमा पुरातात्विक स्रोतको रुपमा अभिलेख जस्तै सदैव मुद्राको खोज भइरहन्छ । यस्तै खोज र अनुसन्धानको क्रममा हालसम्म प्राप्त हुन आएका मुद्राहरुको जानकारी अनुसार नेपालमा धातुको मुद्रा प्रसारण गर्ने कार्यको थालनी लिच्छवी कालमा भएको पाइन्छ । सर्वप्रथम राजा मानदेवले पाँचौं शताब्दीमा 'श्री मानाङ्क' नामक तामाको मुद्रा प्रसारणमा ल्याएपछि सोही कार्यलाई अन्य शासकहरुले पनि निरन्तरता दिदै गएको पाइन्छ । नेपालका प्रारम्भिक युगका यी मुद्राहरुमा राजाको नाम पनि स्पष्ट नभएबाट कुन समयमा कसले मुद्रा प्रसारण गरे विवादकै विषय बनेको छ । यस्तैगरी लिच्छविकालमा जति पनि मुद्रा निष्काशित भए ती मुद्राहरुमा मूल्य तोकिएको थिएन पण, पुराण, द्विपण, कार्षापण आदि एकाईले उल्लेख गरिन्थ्यो। यस समयका मुद्राहरु समान आकार, प्रकार, साइज, तौलका छैनन् वा एकरुपता हुँदैनथ्यो तर सबै मुद्राहरुको औसत आकार प्रकार गोलो रुपको पाइन्छ ।

मुद्रामा प्रसारणकर्ताले आफ्नो विशेष आस्था भएको धर्मका चिन्हहरु कमल, साँढे, सूर्य, देवी, त्रिशूल, हात्ति, बज्र, सिंह जस्ता चिन्हहरु अंकित गरिएको पाइन्छ । मुद्राको छेउमा बिन्दुयुक्त घेरा दिएर सानो साइजमा पनि चिन्ह, अभिलेख उत्कीर्ण गर्न सक्नु तत्कालीन कलाकारिताको उत्कृष्ट नमूना मान्न सकिन्छ । साथै यस समयमा लिच्छवी, कुटिला लिपि र संस्कृत भाषाको प्रयोग भएको जानकारी दिने मुद्राहरुबाट राजनैतिक अवस्था बारे पनि बुझ्न सकिन्छ । जिष्णु गुप्त तथा अंशुवर्माको मुद्राले उनीहरुको राजनैतिक व्यक्तित्वमाथि प्रकाश पारेको छ । धार्मिक समाज भएको प्रमाण स्वरुप उनीहरुले आफ्ना मुद्रामा भगवान प्रतिको

श्रद्धा भक्ती दर्शाएर अभिलेख तथा चिन्हहरु अंकित गराएका छन् । जस्तो पशुपति मुद्रा र वृष मुद्रा वैश्रवण मुद्रा आदि । यी सबै मुद्रा साँचोबाट निर्माण गरिन्थ्यो तर कतिपय मुद्रा धातुका पाता पिटेर पनि निर्माण गरिन्थ्यो भन्ने प्रमाण केही पशुपति मुद्राबाट जानकारी पाइन्छ ।

वास्तवमा लामो समयसम्म शासन सत्ता सञ्चालन गरेता पनि तत्कालीन सिमित समयका मुद्रा मात्र प्राप्त छन् । अभिलेखीय तथा साहित्यिक स्रोतको आधारमा धेरै राजाहरुको नाम पाइन्छ । तर मुद्रा तथा अभिलेख प्रशस्त मात्रामा पाइएको छैन । एक जनाले चलाएको मुद्रा नै अरु पुस्ताले पनि प्रयोग गर्दथे होला । त्यसैले मुद्रा प्रसारण गर्नेतिर ध्यान नगएको हुन् सक्छ । पछिल्ला समयमा भने पशुपति मुद्राले व्यापकता पाएको थियो । यसपछि मध्यकालीन समयमा शिवका दम्मको उल्लेख पाइन्छ । उत्तर मध्यकालमा भने प्रशस्त मात्रामा मुद्राहरु प्रसारण गरेको जानकारी पाइन्छ ।

## ३.२ लिच्छविकालमा प्रचलित मौद्रिक इकाईहरु

मुद्राको अर्थ धातुका पैसा भन्ने हुन्छ जसलाई मानवले विनिमयको माध्यमको रुपमा प्रयोगमा ल्याएका हुन्छन् । आफ्ना कम अअवश्यक सामाग्री अरुलाई दिएर तिनीहरुबाट बढी आवश्यक सामाग्री लिनु वस्तु विनिमय  हो । विनिमय प्रथाको जटिलताको फलस्वरुप मुद्राको आविष्कार भयो ।

लिच्छविपुर्वका भन्न सकिने मुद्राहरु प्राप्त भएका छैनन् । तर लिच्छविकालमा धेरै प्रकारका मुद्राहरु प्रसारण भए । यस समयका विभिन्न मुद्राहरुको मौद्रिक एकाई भने प्रष्ट छैन । शिवदेव+जिष्णुगुप्तको संवत् ५७ को आदिनारायण अभिलेख, पशुपतिको संवत् १०३ को नरेन्द्रदेवको अभिलेख, नक्साल नारायण चौरको जयदेव द्वितीयको अभिलेख आदिमा तत्कालीन समयमा प्रचलित विभिन्न एकाइहरुको उल्लेख पाइन्छ जसमा कार्षापण, पण, पुराण, पणपुराण, द्विपण, ताम्रिकपण जस्ता एकाईहरुको उल्लेख गरिएको छ । तर ती एकाइहरुसँग प्राप्त मुद्राको के सम्बन्ध छ निश्चित रुपमा भन्न सकिएको छैन । यस्तैगरी उल्लेखित एकाईका यी मुदाहरु के बाट बनेको स्पष्ट छैन तर अभिलेखमा 'ताम्रीकषण' भन्ने उल्लेख भएबाट तामाबाट बनेको होला भन्ने अनुमान गर्न सकिन्छ (रेग्मी, २०२६ : २२२) ।

ऋग्वैदिककालदेखि नै व्यापार र विनिमयसँग सम्बन्धित पण शब्दलाई इशापूर्वका प्राचीन भारतीय ग्रन्थमा मुद्राको रुपमा उल्लेख गरेको देखिन्छ (ढुङ्गेल, २०४३ : ५१) । लिच्छविकालमा सबभन्दा सानो मौद्रिक एकाई पण हो । यसको तौल सम्बन्धमा विभिन्न विद्वानहरुले आ-आफ्नै

राय प्रस्तुत गर्नु भएको छ । डि.सी. सरकारले १४६.४ ग्रेन, कनिङ्घमले १४४ ग्रेन भनी उल्लेख गरेका छन् (ढुङ्गेल, उही : ५०) ।

थानकोटको भिमार्जुनदेव+जिष्णुगुप्तको अभिलेखमा कर सम्बन्धी उल्लेख छ जसमा आधा कर बुझाउने भन्ने वाक्य पाइन्छ । यस अभिलेख अनुसार १६ पणको १ कार्षापण हुने कुरा बुझ्न सकिन्छ (वज्राचार्य, २०३० : ४३७) । यस्तैगरी तत्कालीन समयमा १ पण बराबर १ पैसा मानिन्थ्यो (ढुङ्गेल, २०४३ : ५२) । यसरी प्राचीन नेपालमा विनिमयको माध्यममा देखा परेको पणको प्राचीनता चार हजार वर्ष पुरानो मानिन्छ(जोशी, २०३३ : ३) । अभिलेखहरुमा कतै पण र कतै ताम्रिक पण उल्लेख भएकोले जगदिशचन्द्र रेग्मीले 'पण' तामा साथै अन्य धातुका समेत हुन सक्ने विचार व्यक्त गर्नुभएको छ (रेग्मी, २०२६ : २२२) । तर लिच्छविकालका अन्य धातुका मुद्रा प्रमाणित रुपमा अहिलेसम्म प्राप्त भएको छैन ।

यस्तैगरी तत्कालीन अभिलेखमा मौद्रिक एकाईको रुपमा पण जस्तै पुराणको उल्लेख पाइन्छ (वज्राचार्य, २०३० : ३०१-३२०) । अंशुवर्माको समयका अभिलेखमा पुराण भन्ने एकाईले महत्वपूर्ण स्थान पाएको देखिन्छ । उनको संवत् ३० र ३२ को हाँडीगाउँ अभिलेख, संवत् ८० को नरेन्द्रदेवको अनन्तलिंगेश्वर अभिलेख, संवत् २१ को भृङ्गारेश्वरको शिवदेव प्रथमको अभिलेख, शिवदेवको ठिमीको अभिलेख आदिमा स्पष्ट रुपमा पुराण शब्दको उल्लेख पाइन्छ । यस्तैगरी अंशुवर्मा र नरेन्द्रदेवको कुनै कुनै अभिलेखमा पण पुराण बुझाउन प र पु को उल्लेख गरेको पाइन्छ । पण जस्तै पुराण पनि कुन धातुबाट बनेको हो तथा यसको एकाई कति हो भन्ने कुरामा मतमतान्तर रहेको पाइन्छ । लिच्छविकालमा प्रचलित मौद्रिक एकाईमा ६४ पणको १ पुराण हुने भएकोले यो पुराण सबैभन्दा माथिल्लो मौद्रिक एकाई थियो भन्ने बुझ्न सकिन्छ ।

यस्तैगरी नरेन्द्रदेवको अनन्तलिंगेश्वर अभिलेखमा लिच्छवीकालका मौद्रिक एकाई पण र पुराण जस्तै पणपुराणलाई पनि एउटा छुट्टै मौद्रिक एकाईको रुपमा उल्लेख गरिएको छ । यसको एकाई, धातु तथा पण, पुराण एउटै हो वा छुट्टै हो भन्ने विषयमा पनि मतभेद पाइन्छ । लिच्छविकालका अभिलेखमा पण, पुराण, पणपुराण शब्द एउटै अभिलेखमा पाइएकोले पणपुराण छुट्टै नभएर एउटै इकाई हो भन्न सकिन्छ ( वज्राचार्य, उही : १२९, १३४) ।

यस्तैगरी नक्साल नारायणचौरको अभिलेखमा रहेको सद्विपणः देयाः शब्दको आधारमा त्यसबेला दिपण भने छुट्टै एकाई भएको मुद्रा हो भन्ने विश्वास गरिन्छ (रेग्मीः २०२६ : २२२) । तर रमेश ढुङ्गेलले नक्साल नारायणचौरको अभिलेख बाहेक अन्यत्रको अभिलेखमा पनि द्विपणको

उल्लेख भएमा मात्र यो द्विपण नामक दुई पण बराबरको छुट्टै मौद्रिक एकाईको मुद्रा थियो भन्ने कुरा स्पष्ट पार्न सकिन्छ भन्ने विचार व्यक्त गर्नु भएको छ(ढुङ्गेल, २०४३ : ५५) ।

यस्तैगरी लिच्छविकालीन मौद्रिक एकाईमा कार्षापण पनि एक महत्वपूर्ण एकाई हो । मौद्रिक इतिहासमा कार्षापणको उल्लेख प्राचीनकालदेखि नै भएको पाइन्छ । यसको शाब्दिक अर्थ छुट्टा छुट्टै वा भिन्न भिन्न मूल्यका मुद्रा भन्ने हुन्छ । संवत् ५१२ को शिवदेवको अभिलेख र संवत् ५७ को भिमार्जुन देव+जिष्णु गुप्तको थानकोट अभिलेखमा कार्षापण शब्दको उल्लेख पाइन्छ । थानकोट अभिलेखमा जसले कार्षापण तिर्नुपर्थ्यो । त्यसले आठ पण तिरे पुग्छ भनिएको छ । यसबाट लिच्छविकालमा १६ पणको १ कार्षापण हुँदो रहेछ भन्ने थाहा पाइन्छ (वज्राचार्य, २०३० : ४३७) । लिच्छविकालमा सबै मुद्रा तामाबाट बनेको पाइएकोले यो मुद्रा पनि १६ पण बराबरको तामाको एकाई हो भन्ने बुझिन्छ । अमरकोशअनुसार कार्षापण रजतमुद्रा रहेको छ । भारतका पुरातत्वविद् डि.सी. सरकारले पुराण र कार्षापणलाई रजतमुद्रा मानेका छन् (जोशी, २०३३ : ४) ।

लिच्छविकालीन अभिलेखमा उल्लेखित मौद्रिक एकाई (ढुङ्गेल, २०४३ : ५२)

| क्र.सं. | लिच्छवी एकाई (पण) | वर्तमान एकाई(पैसा) |
|---|---|---|
| १ | १ पण | १ पैसा |
| २. | ४ पण | १ आना=१ पैसा |
| ३. | ८ पण | २ आना=८ पैसा |
| ४. | १६ पण | १ कार्षापण-४ आना-१ सुका |
| ५. | ३२ पण | २ कार्षापण-८ आना- १ मोहर |
| ६. | ६४ पण | १ पुराण-१६ आना - १ रुपैया |

नेपालमा प्राचीनकालदेखि नै राज्यको स्रोत बढाउने व्यापार हो भन्ने बुझिन्छ । कौटिल्यको अर्थशास्त्रमा पनि व्यापारको उल्लेख पाइन्छ । लिच्छविकालीन नेपालको आर्थिक अवस्था राम्रो भएकोले व्यापारको सहजताको लागि तत्कालीन शासकले मुद्रा प्रचलनमा ल्याएका थिए । तर तत्कालीन मुद्रा कम मात्रामा प्राप्त भएबाट वस्तु विनिमय प्रथा पनि लोकप्रिय रहेको बुझ्न सकिन्छ । तत्कालीन अभिलेख अध्ययन गरेको खण्डमा पण, पुराण, पणपुराण, कार्षापण आदिको उल्लेख पाइन्छ (रेग्मी, २०२६ : २१९) ।

यिनै मौद्रिक एकाई बाहेक लिच्छविकालीन अभिलेखमा रुप्य, हिरण्य, मृत्तिका, आदि मुद्रासँग सम्बन्धित शब्दहरुको उल्लेख पाइन्छ । तर हालसम्म तामा बाहेक अन्य धातुको मुद्रा जानकारीमा आएको पाइँदैन (ढुङ्गेल, २०४३ : ५९) । संवत् ११९ को लगन विष्णु मन्दिरको शिलालेखमा वैद्यग्रामका बासिन्दाहरुलाई तिनीहरुले सरकारलाई तिर्दै आएको भाग, भोग, कर, हिरण्य आदि राजकीय आम्दानी आइन्दा पाशुपत सम्प्रदायका आचार्यहरुलाई तिर्ने गर्नु भनी

राजाज्ञा वर्णित भएबाट त्यस समयका हिरण्यको रुपमा स्वर्णमुद्रा प्रचलित रहेको बुझिन्छ ( जोशी, २०३३ : ५) । तर तत्कालीन समयको अन्य मुद्राको प्रमाणित स्वरुप अहिलेसम्म भेटिएको छैन । खोपासीको पक्की इनारमा भेटिएको कुटिला लिपिमा विद्या लेखिएको सुनको पाता (जोशी, २०४२ : १२) र कपिलवस्तु र निकटवर्ती स्थानमा पाइएको सुवर्णपत्ताको उल्लेखले सुवर्ण मुद्राको संकेत मिलेता पनि तथ्य एकाई र स्वरुपको अप्राप्तिले स्पष्ट रुपमा यही हो भन्न सकिने आधार पाइँदैन (ढुङ्गेल, २०४३ : ६०) । तत्कालीन अभिलेखमा पनि ताम्रकुट्टशालाको मात्र उल्लेख आएकोले मुख्यतः तामाका मुद्रा नै प्रचलनमा आएको हुनुपर्छ । त्यसैले तत्कालनि समयमा सुनको मुद्रा चलेको हुन सक्ने सम्भावनाको मात्र उल्लेख गर्न सकिन्छ । सुन वहुमूल्य धातु हुनाले केही मात्रामा चलेता पनि गरगहना बनाउन प्रयोग गरिएको पनि हुन सक्छ ।

यस्तैगरी लिच्छविकालीन समयमा माटाको मुद्रा पनि प्रचलनमा थिए भन्ने कुरा तत्कालनि अभिलेखमा 'मृत्तिका' शब्दको उल्लेखको आधारमा केही विद्वानहरुले आफ्नो धारणा व्यक्त गर्नु भएको छ । शिवदेव र अंशुवर्माको खोपासी अभिलेखमा उल्लेखित 'पञ्चाशज्जातिशुक्लमृत्तिका देया' (वज्राचार्य, २०३० : २७४) भन्ने वाक्यांशलाई ५० वटा पोलेका सेता माटाको मुद्रा भन्ने अर्थ लगाइएको छ (ज्ञवाली, २०१९: १३७) । यसैलाई जगदिशचन्द्र रेग्मीले पचास प्रकारका सेतो माटो भन्ने अर्थ लगाउनु भएको छ (रेग्मी, २०२६: २२७) । नरेन्द्र देवको अनन्तलिङ्गेश्वर अभिलेखमा उल्लेखित 'दासीनम्पुराण' अर्थात ८० मृत्तिका पुराण माटो.... ६० पणपुराण दासीलाई दिनु भन्ने अर्थ लगाइएको छ (वज्राचार्य, २०३० : ४८६-४८८) ।

यसरी लिच्छविालीन अभिलेखमा उल्लेखित मृत्तिकालाई कसैले मुद्रा र कसैले माटो भन्ने राय व्यक्त गर्नु भएको छ । रमेश ढुङ्गेलले प्राप्त 'शिवस्य' अभिलेख अंकित माटाको चक्का र छाउनी संग्रहालयमा राखिएको 'रुपवर्मा' लिपि अंति भएको माटाको टोकन पनि विनिमयको माध्यम थियो । त्यसैले यी टोकनलाई मुद्रा भनी उल्लेख गरिएको छ (ढुङ्गेल, २०४३ : ६१-६२) । जगदिशचन्द्र रेग्मीले यी टोकनलाई कुनै संघ संस्था वा सरकारी कार्यालको छाप मान्नु भएको छ (रेग्मी, २०२६ : २१७) । वास्तवमा यी टोकन निम्नस्तरीय जनताको लागि विनिमयको साधन बनाइएको पनि हुन सक्छ ।

# चौथो अध्याय

## ४. लिच्छविकालीन मुद्राको धार्मिक तथा सांस्कृतिक अध्ययन

### ४.१ लिच्छविकालको धार्मिक तथा सांस्कृतिक अध्ययन

संस्कृतिले विस्तृत क्षेत्र समेटेको छ । संस्कृतिका धरोहरका रुपमा रहेका धर्म, विश्वास, रीतिरिवाज, परम्परा, कला, वास्तुकला, प्रविधिको विशेष महत्व छ । समाजशास्त्री तथा मानवशास्त्री E.B. Tylor का अनुसार "संस्कृति त्यो समष्टिगत जटिलता हो जस अन्तर्गत समाजको सदस्यको रुपमा मानिसले सिकेर आर्जन गरेका ज्ञान, विश्वास, कला, नीति, नैतिकता तथा आदर्शहरु, नियम तथा कानूनहरु, बानी व्यहोरा र अन्य खुबी तथा कुशलताहरु पर्दछन्" ( शर्मा,२०५७ : ३२) । अन्य शास्त्रको जस्तै पुरातत्व शास्त्रले पनि यिनै मानव संस्कृतिको खोजी गर्दा अध्ययन गर्ने स्रोतमध्ये मुद्रा एक महत्वपूर्ण र भरपर्दो स्रोत हो । यस अध्यायमा मुद्राको सांस्कृतिक अध्ययन विस्तृतरुपमा गरिएको छ ।

परम्परागत रुपमा चलिआएका धर्म र संस्कृतिले एकातिर सामाजिक संरचनामा महत्वपूर्ण भूमिका खेल्दछन् भने अर्कोतिर जीवन र जगतप्रतिको विशिष्ट दृष्टिकोण अभिव्यक्त गर्दछ । यिनै धर्म र संस्कृतिको भिन्न भिन्न प्रकृतिको कार्यान्वयन गर्दा प्रतिपादित हुने जात्रा, नाटक तथा कलाकारिताले आध्यात्मिक र मनोरञ्जनात्मकताको बोध गराउँदछ । नेपालमा पनि भिन्न भिन्न कला, संस्कृतिले आफ्नै प्रकारको विशिष्ट ऐतिहासिक महत्व राखेका छन् । लिच्छविकालीन संस्कृतिको धार्मिक तथा सांस्कृतिक प्रभाव मल्लकालीन तथा आधुनिक नेपाली समाजमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा परेको छ । नेपाली धर्म संस्कृतिका आफ्नै परिवेश, मूल्य, मान्यता, कलाकारिता आदिले नेपाल र नेपालीको पहिचान गराउन सफल छ ।

लिच्छविकाल पूर्वको इतिहास तथा संस्कृतिको बारेमा स्पष्ट रुपमा उल्लेख गर्न नसकिएता पनि लिच्छविकालबाट नेपालमा वैधानिक शासनको सुरुवात भएको पाइन्छ । प्रथम प्रमाणिक राजा मानदेवद्वारा प्रतिस्थापित चाँगु अभिलेखले तत्कालीन समाजको बारेमा धेरै कुरा प्रष्ट पर्दछ ।

भौगोलिक अवस्थितिको कारणले गर्दा प्राचीन समयदेखि नै नेपालमा भारततिरबाट बसाई सरी आउने र तिव्वत चिनको भू-भागबाट आउने जनजातिहरुले नै नेपाली समाजको सिलन्यास गरेको बुझ्न सकिन्छ । खासगरी आर्य र मंगोल मुलका मानिसहरुबाट नेपाली समाजको सुरुवात भएको देखिन्छ । थानकोट आदिनारायणको बसन्तदेवको संवत ४२८ को

अभिलेखमा अष्टदश प्रकृति भनेर तत्कालीन समाजमा १८ वटा जाति समूह रहेको तथ्य परेको छ(वज्राचार्य, २०३०:९३)। यसप्रकार नेपालको प्राचीन इतिहासमा लिच्छवीवंशी राजाहरुले विधिवत शासनको सुरुवात गरी नेपाली समाजको सामाजिक संरचनालाई निश्चित आकार दिने कार्य गरिसकेका थिए । लिच्छविकाललाई नेपालको इतिहासमा स्वर्णयुग भनिन्छ । यस समयमा हिन्दु धर्म र संस्कृतिले व्यापकरुपमा स्थापित हुने अवसर पाएको थियो । हिन्दु धर्म अर्न्तगतको शैव धर्मले नेपाल राज्यको स्थापनाकालदेखि नै महत्वपूर्ण स्थान ओगटेको थियो । लिच्छविकालीन अभिलेख तथा मुद्राको आधारमा तत्कालीन समयमा शैव धर्मले राजकीय मान्यता पाएको थियो (रेग्मी, २०३० : ११०-११२) । शैव धर्मको साथ साथै वैष्णव धर्मले पनि लोकप्रिय धर्मको रुपमा समाजमा मान्यता पाउँदै आएको देखिन्छ । नेपालमा विष्णुका अनेक अवतार र प्रतिक कुँदिएका कलाकृति प्राचीनकालदेखि वर्तमानकालसम्म पनि पाइन्छ । गोपाल राजवंशावलीमा राजा हरिदत्त वर्माले चर्तुशिखर प्रदेशमा विष्णुको मन्दिर बनाए भनी वर्णन गरिएको छ (रेग्मी, उही : ११०-११२) ।

मानदेवको समयदेखि नेपालमा वैष्णवधर्मको इतिहास विशेष स्पष्ट भएर आएको देखिन्छ । चाँगुनारायणको अभिलेखको प्रारम्भमा चाँगुनारायणको स्तुति गरिएको छ । यसबाट मानदेव विष्णुका भक्त रहेछन् भन्ने पुष्टी हुन्छ(रेग्मी, उही : ११०-११२ ) । साथै मानदेवले काठमाडौंको तिलगंगा र लाजिम्पाटमा त्रिविक्रम विष्णुका मूर्तिहरु स्थापना गर्न लगाएका थिए । अंशुवर्मा, नरेन्द्र देव, विष्णु गुप्त, जिष्णुगुप्त जस्ता राजाहरुले पनि वैष्णव धर्मप्रति उदारता देखाएको तथ्य लिच्छविकालीन अभिलेखहरुबाट पुष्टी हुन्छ ।

हिन्दु धर्म अन्तर्गत शाक्त सम्प्रदाय पनि पर्दछ । नेपाली समाजमा किराँतकालदेखि नै शाक्त धर्मको शुरुवात भएको देखिन्छ । लिच्छविकालमा भने शाक्त धर्मको लोकप्रियता निकै रहेको तथ्य पलाञ्चोक भगवती, काठमाडौंको शोभाभगवती, नक्साल भगवतीका मूर्तिहरु निर्माण हुनुले पुष्टी हुन्छ । अंशुवर्माको हाँडीगाउँ अभिलेखमा षष्टी देवीको मन्दिरको लागि केही पैसा दिएको वर्णन छ (रेग्मी, उही :१९५) ।

प्राचीनकालदेखि नै नेपाली समाजले ग्रहण गर्दै आएका विविध धर्म वा धार्मिक सम्प्रदायमध्ये बौद्ध धर्म पनि एक हो । भगवान बुद्धको जन्म नेपालको लुम्बिनीमा भएकोले नेपाला प्राचीनकालदेखि नै बौद्ध धर्मको प्रचार भएको बुझ्न सकिन्छ । लिच्छविकालमा विभिन्न विहारहरुको अस्तित्व रहेको कुरा तत्कालीन अभिलेखहरुको आधारमा बुझ्न सकिन्छ (रेग्मी, उही :१०३, १७४) ।

नेपाल एउटा सानो मुलुक भएता पनि यसको आफ्नै गौरव एवं उच्च सांस्कृतिक परम्परा रहिआएको छ । लिच्छविकालीन समयमा वैष्णव, शैव, बौद्ध, जस्ता विभिन्न धार्मिक सम्प्रदायहरु प्रचलित थिए, धार्मिक सहिष्णु समाज थियो । यो परम्परा हालसम्म पनि कायम रहिआएको पाइन्छ । एउटै देवीदेवताको मूर्तिलाई पनि विभिन्न सम्प्रदायमा अनेक नामले पूजा आराधना गरिन्छ । स्वयम्भूको मञ्जुश्रीलाई सरस्वतीको रुपमा, महाँकाललाई शनिदेवको रुपमा र पुशपतिको शिवलिङ्गमा वर्षको एक पटक बुद्धको मुकुट पहिराउने प्रचलन आज पनि छ । यिनै विविधताको फलस्वरुप विनियमको महत्वपूर्ण साधन 'मुद्रा' मा विभिन्न धर्मसँग सम्बन्धित चिन्ह प्रयोग गरिएको पाइन्छ ।

## ४.२ लिच्छविकालीन मुद्रामा प्रयुक्त धार्मिक तथा सांस्कृतिक चिन्हहरुको अध्ययन

नेपालको प्राचीनकालदेखिको इतिहास तथा संस्कृतिको अध्ययनमा मुद्राको विशेष स्थान रहेको पाइन्छ । यसबाट तत्कालीन राजनैतिक, सामाजिक, धार्मिक तथा सांस्कृतिक आदि विषयको जानकारी पाउन सकिन्छ । प्राचीनकालमा भन्दा मध्यकालका स्रोत तथा सामग्रीहरु यथेष्ट मात्रामा भएको हुनाले मध्यकालीन संस्कृति अध्ययनमा सजिलो भएको छ । तर लिच्छविकालीन सामाग्री यथेष्ट मात्रामा प्राप्त नहुने भएकोले सानै आकारको भए पनि मुद्राको अध्ययनबाट विभिन्न पक्षको जानकारी पाउन सकिन्छ ।

मुद्रालाई समाजको प्रतिविम्ब मानिन्छ । मुद्राको व्यापारिक महत्व मात्र नभएर धार्मिक तथा सांस्कृतिक महत्व पनि हुने गर्दछ । यसमा तत्कालीन समयको आस्था, विश्वास, संस्कृति, प्रकृति, रीतिथिति, सामाजिक, धार्मिक, राजनीतिक मनोभावना तथा शासकीय आकांक्षा प्रतिविम्बित गरिएको हुनाले मुद्रालाई समाजको दर्पण भनिन्छ । लिच्छविकालीन मुदामा धार्मिक र सांस्कृतिक जीवनसँग सम्बन्धित विभिन्न धार्मिक चिन्हहरु अंकित गरिएका छन् । मुद्रा निर्माणकर्ताको धार्मिक तथा सांस्कृतिक भावनाको प्रतिनिधित्व हुनेगरी विभिन्न देवीदेवतासँग सम्बन्धित चिन्हहरु लिच्छविकालीन मुद्रामा अंकित गरिएको छ । प्रस्तुत शोधपत्रमा लिच्छविकालीन मुद्रामा अंकित यिनै सांस्कृतिक धरोहरहरुको अध्ययन गरिएको छ ।

नेपालको इतिहास र संस्कृतिमा लिच्छवियुगको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । लिच्छवी संस्कृति नेपाली संस्कृतिको आधार भए पनि तत्कालीन समयमा विविध खालका सांस्कृतिक तत्वहरुको विकास भएको थियो । लिच्छवी पूर्वका मानवहरु अन्धविश्वासबाट केही माथि पुगेका थिए तर लिच्छविकालमा यथार्थतामा आई समाजलाई प्रेरणा दिने खालको धर्म

संस्कृतिको विकास भएको पाइन्छ । कला, वास्तुकलाले फस्टाउने मौका पाएको थियो । यस समयका विभिन्न राजा महाराजा तथा शक्तिशाली व्यक्तिले आफूले मान्ने देवीदेवताको सम्मानमा मुद्रा प्रसारण गरी मुद्रामा आयुध, वाहन आदिको चिन्ह अंकित गरेको पाइन्छ । यिनै विविध चिन्ह तथा आयुधहरुलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

### ४.२.१ विन्दु

लिच्छविकालीन प्रायः सबै मुद्राहरुमा विन्दुयुक्त घेरा छन् । यिनै घेराभित्र नै अन्य धार्मिक तथा सांस्कृतिक भावनाहरु अभिव्यक्त भएका छन् । तान्त्रिक परम्परा अनुसार तन्त्रको उत्पत्ति विन्दुबाट भएको हो । लिच्छविकालीन समाजमा तन्त्रको प्रभाव थिएन की भनी अड्कल काट्न सक्छौं । यद्यपि शैव सम्प्रदायका उग्र प्रकृतिका उप-सम्प्रदायहरु जस्तो मुण्ड श्रृङ्खलिक कापालिक आदि सम्प्रदायहरु थिए (रेग्मी, उही : ३६) । जो तन्त्र संस्कारसँग नजिक छन् । विन्दुले सम्पूर्ण चराचर जगतको प्रतिनिधित्व गर्दछ । विन्दु देवी शक्तिको प्रतिक हो । प्रायः मुद्राको बाहिरी भागमा ६४ वटा विन्दु अंकित गरिएका छन् । जसलाई ६४ योगिनीको प्रतिक मानिन्छ । ६४ योगिनीका विभिन्न नामहरु शिवतत्वरत्नाकार, कालिका पुराण, वृहदनन्दिकेशर, चण्डिपुराण र स्कन्दपुराणमा फरक फरक ढंगले उल्लेख गरिएको पाइन्छ (जोशी, २०५८ : ३९२) ।

### ४.२.२ वृत्त

वृत्त पूर्णताको प्रतिक हो । लिच्छविकालीन मुद्राहरुमा विन्दुयुक्त घेरा साथै सादा घेरा पनि बनाइएको पाइन्छ । सम्पूर्ण कुराहरु सम्भव छन् भन्ने अर्थमा वृत्तको प्रयोग गरिन्छ । घुमेर पुरानै ठाउँमा आइपुग्ने अर्थात् चक्राकार अर्थमा पनि यसको प्रयोग गरिन्छ । मुद्रामा अभिलेखहरु लेख्न, विभिन्न चित्र तथा आकृतिलाई अलग गर्न र कलाकारिताको लागि वृत्त अंकित गरिएको हुनुपर्छ (सुवेदी, २०६८: १४०) । यसले मुद्रालाई कलाकारितापूर्ण देखिन्छ ।

### ४.२.३ सिंह

हिन्दुहरुको धार्मिक तथा सांस्कृतिक दृष्टिकोणमा सिंहले देवीको बाहनको रुपमा धार्मिक मान्यता पाएको छ । सिंह जंगलको राजा भएकोले स्वतन्त्र र शक्तिशालीको प्रतिक हो । राजाहरुको आसनलाई सिंहासन भनिएबाट यस कुराको पुष्टी हुन्छ । किनकी राजालाई देशको शक्तिशाली व्यक्तित्व मानिन्थ्यो । राजाको तुलना जंगलको राजा सिंहसँग पनि  गरिन्छ । भारतीयचक्रवर्ती राजाको चिन्हमा सप्तरत्न मानिएको छ । जस अन्तर्गत हात्ति, घोडा, रथ, मणि, आइमाई, गृहपति र परिणापक लिइन्छ । यी मध्ये सिंह र स्त्री (भोगिनी) मानदेवको

मुद्रामा पाइन्छ (रेग्मी, २०२६ : १६६) । सर्वप्रथम राजा मानदेवको मुद्रामा सिंह अंकित गरिएको छ । लिच्छविकालीन समाजमा शैव र वैष्णव तथा बुद्ध धर्मको साथसाथै शाक्त धर्म पनि प्रचलनमा रहेको विभिन्न अभिलेखबाट पुष्टी हुन्छ । श्री मानाङ्क मुद्राको अग्र भागमा बिन्दुयुक्त घेराको बीचमा वायाँ फर्केर उभिरहेको सिंह उत्कीर्ण छ । यहाँ सिंहले अगाडिको दायाँ खुट्टा उचाली कमलपुष्प समातेको छ (जोशी, २०२३ : ३१) । मानाङ्क मुद्रामा अंकित सिंहको आकृतिको आधारमा उनले आफ्नो सौन्दर्यता र वीरताको अभिव्यक्ति गरेको हुनुपर्छ । उनको चाँगुको संवत् ३८६ को अभिलेखमा जगर फिंजाएको सिंह जस्तै निडर भई राजा पश्चिमतर्फ लाग्नुभयो जस्ता स्वतन्त्र राजामा हुनुपर्ने यस्तै यस्तै विशेषताको अभिव्यक्त गरिएको छ ( वज्राचार्य, २०३०: १६) । यस्तैगरी राजा मानदेव शक्तिपुजक थिए, किनभने सिंह दुर्गा भवानीको वाहन हो(जोशी, २०३३ : ३१) । अंशुवर्माको एक प्रकारको मुद्रामा पखेटावाला सिंहको आकृति उत्कीर्ण गरिएको छ । उनले आफ्नो मुद्रामा तत्कालीन राष्ट्रको समृद्धिका प्रतिक कामदोही अंकित गराएका छन् । पखेटावाला सिंहले पनि यस प्रसंगमा यही कुराको संकेत गर्दछ । ऋग्वेदमा पराक्रमको लागि उदाहरण दिंदा सिंहको उपमा दिने चलन देखिएकोले सिंह पराक्रमको सूचक हुँदा मुद्रामा सिंहको आकृति राखिएको हो भन्ने बुझ्न सकिन्छ । पछि सिंहलाई पनि वशमा राख्नेको रुपमा राजालाई लिइएको थियो(जोशी, २०३१: ३२-३६) । संवत् १८७३ (१९५१ ई) मा पटनामा प्राप्त शुङ्गकालीन गोलाकार पत्थरमा उर्वराकी देवीको साथै पखेटावाल सिंह पनि बनाइएको छ (Banarjee, 1974: 172) । उक्त प्रमाणको आधारमा अंशुवर्माको मुद्रामा अंकित गरिएको पखेटावाल सिंहलाई समृद्धिको प्रतिक मानिन्छ (रेग्मी, २०२६ : १७५) । अंशुवर्माको मुद्रामा सिंहको आकृति उत्कीर्ण गरिएको बारेमा विचार गर्दा सिंह पराक्रमसूचक, राजत्वको प्रतिकको रुपमा मानिएकोले हुन सक्छ ।

मानाङ्क मुद्रामा अंकित सिंहले राष्ट्रध्वजको अभिवाद गरेको तथा कमलपुष्प समातेको देखाइएबाट त्यो सिंहाकृति तत्कालीन समयका राष्ट्रिय चिन्हको रुपमा मानिएको बुझ्न सकिन्छ । यसरी मुद्रामा अंकित सिंहको आकृतिलाई विरता, पराक्रमसूचक र राजाको सूचकको रुपमा राखिएको हो भन्न सकिन्छ । लिच्छविकालमा राज्य शासनलाई सिंहासनको प्रतिकको रुपमा मानिएको तथ्य भिमार्जुन देवको संवत् ५७ को थानकोट अभिलेखबाट प्रष्टिन्छ (वज्राचार्य, २०३० : ४३४-४३५) । यसबाट सिंहको महत्व तत्कालीन समयदेखि नै ज्यादै भएको बुझ्न सकिन्छ । त्यसैले मुद्रामा अंकित सिंह देवीको वाहनको रुपमा राखिएको हैन भन्न सकिन्छ ।

### ४.२.४ चन्द्रमा

चन्द्रमाशितलताको प्रतिक हुन् । उनी हिन्दु संस्कृतिमा पुजनीय छन् । नवग्रहहरुमध्ये एक ग्रहको रुपमा परिचित चन्द्रमालाई जुन, शशि, इन्दु, सोम पनि भनिन्छ । ऋग्वेदमा इन्द्र र अग्निपछि सबैभन्दा बढी मन्त्रहरु सोमको सम्बन्धमा पाइन्छ । ऋग्वेदको प्रथम सुक्तमा चन्द्रमा परमेश्वरको मनबाट उत्पन्न भएका हुन् भनी स्पष्ट शब्दमा भनिएको छ । चन्द्रमाले सोमका साथ अभेद देवताको रुपमा मान्यता पाएको देखिन्छ । चन्द्रमा शब्दले सोमलतालाई बुझाएको तथ्य वेदमा छ । सोमलाई देवता र ब्राह्मणको पनि राजा भनिएको छ (भट्टराई, २०४१ : १०५) । सूर्यलाई ग्रहपति र चन्द्रमालाई नक्षत्रपति भनिन्छ । ज्योतिषशास्त्रमा चन्द्रमाको महत्वपूर्ण स्थान छ । चन्द्रमा दैनिक घटबढ भइरहने र प्राणीहरुको जीवन र भाग्यमा असर पार्ने शास्त्रीय मान्यता रहेको हुँदा यिनलाई भगवानको रुपमा पूजा गर्न थालिएको हो । शिवका अष्टमूर्तिको नामाक्रममा चन्द्रमाको नाम पनि उल्लेख छ । चन्द्रमा र शिवको बीच घनिष्ट सम्बन्ध रहेको पाइन्छ । यो तथ्य शिवको अष्टमूर्तिको अध्ययनबाट थाहा हुन्छ । विष्णु पुराणमा सूर्य जल, पृथ्वी, अग्नी, वायु, आकाश र दीक्षित ब्राह्मणलाई अष्टमूर्ति स्वरुपको मानिएको छ । नेपालको उत्तरप्राचीनकालीन इतिहासमा सर्वप्रथम सोमसिद्धान्त सम्प्रदायको प्रचलन भएको पाइन्छ (रेग्मी, २०३० : ४७) । शिवदेव प्रथमकालीन बनेपाको अभिलेखमा पश्चिम चन्द्रेश्वरको उल्लेख परेको छ(वज्राचार्य, २०३०: २४१) । सोम सिद्धान्त मान्नेहरु चन्द्रशेखर महादेवको पूजा गर्दछन् । लिच्छविकालीन केही मुद्राहरुमा चन्द्रमाको दृश्य अंकित गरिएको पाइन्छ (स्थलगत अध्ययन, राष्ट्रिय संग्रहालय) । अंशुवर्माले जारी गरेको एक प्रकारको मुद्राको पृष्ठ भागमा सिंह आकृति छ भने अग्र भागमा अर्धचन्द्र दृश्य अंकित छ । पूर्वीय हिन्दु राजतन्त्रमा सिंहलाई पराक्रम सूचक र राजसूचकको रुपमा मानिन्छ । अंशुवर्माले आफ्नो मुद्रामा अर्धचन्द्र अंकित गराएर आफ्नो वंशलाई लिच्छविहरुको समरुपमा देखाएको हो भन्ने बुझिन्छ (ढुङ्गेल, २०४३ : ८८) । लिच्छविकालमा प्रचलित पशुपति मुद्रामा चन्द्रमाको चिन्ह अंकित गरिएको छ । चन्द्रमालाई सोम पनि भनिन्छ ।नेपालका शैव मूर्तिमा पहिलेदेखि नै चन्द्राकार पाइएको छ । शिवका विभिन्न अवतार स्वरुप द्वादरज्योर्तिलिङ्गमा पहिलेको नाम सोमनाथ पनि भएकोले चन्द्रमाको पशुपतिसँग सम्बन्ध भएको स्पष्ट हुन्छ (ढुङ्गेल, उही : १०२) ।

हिन्दु धर्मावलम्बीहरुका लागि चन्द्रमा भगवानका प्रतिक हुन् । नेपालमा शैव मूर्तिहरुमा चन्द्रमाको चित्र बनाइनुले चन्द्रमाको शैव धर्मसँग घनिष्ट सम्बन्ध रहेको पाइन्छ । चन्द्रमा सौन्दर्यता र शितलताकोप्रतिक भएकोले चन्द्रमाको कलापक्षलाई आत्मसाथ गर्दै लिच्छविशासकहरुले चन्द्रमालाई मुद्रामा अंकित गराएका हुन् । अंशुवर्माले निष्काशन गरेको मुद्राको चन्द्रमालाई उनी चन्द्रवंशी भएकोले उत्कीर्ण गरेको हुन् भन्न सकिन्छ ।

### ४.२.५ सूर्य

संसारभर उज्यालोको स्रोत तथा दिनको प्रतिकको रुपमा रहेको सूर्य पूजा तथा उपासना मानव सभ्यताको सुरुदेखि नै छ । मानव सभ्यताको आरम्भमा मानवको आद्य चिन्तनले प्रकृतिको रोमाञ्चक र रहस्यमय कृयाकलापलाई अलौकिक दैवी शक्तिको खेल ठानी प्रत्येक प्राकृतिक दृश्यलाई दैवीकरण गऱ्यो । वस्तवमा उज्यालो तथा न्यानोपनको स्रोतको रुपमा रहेको सूर्यको महत्व संसारका सम्पूर्ण प्राणी जगतका लागि आवश्यक भएकोले सबैले आफ्नै तरिकाले महत्व दिएको हुनुपर्छ । सूर्यलाई सबैले सभ्यताहरुमा श्रृष्टिको प्रथम आधार मानेको पाइन्छ । ऋग्वेदको पहिलो श्लोक पनि सूर्यसँग सम्बन्धित छ ।

सूर्यको वर्णन वेद, ब्राह्मण ग्रन्थ, आरण्यक संहिता, उपनिषद लगायतका ग्रन्थहरुमा गरिएको छ । चारै वेदमा इन्द्र र अग्निपछि अत्याधिक मन्त्र सूर्यको वर्णनमा छन् । वैद्धिक धर्मावलम्बीहरुका मुख्य उपास्य देव सूर्य नै हुन् । सूर्य सम्पूर्ण सौर्यमण्डलका स्वामी हुनाले उनलाई ग्रहराजा भनिएको छ (भट्टराई, २०४१ : ९४)। ऋग्वेदमा सूर्यलाई 'संसारको आत्मा' भन्दै अन्धकारलाई नाश गर्ने, रोग व्याधिबाट प्राणीलाई टाढा राख्ने देवताको रुपमा लिएको पाइन्छ । ऋग्वेदमै विष्णुलाई सूर्यको रुपमा परिचय गराउँदै सप्तलोकमा विचरण गर्ने, तीन पाइलाले ब्रम्हाण्ड ढाक्ने देवताको रुपमा चर्चा गरिएको छ (Rao, 1999:73) । बौद्ध धर्ममा सूर्य अक्षगर्भको प्रतिक हो । सूर्य र भगवान शिवको सम्बन्धको बारेमा शिवपुराणमा उल्लेख पाइन्छ ( सुवेदी, २०६८ : १४३) । महादेवका अष्टमूर्तिको नामाकरणमा सूर्यको नाम पनि आउँछ । शिवका ३ नेत्रमध्ये सूर्य पनि एक हो । लिच्छवि राजाहरुले भगवान शिव र सत्यको प्रतिक शैव धर्म प्रति आस्था तथा सम्मान व्यक्त गर्न एवं आफ्नो वीरता दर्शाउन मुद्रामा सूर्यलाई अंकित गराएका हुन् । सूर्य विना यो चराचर सृष्टी नचल्ने भएकोले सूर्यलाई आस्था र सम्मान प्रकट गर्न लिच्छवि शासकहरुले आफ्नो मुद्रामा सूर्यलाई अंकित गराएका हुन् । आफू र आफ्नो राज्यको सौर्यता, वंश र वीरतालाई दर्शाउन लिच्छवि राजाहरुले मुद्रामा सूर्यलाई अंकित गराएका हुन् । यसको साथै हिन्दु धर्म र दर्शनप्रति श्रद्धाभाव राख्दै सूर्यदेवको प्रतिमा निर्माण तथा उपाशना गरेको तथ्य लिच्छविकालीन साक्षहरुबाट पाउँछौं ।

### ४.२.६ त्रिशूल

सबैजसो देवताका भिन्ना-भिन्नै वाहनहरु छन् ।ती वाहनाहरु नै तिनीहरुका यात्राको साधनको रुपमा लिइन्छन् । त्यस्तैगरी देवताहरुले धारणा गरेको आयुधको आधारमा पनि कसको मूर्ति हो भनी छुट्याउन सकिन्छ । शिवले धारणा गर्ने विभिन्न आयुधहरुमध्ये त्रिशुलको विशिष्ट

स्थान छ । शैव मन्दिरमा गजुरसँगै उमामहेश्वर मूर्ति फलक, चतुर्मूर्तिको शिव, एकल शिव, हरिहर, अर्धनारेश्वर सबैमा त्रिशूल कुँदिएको हुन्छ (पौड्याल, २०६०:५९) । त्रिगुण, सत्व, रजो, तमो र त्रीदेव ब्रह्मा, विष्णु र महेश्वर र तिनको कार्य सृष्टि, स्थिति र प्रलयको प्रतिकको रुपमा त्रिशुललाई लिइन्छ (पौड्याल, उही : ५९) ।

लिच्छविकालीन अभिलेख तथा मुद्राहरुमा त्रिशुलको प्रयोग गरिएको पाइन्छ । संवत् १५७ को पशुपति अभिलेखमा शिवलाई अग्लो त्रिशुलयुक्त भनेर वर्णन गरिएको छ । उदयदेवको संवत् ४५ को चित्लाङ अभिलेखमाथि त्रिशुल अंकित गरिएको छ । वृष मुद्रा तथा एक प्रकारको पशुपति मुद्राको अग्र भागमा विन्दुयुक्त घेराभित्र त्रिशुल अंकित गरिएको छ (वज्राचार्य, २०३०:३९८) । बौद्ध धर्ममा त्रिशुललाई त्रिरत्नको रुपमा समेत लिइने भएकोले लिच्छवि राजाहरुले शैव र बैद्ध धर्मप्रति आस्था तथा सम्मान अभिव्यक्त गर्न मुद्रामा त्रिशुलको चिन्ह अंकित गरेका हुन् ।

### ४.२.७ डमरु

शैव ग्रन्थहरुमा डमरु बाजा र त्यसबाट निस्कने आवाजको ठूलो महत्व छ । डमरुलाई बाध्ययन्त्रको रुपमा मात्रै शैव पुराणहरुमा उल्लेख गरिएको छैन । ब्रम्हाण्डको सृष्टिमा डमरुको ठूलो भूमिका छ । डमरुको आवाजबाट नै ब्रम्हाण्डको सृष्टि र संगीतको स्वर निस्किएको विश्वास गरिन्छ (पौड्याल, २०६० : ६०) ।

### ४.२.८ छत्र

छत्र पूर्णताको प्रतिक हो । नेपाली वास्तुकलामा छत्रको महत्वपूर्ण स्थान छ । वस्तु निर्माण भएपछि त्यसको माथिल्लो भागमा पूर्णताको प्रतिक स्वरुप छत्रको निर्माण गरिन्छ । लिच्छविकालमा शैव मूर्ति र मूर्तिकलामा देवताको शीरमाथि छत्र बनाउने परम्परा देखिन्छ । भारतमा लकुलिशको मूर्तिमा छत्र बनाउने परम्परा देखिदैन तर नेपालमा भने लकुलिशलाई छत्र चण्डेश्वर भनिने परम्पराबाट तत्कालीन धार्मिक समाजमा छत्रको महत्वपूर्ण स्थान रहेको कुरा थाहा पाइन्छ (रेग्मी, २०३० : १०५) । लिच्छवि राजा जिष्णुगुप्ताको पालामा राखिएको एक छत्रचण्डेश्वर अभिलेख प्राप्त भएको छ । यस अभिलेखबाट त्यतिबेला लकुलिश पाशुवत सम्प्रदाय चलेको थाहा हुन्छ ।

### ४.२.९ कलश

हिन्दु धर्म र संस्कृतिमा देवीदेवताहरुले प्रयोग गर्ने विविध आयुध र वस्तुहरुमध्ये कलश पनि एक हो । कलश ज्ञानले भरिपूर्ण हुन्छ । हिन्दु संस्कृतिमा कलश पूर्णताको प्रतिक हो । कुनै पनि हिन्दु धार्मिक कार्य कलशको स्थापना विना पुरा हुँदैन । विभिन्न पौराणिक ग्रन्थहरुमा कलशको विषयमा चर्चा गरिएको पाइन्छ । कलशको प्राचीनता देखाउँदा हामी सिन्धु सभ्यतासम्म पुग्न  सकिन्छ । कलश वैष्णव, जैन र बुद्ध धर्मसँग पनि सम्बन्धित भएको देखिन्छ । काठमाडौंको असनचोकमा अन्नपूर्णा देवीको प्रख्यात मन्दिर छ । त्यसमा अन्नपूर्णाको कुनै मूर्ति प्रतिष्ठापन नगरी तिनको प्रतिक स्वरुप पूर्णकलश स्थापित छ (जोशी, २०२३ : १२४) । पूर्णकलश शाक्त सम्प्रदायसँग पनि सम्बन्धित छ । दुर्गा शिवकै शक्ति रहेको हुँदा कलशको शैव धर्मसँग पनि सम्बन्ध रहेको पुष्टी हुन्छ ।

लिच्छविकालीन मुद्राहरुमा कलशको प्रयोग गरिएको पाइन्छ । पशुपति मुद्राको एक प्रकारको मुद्राको पृष्ठ भागमा विन्दुयुक्त घेराभित्र पात सहितको कमल, पूर्णकलशमा देखिन्छ ( स्थलगत अध्ययन, राष्ट्रिय मुद्रा संग्रहालय) । त्यस्तैगरी अंशुवर्माको एक प्रकारको मुद्रो अग्र भागमा बीचमा पूर्णकलशको चित्र छ ( जोशी, उही : १२४) । लिच्छविकालीन अभिलेखको शीर्ष भागमा पनि सूर्य, चन्द्र साथै कलशको चित्र अंकित गरिएको पाइन्छ । लिच्छवि राजाहरुले आफू र आफ्नो राज्यलाई सम्पन्न देखाउन आफ्नो मुद्रामा पूर्णकलशको चिन्ह अंकित गरिएको हुन सक्छ । कलश हिन्दु जीवनदर्शनको महत्वपूर्ण सांस्कृतिक चिन्ह हो । दैनिक जनजीवनमा पूर्णकलश शुभ साइतको प्रतीक मानिन्छ । व्यक्तिगत घर तथा मन्दिरको प्रवेशद्वारमा पनि पूर्णकलश राख्ने परम्परा पाइन्छ । नेपाली समाज र संस्कृतिमा कलशले प्राचीन समयदेखि नै महत्वपूर्ण स्थान प्राप्त गरेको पाइन्छ । लिच्छविहरुले शिलालेख तथा मुद्राहरुमा कलशको स्थापना गरेर कलश प्रतिको आफ्नो श्रद्धालाई अभिव्यक्त गरेका छन् ।

### ४.२.१० लक्ष्मी

लिच्छविकालीन मुद्राहरुको अध्ययनबाट तत्कालीन मुद्राहरु वैष्णव, शैव, शाक्त तथा बौद्ध धर्मसँग सम्बन्धित भएको देखिन्छ । तर ती उल्लेखित मुद्राहरुको तुलनात्मक अध्ययनबाट प्रायः मुद्राहरुमा देवी लक्ष्मीको विशेष महत्व रहेको देखिन्छ । कुनै मुद्रामा मनुष्याकृतिमा पद्मासनमाथि बसेको लक्ष्मी छन् भने कुनैमा लक्ष्मी कै रुप मानिएको गाई उत्कीर्ण गरिएको छ । त्यस्तैगरी कुनै मुद्रामा देवीसँग सम्बन्धित सिंह, हात्ति उत्कीर्ण गरिएका छन् । यस्तै कुनैमा लक्ष्मीको प्रहरणको रुपमा कमल, कलश आदि चिन्हहरु अंकित भएको पाइन्छ ।

लक्ष्मीलाई समृद्धि, सौभाग्य र सौन्दर्यको प्रतीक मानिन्छ । समुद्र मन्थन गर्दा प्राप्त भएका विभिन्न रत्नहरुमध्ये लक्ष्मी पनि एक हुन् । विष्णुको शक्तिको रुपमा लक्ष्मीको वर्णन विभिन्न धार्मिक ग्रन्थहरुमा पाइन्छ । हिन्दु संस्कृतिमा लक्ष्मीलाई श्री र सौन्दर्यकी देवी मानिन्छ । श्री लक्ष्मीको कान्ति र सौन्दर्यले सबैलाई मोहित पारेको उल्लेख विभिन्न ग्रन्थहरुमा पाइन्छ ( पौड्याल, २०६२ : ३५) । दुर्वासा ऋषिको श्रापबाट श्रीहीन भएका देवताहरुलाई भगवान नारायाणको प्रेरणाबाट सबै मिलेर समुद्र मन्थन गरी त्यहाँबाट उत्पत्ति भएकी लक्ष्मीद्वारा श्रीयुक्त भएको हुनाले तिनको ठूलो महत्व रहेको छ । तिनका विविध रुपमध्ये श्री (कमल), गजलक्ष्मी तथा महालक्ष्मी प्रमुख रुपहरु हुन् । कमलबाट उत्पत्ति भई कमलमै आसिन कमलपुष्प धारण गर्ने कमल समान मुख भएकी लक्ष्मीलाई श्री तथा कमलरुपा भनिन्छ (श्रेष्ठ, २००७ : १८) ।

प्रतिमा विज्ञानका पुस्तकहरुमा लक्ष्मीको स्वरुपको विस्तृत वर्णन पाइन्छ । अंशुमदभेदागममा लक्ष्मीको मूर्ति बनाउने विधान बताइएको छ, जस अनुसार सुनौलो वर्णकी, वहुमूल्य रत्नभुषण लगाएकी, सुन्दर आँखीभौंयुक्त, कमलपत्र जस्ता नयन भएकी, शीरमा पनि विभिन्न गहना लगाएकी, दुई भुजायुक्त, दायाँ हातमा पद्म तथा वायाँ हातमा श्रीफल लिएकी रुपमा देखाइन्छ (मैनाली, २०७० : ८२-८६) । यिनलाई संसारमा सुःख समृद्धि बनाउने क्रममा लक्ष्मी र ऐश्वर्य तथा सम्पत्ति नाश गराउने समयमा अलक्ष्मी वा जेष्ठा भनिन्छ (मैनाली, उही : ८२-८६) ।

लिच्छविकालीन मानाङ्क मुद्राको पृष्ठ भागमा लक्ष्मीको आकृति अंकित गरिएको पाइन्छ । विष्णुले लक्ष्मीको रक्षा गरेको उपाख्यानको प्रभाव राजा मानदेवद्वारा प्रचारित मुद्रामा परेको छ । राज्यलक्ष्मीलाई शत्रुबाट जोगाई राजा मानदेवले आफूले रक्षा गर्न सकेको कुराको प्रतिकात्मक लक्ष्मी वा कमल राखेको हुन सक्छ । वैष्णव मुद्राको अग्र भागमा माथि वैष्णव अभिलेख छ । उक्त मुद्राको पृष्ठ भागमा कामदोही अभिलेखको साथसाथै तल कामदोहीको चिनह स्वरुप गाईले बाच्छालाई दूध चुसाइरहेको दृश्य अंकित छ । अंशुवर्माको एक प्रकारको मुद्राको पृष्ठ भागमा विन्दुयुक्त घेराभित्र बीचमा बाच्छालाई दूध चुसाइरहेकी गाईको आकृति अंकित छ । गाईको घाँटीमा घण्टी झुण्ड्याइएको छ । गाईको ठीक माथिपट्टि कामदोही अभिलेख कुँदिएको छ । यसप्रकार धन धान्यकी देवी श्री लक्ष्मीको प्रतीक स्वरुप कामदोही गाईलाई मुद्रामा अंकित गरिएको हो ।

लिच्छविकाल शान्ति र समृद्धिको समय थियो । राजा मानदेवको समयदेखि नै समग्ररुपमा देश उन्नतितर्फ अग्रसर थियो । तत्कालीन अभिलेख तथा मुद्राहरुको अध्ययनबाट

पनि यस कुराको पुष्टी हुन्छ । अतएव आफू र आफ्नो राष्ट्रको वीरता र सम्पन्नताको प्रतीक लिच्छविकालका थुप्रै मुद्राहरुमा अभिव्यक्त भएका छन् । सूर्य, चन्द्र, हात्ति, घोडा आदि तत्कालीन समाजमा समृद्धिका सूचक हुन् । यसप्रकार अंशुवर्माकै समयमा नेपालीहरुको कला, साहित्यको साथै आर्थिक उन्नति र अमनचयन,  सुख, शान्ति भएबाट त्यसको प्रतीक सूचक वैष्णव र कामदोहीको आकृति अंकित गरिएका हुन् (ढुङ्गेल, २०४३ : ८७) । अंशुवर्माले पहिलेदेखि नै आफ्नो व्यक्तित्वलाई प्रदर्शन गर्ने मुद्रामा कामदोहीको चित्र अंकित गराएका हुन् । यस मार्फत अंशुवर्माले तत्कालीन समाज र समृद्धिको कुरा निर्दिष्ट गरेका हुन् । कामदोहीले धनधान्यपूर्ण देश तथा सबैको मनोकांक्षा पूर्तिको संकेत गर्दछ ।

### ४.२.११ हात्ती

हिन्दू तथा बौद्ध धर्मग्रन्थमा हात्तिको महत्वपूर्ण स्थान छ । हात्ति भगवान ईन्द्रको वाहन तथा जंगलको शक्तिशाली जनावर हो । हिन्दू धर्ममा हात्तिलाई ऐरावत हात्तिको रुपमा पूजाआजा गर्ने चलन छ । लिच्छविकालीन गुणाङ्क मुद्राको पृष्ठ भागमा हात्तिको चित्र अंकित गरिएको छ । गुणाङ्क मुद्रा कसले प्रचलनमा ल्याए भन्ने विवाद छ । अंशुवर्माको संवत् ३० को हाँडीगाउँ अभिलेखमा हात्तिको चर्चा परेको छ (जोशी, २०३३ : १०१) । श्री गुणाङ्क मुद्रामा अंकित हात्तिहरु विभिन्न अवस्थामा उत्कीर्ण गरिएको छ जसमध्ये एक प्रकारको गुणाङ्क मुद्रामा हात्ति माथितिर लम्किरहेको देखाइएको छ । यसरी प्रस्तुत मुद्रामा माथितिर लम्कन लागेको हात्तिको मूर्ति अंकित गरिएबाट उक्त मुद्रा प्रसारण गर्ने राजाले आफ्नो दुष्टको संहार गरी आफ्नो वंशको यश एवं गरिमालाई अभिव्यक्त गरेका छन् (जोशी, उही : १००) ।

### ४.२.१२ कमल

कमललाई पद्म पनि भनिन्छ । अत्यन्त सुन्दर, शान्त, मनमोहक हुनाले कमललाई फूलको राजा पनि भनिन्छ । हिन्दू र बौद्ध धर्ममा कमलको फूललाई पवित्र मानिन्छ । सृष्टिको प्रारम्भ नै कमलको फूलबाट भएको वर्णन पुराणहरुमा उल्लेख छ । नेपालमा प्रचलित बौद्ध परम्परा अनुसार स्वयम्भूको उत्पत्ति कमलको बीजबाट भएको हो । कमलको प्राचीनता हेर्दा सिन्धुघाँटीको सभ्यतासम्म पुग्न सकिन्छ । कमल वैष्णव, जैन र बौद्ध धर्मसँग सम्बन्धित छ । वेदका धेरै ठाउँहरुमा कमलको सन्दर्भ परेको छ । हिन्दू र बौद्ध दुवै धर्मका देवीदेवताका हातमा कमलको फूल र आसन पनि कमल फूलको देखाइएको पाइन्छ । ललितपुर त्यागलटोलको अभिलेखमा बुद्ध तथा वोधिसत्वलाई स्तुति गर्दा मैत्री भावना भएका, शुद्ध वज्र लिएका, कमलसहित भएका भनी वर्णन गरिएको छ (वज्रचार्य, २०३०:३८८) ।

नेपालमा मुद्रा तथा अभिलेखमा कमलअंकित गर्ने परम्परा लिच्छविकालदेखि मल्लकालसम्म चलेको छ । लिच्छविकालीन संवत् १५७ को पशुपति अभिलेखमा अष्टदलयुक्त कमल चढाएको वर्णन छ ( वज्रचार्य, उही: ५५४-५५६) । अष्टदल कमल प्रकृतिका आठ रुप हुन्, पञ्चतत्व, मन, बुद्धि र अहंकार । त्यस्तैगरी राष्ट्रिय संग्रहालयमा प्रदर्शित लक्ष्मीको मूर्तिमा पद्म लिइएको देखाइएको हुनाले उनलाई पद्महस्ता लक्ष्मी भनिएको हो । त्यस्तै बौद्ध धर्ममा पञ्चध्यानी बुद्ध तथा अन्य लोकेश्वरहरुको प्रतिमा बनाउँदा हातमा कमल पुष्प लिएको देखाउने चलन छ ।

लिच्छविकालीन मुद्राहरुमा कमलको फूल अंकित गरेको पाइन्छ । राजा मानदेवको मानाङ्क मुद्राको पृष्ठ भागमा नारीमूर्तिलाई कमलाशनमा बसेको देखाइएको छ । उक्त नारी मूर्तिलाई हरिराम जोशीले लक्ष्मीको मूर्ति मान्नु भएको छ (जोशी, २०३३ : १५) । मुद्रामा अंकित सिंहले कुनै अवस्थामा कमलपुष्पलाई समातेको तथा कुनैमा राष्ट्रध्वजलाई अभिनन्दन गरेको देखाइएको छ (जोशी, उही : १५) ।

त्यसैगरी पशुपति मुद्रामा पनि कमलको चित्र अंकित गरिएको छ ।

यसप्रकार हिन्दू सांस्कृतिक तथा धार्मिक जीवनमा कमलको महत्वपूर्ण स्थान छ । हिन्दू तथा बौद्ध धर्मको साथै जैन र इस्लाम धर्ममा पनि कमलको निकै महत्व छ । धार्मिक अनुष्ठानमा कमलपत्र र फूललाई महत्वका साथ लिइन्छ । कमलप्रतिको श्रद्धा र विश्वासको कारण नै लिच्छवि कलाकारहरु र शासकहरुले कमललाई महत्वपूर्ण स्थान दिएका छन् ।

### ४.२.१३ वृष

भगवान शिवका वाहन स्वरुप सिंह, मुसा एवं वृष आदि पशुहरुलाई लिइन्छ । यस्तैगरी अन्य पशुपंक्षीहरुलाई पनि कुनै न कुनै देवीदेवताहरुका वाहनको रुपमा परिकल्पना गरिएका छन् । शिवको वहानको रुपमा अंकित गरिने वृषलाई नन्दि पनि भनिन्छ । ऋषि शिलादका छोराको रुपमा जन्मिएका नन्दिको शिवपुराणमा उल्लेख छ (पौड्याल, २०६० : ५७)“धर्मोऽसि वृषरुप धृक्”- भागवत १।१७।२२। वृषका चार पाउ धर्मका चार आधारशिला मानिनलागे-तप, शौच, दया तथा सत्यको रुपमा (जोशी, २०४५ : १०७ ) । शिवका भक्तमध्ये नन्दि विशेष भक्त हुन् । शिवलिङ्ग स्थापना गरिएको मन्दिर अगाडि वाहनको रुपमा नन्दिको प्रतिमा स्थापना गरिन्छ । उमामहेश्वर मूर्ति फलकमा शिवपरिवारको रुपमा नन्दिको आकृति पशु र मानव रुपमा प्रस्तुत गर्ने प्रचलन  छ । नन्दिको प्रतिमा विनाको शिवपूजा पुरा हुँदैन भन्ने शैव धार्मिक ग्रन्थहरुमा

वर्णन पाइन्छ (पौड्याल, २०६० : ३०)। वैदिक साहित्य तथा अन्य पौराणिक ग्रन्थहरुमा शिवको साथमा उनको वाहन वृषको पनि चर्चा गरिएको छ ।

लिच्छवि राजाहरु शैव धर्मावलम्बी थिए । शैव धर्मप्रति आस्था राख्ने उपाधीहरु ग्रहण गर्दथे । पशुपतिनाथ लिच्छवि राजाको लागि आस्थाको केन्द्र थिए । पशुपतिकै सम्मानमा पशुपति र वृष मुद्रा प्रसारण गरिएको थियो । पशुपति मुद्राको एक प्रकारमा वृषको आकृति अंकित गरिएको छ । वृष मुद्रा पनि विविध प्रकारका प्राप्त भएका छन् । वृष शिवको वहानको अतिरिक्त स्वयं शिवकै पशुरुपमा मानिने परम्परा प्राचीनकालदेखि नै चल्दै आएको हो । शिवको प्रतिकको रुपमा वृष, त्रिशूल, वाण आदिलाई पूजा गर्ने प्रचलन लिच्छविकालमा चलेको थियो । शिवको वाहनको रुपमा कुनै एक प्राणी मात्र नरही विभिन्न प्राणीहरु रहेको वर्णित हुन्छ । ठूलोमा सिंह तथा सानोमा मुसासम्म पनि तिनका वाहनको रुपमा दर्शाइएबाट यिनी प्राणी मात्रका अधिपति भएको कुराको सम्पुष्टिमा सघाउ मिल्छ (जोशी, २०३१ : ९३-९४) ।

### ४.२.१५ श्री

श्री को अर्थश्रेष्ठ वा राम्रो हुन्छ । प्राचीन समयदेखि नै उच्च व्यक्ति वा देवीदेवताको नामको अगाडि श्री लेखिन्थ्यो । हिन्दु आर्य समाजमा यसको उच्च स्थान छ । श्री को प्रयोग ईश्वरीय शक्ति, शोभाको रुपमा, सार्वभौमिकता सम्पन्न, सर्वशक्तिमान एवं एकताको रुपमा भएको पाइन्छ । यससँग जोडिएको अंकले अलग अलग अर्थ बुझाएको उल्लेख छ । श्री १०८ ले सर्वोच्च स्वामी, श्री ६ ले गुरु, श्री ५ ले महाराजाधिराज, श्री ३ ले शक्तिशाली भारदारलाई बुझाउँछ । लिच्छविकालदेखि नै मुद्रामा श्री अंकित गरिएको छ । मल्लकालीन मुद्रामा दुई, तीन वटा श्री प्रयोग गरिएको पाइन्छ । लिच्छविकालमा श्री शब्दको ठूलो महत्व रहेको थियो । त्यसबेला राजा, युवराज, देवी र राजा सरहका सामन्त, संयुक्त शासकहरुले मात्र श्री विशेषण लगाउन पाउँथे । श्री शब्द राज्यलक्ष्मीको पर्यायवाची भएको हुनाले यसको महत्व रहेको छ ( वज्राचार्य, २०३० : ४५) ।

## ४.३ निष्कर्ष

भटमासको गेडी, छाला, माटाको टोकन आदिबाट वस्तु विनिमयको रुपमा प्रयोग गर्दै र मानव सभ्यताको विकासक्रम सँगै इतिहासको रोचक घटना बनेका छन् मुद्राहरु । यिनमा कुँदिएका विभिन्न आकृतिहरुले त्यस समयको धार्मिक, ऐतिहासिक, सामाजिक तथा आर्थिक महत्व दर्शाउँदै तत्कालीन समाजको प्रतिनिधित्व गरिरहेका हुन्छन् । तत्कालीन मुद्राहरुले यहाँको

हरेक धर्मलाई सम्मान गरेका छन् । मुद्रामा धार्मिक चिन्हहरु अंकित गर्ने चलन इ.पू. देखि नै पाइन्छ । नेपालमा लिच्छविकालका मुद्राहरुमा पनि विभिन्न धार्मिक चिन्हहरु जस्तै कलश, त्रिशूल, वज्र, चन्द्र, सूर्य, कमल, वृष, गाई आदि चिन्हहरु अंकित गरिएको पाइन्छ भने लक्ष्मी, कुवेर, शिव आदिको आकृति अंकित गरेको पाइन्छ । विविधतायुक्त तत्कालीन मुद्राहरुमा अंकित चिन्हहरुको अध्ययनले लिच्छविकालीन समाजको धार्मिक र सांस्कृतिक पक्षको जानकारी प्रस्तुत गर्दछन् ।

मुद्रामा अंकित विविध चिन्हहरुमा कमल प्रायः सबै मुद्रामा अंकित चिन्ह हो । हिन्दू तथा बौद्ध दुवै धर्ममा कमलको सम्बन्ध रहेको छ । यस्तै कलशलाई कार्यसिद्धि तथा पूर्णताको प्रतिक मानिन्छ । हिन्दु जीवनका सम्पूर्ण धार्मिक तथा सांस्कृतिक कार्यहरु पूर्ण कलशको स्थापना विना सम्भव छैन । धनुष पनि मानवको आदिमकालदेखि नै प्रचलित हतियार हो । रामायण, महाभारतमा यो निकै चर्चित हतियार हो । सूर्य चन्द्रमालाई हिन्दू तथा बौद्ध धर्ममा भगवान मानिन्छ । यस्तै अर्को चिन्ह डमरु शैव धर्मको लोकप्रिय धार्मिक चिन्ह हो । वज्रलाई हिन्दु धर्ममा भगवान ईन्द्रको प्रतीक तथा मुक्तिमार्गको रुपमा र बौद्ध धर्ममा शुन्यताको प्रतीक तथा बौद्ध धर्मको पवित्र वस्तुको रुपमा मानिएको छ ।

प्राचीनकालदेखि नै शक्तिको वाहन तथा पराक्रम सूचकको रुपमा सिंहलाई लिइन्छ । जंगलका राजा सिंह जस्तै लिच्छवि राजाहरुले आफू स्वतन्त्र र शक्तिशाली जनावरको प्रतिक स्वरुप आफ्नो उपस्थिति मुद्रामा गराएका थिए । यस्तैगरी हिन्दू तथा बौद्ध दुवै धर्ममा हात्तिको महत्वपूर्ण स्थान छ । त्रिशूल भगवान शिवको प्रतीक तथा प्रिय हतियार हो । शैव धर्ममा सृष्टि र संहारको प्रतीक त्रिशूललाई लिइन्छ भने बौद्ध धर्ममा त्रिशूल त्रिरत्नको प्रतीकको रुपमा लिइन्छ । यस्तैगरी लिच्छविकालीन मुद्रामा श्री अंकित गरिएको पाइन्छ । हिन्दू आर्य समाजमा श्री को स्थान उच्च छ । श्री को प्रयोग ईश्वरीय शक्ति, शोभाको रुपमा, सम्मानको रुपमा, मर्यादा तथा उपाधीको रुपमा, सार्वभौमिकता, सम्पन्नता, सर्वशक्तिमान एवं एकताको रुपमा भएको हुन्छ ।

यसरी लिच्छविकालीन मुद्राहरुमा प्रयुक्त विभिन्न आकृति तथा चिन्हहरुले विभिन्न अर्थ तथा संकेत दिएका छन् । मानवले आर्जन गरेको भौतिक र अभौतिक वस्तुमा नै राष्ट्रको स्वाभिमान र अस्तित्व अडेको हुन्छ । आफ्नो मातृभूमिमा परापूर्व कालदेखि हामीले आर्जन गर्दै आएका भौतिक र अभौतिक वस्तुहरुको मौलिकता बचाउनु नै राष्ट्रको स्वाभिमान र अस्तित्व बचाउनु हो । हामीले प्राचीन युगदेखि नै आर्जन गर्दै आएका महत्वपूर्ण सामाग्रीहरु विभिन्न

ठाउँमा छरिएर रहेका हुन्छन् । यिनै सामाग्रीहरुको खोज तथा अनुसन्धान गरी नयाँ नयाँ तथ्यहरु जानकारीमा ल्याई इतिहास तथा संस्कृतिमा नयाँ आयाम थप्न सकिन्छ ।

## ४.४ मुद्रा निर्माण प्रक्रिया

व्यापारको उन्नति साथ साथै मुद्रा निर्माण र प्रयोग गर्ने संस्कृतिको पनि विकास भयो, जसलाई मानवको एउटा महत्वपूर्ण उपलब्धी मानिन्छ । आफ्ना आवश्यकता परिपूर्ति गर्न विनिमयको माध्यमको सहजताको लागि मानवले मुद्रा निर्माण प्रक्रिया सुरु गऱ्यो । देशको आर्थिक अवस्था सुधार्न मुद्राको महत्वपूर्ण भूमिका रहेको हुन्छ । मुद्राको सुरुवात तथा प्रचलन कसले गऱ्यो भन्ने विषयमा विविध मतभेद पाइन्छ तर विभिन्न विद्वानहरुको अनुमानको आधारमा व्यापारी वर्गले सहजताको लागि मुद्रा निर्माण गरेको बुझ्न सकिन्छ ।

मुद्राशास्त्रीको भनाईमा सर्वप्रथम एशिया माइनरको लिडीया भन्ने ठाउँबाट मुद्रा बनाउने प्रणालीको सुरुवात भयो (जोशी, २०४२ : १३) । नेपाली मुद्राको निर्माण र प्रयोग कहिले र कहाँबाट भयो भनी प्रमाणित नभए पनि प्राप्त मुद्राको अध्ययनबाट मुद्रा बनाउने प्रणालीबारे जानकारी पाउन सकिन्छ ।

(क) धातुको पाता काटेर (Unpunched)

(ख) साँचोमा ढालेर (Cast punched marked)

(ग) पिटेर चिन्ह लगाएर (Punched makred)

लिच्छविकालीनमुद्रा को निर्माण प्रविधिबारे अध्ययन गर्ने हो भने तत्कालीन मुद्रा हरु साँचोमा ढाल्ने तथा टक मार्ने विधिबाट निर्माण भएको देखिन्छ (ढुङ्गेल, २०४३ : ११६) । नेपाली राष्ट्रिय मुद्रा प्रचलनको क्रम आजसम्मको अध्ययन अनुसन्धानबाट लिच्छविकालदेखि प्रारम्भ भएको पाइन्छ । पूर्व नं. १ खोपासीको एक प्राचीन पक्की ईनारमा उत्खनन् हुँदा प्राप्त हुन आएका लिच्छविकालीन एक सानो सुनको पाताको (कुटिला लिपिमा 'विद्या' अंकित) अध्ययनबाट त्यसबेला कार्षापण प्रणालीद्वारा मुद्राहरु निर्माण गर्ने प्रणाली रहेको बुझ्न सकिन्छ (जोशी, २०४२ : १४) । यस विधि अनुरुप धातुलाई विभिन्न साइजमा टुक्रा पारिन्छ र मुद्राको स्वरुप दिन अक्षर वा चिन्ह अंकित गरिन्छ । तर यो प्रणालीमा मानिसले धेरै मेहनत तथा समय खर्च गर्नुपर्ने हुन्छ । जसरी प्रविधि तथा विकास सदैव एउटै अवस्थामा रहिरहदैन । त्यसरी नै मुद्रा निर्मण प्रविधिमा पनि सहज उपाय खोज्न थालियो र साँचोमा ढालेर मुद्रा बनाउने प्रणाली सुरु भयो । लिच्छविहरुले पनि यो प्रक्रिया जानेका थिए भन्ने कुरा तत्कालीन मुद्रामा अंकित चिन्हहरुले पुष्टि गर्दछ । यस प्रणाली अनुसार मुद्रा निर्माण गर्दा मैनको सहाराबाट मुद्राको

आकार प्रकार बनाई त्यही आधारमा माटोको साँचो तयार गरी धातु पगालेर हाल्ने र जमेपछि माटो झिकी मुद्राको स्वरुपलाई उपयुक्त ज्यावलको सहयोगबाट राम्रो बनाउने गरिन्छ । लिच्छविकालीन अभिलेखहरुमा अन्य उद्योग धन्दा साथै ताम्रकुट्टशाला शब्द पनि आएको छ । यसले तत्कालीक समयमा धातुको विकास भएको थियो भन्ने बुझ्न सकिन्छ (सुवेदी, २०६८: ५६) । साँचोबाट मुद्रा निर्माण गर्ने प्रणाली मल्लहरुको अन्तिम कालसम्म र शाहहरुको पूर्वार्द्धसम्म कायम भएको पाइन्छ । यही प्रणालीबाट मल्लकालमा तिव्वतको लागि समेत मुद्रा निष्काशन गरिदिएको जानकारी पाउन सकिन्छ । मल्लकालीन पोलिएका माटाका साँचोहरु उत्खनन्मा भेटिएकाछन् (जोशी, २०४२: १५) । पृथ्वीनारायण शाहको समयदेखि मुद्रा निर्माण प्रणालीमा केही सुधार गर्न खोजिएको बुझिन्छ । साथै तिव्वतका लागि निर्माण गरिने मुद्रामा पनि स्तर कायम राख्न खोजिएको  छ । पृथ्वी वीर विक्रम शाहको पालामा रणोद्वीप सिंहले मुद्रा निर्माण प्रविधिमा विकास गरी यनत्रद्वारा मुद्रा निर्माण गर्ने प्रणालीको सुरुवात गरे जसलाई 'पानी ढिकी' भनिन्छ (जोशी, २०४२:  १६) ।

जसरी अहिले कतिपय ग्रामिण भेगमा पानीबाट चल्ने पानीघट्ट बनाइनछ त्यसैगरी तत्कालिन मानवले पनि मुद्रा निर्माणको लागि पानीबाट शक्ति उत्पादन गरी मुद्रा निर्माण गर्ने यन्त्रको विकास गरे । यस यन्त्रद्वारा धातुका पातालाई कुटी मुद्राको रुपमा दुवैतिर अक्षर बुट्टा निकाल्ने गरिन्छ । यसको नाम नै पानी ढिकी मुद्रा राखियो । यो यन्त्र ललितपुरको नख्खु खोलामा थियो (सुवेदी, २०६८: ५६) । यसपछि त्रिभुवनको पालामा प्रधानमन्त्री चन्द्र शम्शेरले कोइला र विजुलीबाट चल्ने मेशिनद्वारा मुद्रा निकाल्न थालेको पाइन्छ, जसलाई धरहरा टक्सार भनिन्छ । यसपछि मुद्राहरु केही स्तरीय पनि देखियो । मुद्रामा राष्ट्रिय चिन्हहरु पनि अंकित हुन थाले । यस्तैगरी अन्य विभिन्न आकृति, प्राकृतिक दृश्य, पर्व उत्सवको उल्लेख, तथा मूल्य अंकित गर्न थालियो । १९८९ सालमा निर्मित टक्सार विभाग २०४० साल मार्ग १५ गतेदेखि नेपाल राष्ट्र बैंकलाई हस्तान्तरण गरियो (ज्ञवाली, २०४० : ८) ।

यसरी देशको सांस्कृतिक, राजनैतिक, धार्मिक र ऐतिहासिक जीवन्तताको अभिलेख राख्ने मुद्रा  कलाको एक उत्कृष्ट विधा पनि हो । अतएव मुद्राले नेपालमा प्रविधिको विकास बारे जान्न पनि सहयोग गर्दछ ।

## ४.५ लिच्छवि मुद्रामा लिपि तथा भाषा

मानव विकासको चरणमा उसले आफ्ना विचारहरु आदान प्रदान गर्ने क्रममा लिपिको विकास गर्‍यो । प्रागऐतिहासिककालका मानवले चित्रहरु बनाउन सिकेको थियो । पछि त्यही

चित्रको आधाारमा लिपिको विकास हुन पुग्यो । समयको क्रमसँगै लेखनकलाको सुरुवात भयो । तत्कालीन लिपि अंकित कतिपय सामाग्रीहरु नाशिएर गए होलान् भने कतिपय नमुनाहरु वर्तमानमा पनि देख्न सकिन्छ । यिनै नमुनाहरुमा पुरातात्विक स्रोत अन्तर्गत पर्ने मुद्रा लिपि अध्ययन गर्ने भरपर्दो स्रोत हो । मुद्रामा अंकित लिपि तथा भाषाले तत्कालीन समयको लिपि विकासको एउटा चरणको प्रतिनिधित्व गर्दछ ।

भारतीय उपमहाद्विपमा इसापूर्व १५०० ताका सिन्धुलेखनको चलन हराएपछि एकै पटक इसापूर्व तेस्रो शताब्दीमा दुई थरिका लेखनका नमुना देखा पर्दछन् । यसलाई ब्राह्मी र खरोष्टी लिपि भनिन्छ । यी दुवै लेखहरुलाई पहिलो पटक चलाउने श्रेय देवाना प्रिय प्रियदर्शी नामले ३६ वटा अभिलेख कुँदाउने सम्राट अशोकलाई जान्छ (रेग्मी, २०६०: १०७) । ब्राह्मीबाट भारतका क्षेत्रीय लिपिको साथसाथै लिच्छवि लिपि, नेवारी, नागरी र देवनागरी लिपिको विकास भएको हो (ऐजन) तर सिधै ब्राह्मीबाट लिच्छवि  लिपिको विकास भएको प्रमाण पाइँदैन । राजा मानदेवको समयभन्दा एक शताब्दी पहिलदेखि गुप्त साम्राज्यमा प्रचलित विभिन्न लेखन शैलीलाई गुप्त लिपि भन्ने नाम दिइएको छ । ती मध्ये कुनै एकबाट लिच्छवि लिपिको विकास भएको हुन सक्छ ((रेग्मी, उही : १५६) ।

लिच्छविहरु पनि कुनै समयमा वैशालीबाटै आएका मानिन्छ । उनीहरु आउने क्रममा त्यहाँको धर्म, संस्कृति, परम्परा भाषा, लिपि पनि उनीहरुसँगै आएको हुन सक्छ । लिच्छविहरुले नेपालमा शासन व्यवस्था कायम गरेपछि गुप्तकालीन भारतको समान संस्कृत भाषामा अभिलेख लेखाउने र मुद्रा प्रसारित गर्ने तथा अन्य विभिन्न कला र संस्कृतिको विकास गरेको बुझ्न सकिन्छ ।

मानदेवकै समयदेखि अभिलेख तथा मुद्राहरुमा लिच्छवि लिपि र संस्कृत भाषा प्रयोग भएको देख्न सकिन्छ । वि.सं. २०१७ सालमा पुरातत्व विभागले यस लिपिलाई ‘लिच्छवि लिपि’ भन्ने नाम दिएको हो (राजवंशी, १९७४ : २४) । यो लिपि लिच्छवि शासनको अन्त्य भएपछि पनि केही परिवर्तन हुँदै चलिरह्यो र कालान्तरमा विभिन्न परिवर्तनका साथ नयाँ नयाँ नामाकरण हुँदै अन्य लिपिहरु देखा परे ।

पाँचौं शताब्दी ईस्वीदेखि तीनसय वर्षसम्म लिच्छवि शासकका मुद्रा तथा अभिलेखहरु पाइन्छ । घन र छिनोको सहायताले कुँदिने ततकालीन अक्षरहरु लेखनको माध्यमको फरकपन सँगै परिवर्तन देखा पर्न थाले ।

लिच्छवि लिपिलाई केही फरकपनले गर्दा पूर्व लिच्छवि र उत्तर लिच्छवि लिपि भनी विभाजन गरिएको छ । अक्षर वा मात्रामा कुटिलता वा कुटिल लिपि देखा पर्न थाल्नुलाई विभाजनको आधार मानिएको छ (रेग्मी, २०६० : १७४) तर कहिलेदेखि विभाजन देखा पर्‍यो भन्ने सम्बन्धमा मतभेद पाइन्छ । गुप्त लिपिबाट विकास भएको कुटिला लिपि यस लिपिका वर्णमा पाइने विशेष कुटिल आकृतिका कारण नै कुटिला भनिएको हो (ओझा, १९९३ : ६२) । यसमा माथिल्लो भागमा दुई भुजा हुने वर्णका दुवै ठाडा रेखाका शिरो भागमा डीको हुन्छ ( ऐजन) । अहमद हसनदानीले दायाँ उर्ध्वरेखा भित्रपट्टि झुकेको वर्णलाई कुटिल भनेका छन् ( Dani, 1963:115) । जर्ज वुलरले कुटिल अक्षरको ठाउँमा न्यून कोणयुक्त वर्ण भन्ने शब्द प्रयोग गरेका छन् (बूलर, १९६६ : १०१) ।

नेपालका अभिलेख, मुद्राहरुमा यस लिपिले कहिलेदेखि स्थान लिग्यो भन्न सकिदैन । ई. ६४३ देखि नेपालमा यसको प्रचलन भएको कुरा हेमराज शाक्य बताउँछन् (शाक्य, २०३० : ५) तर शंकरमान राजवंशी अंशुवर्माको स्वतन्त्र राज्यकालदेखिका अभिलेख तथा मुद्राहरुमा उत्तर लिच्छवि लिपिले स्थान पाएको बताउँछन् (राजवंशी, ई. १९७४ : २४) । कोणयुक्त वर्ण र वर्णको ठाडो रेखाको अन्तिम भाग मोटो बनाउने चलन नेपालमा प्रारम्भदेखि नै पाइन्छ । इकारको र एकारको मात्रामा बक्रता अकस्मात देखिएको विशेषता वा बाह्य प्रभावबाट नभएर नेपालमै क्रमशः देखिदै आउने विकासको परिणाम देखिन्छ (रेग्मी, २०६०: १७५) ।

उत्तर लिच्छवि लिपिका इ, ण, य आदि वर्णको स्वरुपमा प्रारम्भको भन्दा धेरै अन्तर देखा पर्‍यो । यस्तै अन्य अक्षरमा पनि परिवर्तन देखिन्छ । उत्तर लिच्छवि लिपिको उ उल्लुको अनुहार स्वरुपको ण रोमनको एम् स्वरुपको य करिब देवनागरी य जस्तै जस्तै देखिन्छ । चाँगु र हाँडिगाउँको अभिलेख अध्ययन मुद्रामा अंकित लिपि र अभिलेखीय लिपि तुलना गर्दा अक्षरको बनावटमा केही भिन्नता देखिन्छ । लेखन माध्यमको फरकपनले गर्दा परिवर्तन स्वभाविक मानिन्छ ।

मानदेवकालीन अभिलेखहरुमा पूर्व लिच्छवि लिपि अंकित छन् । उनैको चाँगुनारायणको अभिलेखीय लिपि र मानाङ्क मुद्राको लिपि उस्तै उस्तै देखिन्छ (स्थलगत अध्ययन, चाँगुनारायण र मुद्रा संग्रहालय) । यसपछि केही अक्षरमा सामान्य परिवर्तन भएको छ । आकारको अंकुशे मात्रा चिन्हको उपयोग कम हुँदै गएको छ । तर पुरा हटेको छैन । इकारको मात्रामा देब्रेतिर तल झार्ने प्रवृत्ति बढेको छ (रेग्मी, २०६० : १७८) । अंशुवर्मा र जिष्णुगुप्तका समयदेखिका लिपि

आकर्षक छन् । दायाँवायाँ दुवैतिर बाहिर फर्केका दुवै भुजाका टुप्पा निकै तलसम्म पुगेका छन् र दायाँ तर्फको उर्ध्वरेखा सोझो भएको छ । उकारको मात्रा चिन्हमा खास फरक आएको छैन ( रेग्मी, उही : १७८ ) । नरेनद्रदेवको समयदेखि आक्षरको बनोट र मात्राशैलीमा केही परिवर्तन देखिन्छ । 'त' र 'भ' को दाहिने भुजाको टुप्पो दायाँतिर तरंग झैं घुमेको, ह्रस्व इकारको मात्रा निकै बक्र हुनु जस्ता विशेषता देखिन्छ (रेग्मी, उही : १७८ ) ।

मुद्रामा अंकित लिपिमा पनि यही विशेषता देखिन्छ । पूर्व लिच्छवि लिपि प्रमाणित रुपमा मानदेवदेखि अंशुवर्मासम्मका मुद्रामा देख्न पाइन्छ भने उत्तर लिच्छवि लिपि अंशुवर्मादेखि पूर्व मध्यकाल सुरु नहुन्जेलसम्म देख्न पाइन्छ । यसपछि मध्यकालीन विभिन्न लिपि जस्तो भुजिमो, नेवारी, रञ्जना, साथै अरबी, फारसी र अन्त्यमा देवनागरी लिपि विकास भएको तथ्य मुद्रामा अंकित लिपि र अभिलेखीय लिपिको अध्ययनबाट प्रमाणित गर्न सकिन्छ ।

आकारमा सानो भएता पनि तत्कालीन इतिहास र संस्कृति अध्ययनमा मुद्रा महत्वपूर्ण छ । जसरी सानो भए पनि संसार हेर्न आँखाको आवश्यक पर्छ त्यस्तैगरी इतिहास, संस्कृति, भाषा, लिपि अध्ययनमा तत्कालीन मुद्राको आवश्यक छ ।

लिपि मानव संस्कृतिको विकास चरणको एउटा पाटो हो । लिच्छविकालको सुरुदेखिनै केही मुद्रामा राजारानीको नाम, देवीदेवताको नाम तथा शक्तिशाली शासकको नाम अंकित छन् । यस समयका मुद्रँमा श्री मानाङ्क, गुणाङ्क वैश्रगण श्रंयशुवर्मा, महाराजाधिराजस्य, श्रंयशो, पशुपति, वृष, भोगिनी, कामदोही अभिलेख अंकित छन् । तत्कालीन अभिलेख मुद्रा सबैमा संस्कृत भाषा छन् । शायद त्यस समयमा संस्कृत भाषा नै राष्ट्र भाषा नै थियो (जोशी, २०४२ : ३२) ।

यसरी गुप्ताक्षरसँग प्रायः सामाञ्जस्य भएको, ब्राह्मीको द्वितीय रुप पूर्व लिच्छवी र उत्तर लिच्छवी लिपिको लेखनशैली शीर्षचिन्ह प्रायः त्रिकोण रुप लेखिने र अक्षरको आकार केही मात्रामा पछिल्तिर ढल्किने गरी लेखिएको लेखनलाई उत्तर लिच्छवि वा कुटिला लिपि नाम दिइएको छ । यो विभाजन तत्कालीन लिपिमा देखिएको फरकपन हो ।

# पाँचौ अध्याय

## उपसंहार

नेपालको इतिहास र संस्कृति अध्ययनमा मुद्राको महत्वपूर्ण स्थान छ । मुद्रा केवल विनिमयको माध्यम मात्रै नभई त्यसमा अंकित चिन्हहरुले धार्मिक आस्था, विश्वास, कलाकृतिका साथै तत्कालीन राजनैतिक अवस्था, धार्मिक पक्षलाई समेत प्रष्ट्याएको हुन्छ । नेपाली मुद्रा सम्बन्धी जानकारी दिने पहिलो विद्वान जेम्स प्रिन्सेप हुन् । नेपाली मुद्राको बारेमा अध्ययन र अन्वेषण गर्ने क्रममा फ्लिट, वेण्डाल, कर्कपेट्रीक, पर्सिभल ल्याण्डन, सिल्भा लेभी, डा. होइन, इ.एच. वाल्स आदि विद्वानहरु उल्लेखनीय छन् । इ.एच. वाल्सले जर्नल अफ रोयल एसियाटिक सोसाइटीमा 'क्वाइनेज अफ नेपाल' नामक खोजपूर्ण लेख प्रकाशित गरेका थिए । यसपछिका केही नेपाली विद्वानहरु पनि सक्रिय रहेको देखिन्छ । बाबुराम आचार्य, बालचन्द्र शर्म, डी.आर. रेग्मी, ढुण्डीराज भण्डारी, केशर बहादुर के.सी., सत्यमोहन जोशी, हरिराम जोशी, रमेश ढुङ्गेल, आदिले नेपाली मुद्राको अध्ययन र अन्वेषण गर्ने क्रममा महत्वपूर्ण योगदान पुऱ्याउनु भएको छ ।

पुरातात्विक स्रोतहरुमा अभिलेख तथा अन्य स्रोत जस्तै मुद्रा पनि महत्वपूर्ण स्रोतको रुपमा रहेको छ । सरकारले प्रचलनमा ल्याउने विभिन्न आकार र मूल्य तोकिएको कुनै पनि देशका जनताले क्रय, विक्रयको माध्यम वा भुक्तानी संकलनका साधनका रुपमा प्रयोग गर्ने वस्तु वा उपकरणलाई नै मुद्रा भनिन्छ । मुद्रा नेपाली भाषाबाट आएको शब्द हो । यसलाई अंग्रेजीमा मनी (Money) भनिन्छ । मुद्रा सर्वप्रथम कहाँ र कहिले उत्पत्ति भयो भनी निश्चित रुपमा भन्न नसकेता पनि मुद्रा शास्त्रका ज्ञाताहरुले ७०० वर्ष ई.पू. को एशिया माइनर, भारत वर्ष र चीनलाई मुद्रा उत्पत्तिको केन्द्रस्थल मानेका छन् ।

नेपाली मुद्राको ऐतिहासिक क्रममा सर्वप्राचीन मुद्राको रुपमा लिच्छविकालीन मुद्रालाई लिइन्छ । हुन त लिच्छविकालभन्दा अघि नै नेपालमा व्यापार व्यवसाय फष्टाइसकेको विभिन्न ग्रन्थहरुबाट प्रष्ट हुन्छ । तर मौद्रिक विनिमयको सुरुवात प्रमाणित रुपमा लिच्छविकालबाट भएको देखिन्छ ।

नेपालको मैद्रिक इतिहासमा ईस्वीको पाचौं शताब्दीमा राजा मानदेवले प्रसारित गरेको 'श्रीमानाङ्क' मुद्रा नै प्रथम नेपाली मुद्रा हो । यस अघिका कुनै मुद्रा हालसम्म प्राप्त भएका छैनन्

। लिच्छविकालका अभिलेखहरुमा पण, पुराण, पणपुराण, कार्षापण, दिपण आदि मौद्रिक एकाइहरुको उल्लेख पनि पाइन्छ ।

मानाङ्क मुद्राको अग्र भागमा सिंह र मानाङ्क अभिलेख तथा पृष्ठ भागमा देवी लक्ष्मी र श्रीभोगिनी अभिलेख अंकित छ । सिंहका आकृतिहरु उभिएको, ध्वजा समाएको, दिपताकायुक्त ध्वजा समाएको, कमलपुष्प समातेको आदि फरक दृश्यमा प्रस्तुत छ । लक्ष्मीले कुनैमा डाँठयुक्त कमल समातेको कुनैमा अभय, विस्मय मुद्रा कुनैमा विल्वफल उत्कीर्ण गरिएका छन् ।

यसबाहेक लिच्छविकालमा प्रसारित मुद्राहरुमा वैश्रवण, श्रयशु जिष्णु गुप्त र अंशुवर्मा बाहेकमा नाम स्पष्ट नभएकोले कसले कहिले प्रसारण गरे निश्चित रुपमा भन्न सकिएको छैन ।

वैश्रवण मुद्राको अग्र भागमा पद्मपीठमा रही ललितासनमा अवस्थित वायाँ हात कम्मरमा राखी दायाँ हात केही माथि उठाई धनका पोकाहरु समातेको, भुँडी लागेको कुवेरको आकृति र वैश्रवण अभिलेख अंकित छन् । पृष्ठ भागमा बाच्छालाई दूध चुसाइराखेको गाईको आकृति र कामदोही अभिलेख छन् । यसैगरी अंशुवर्माका मुद्राहरुमध्ये महाराजाधिराज श्रयंशो उत्कीर्ण गरिएको मुद्रा सबैभन्दा महत्वपूर्ण मानिन्छ । यसले तत्कालीन नेपालको राजनैतिक इतिहासबारे यथेष्ट रुपमा प्रकाश पारेको छ । मुद्राको अग्र भागमा पखेटावाल सिंह र श्रयंशुवर्मा अंकित छन् । पृष्ठ भागमा बाच्छालाई दूध चुसाइराखेकी गाई र कामदोही अभिलेख छन् । कुनैको पृष्ठ भागमा सिंह, अर्धचन्द्र, तथा अग्र भागमा किरणयुक्त सूर्यचिन्ह अंकित छन् । मुद्रामा उत्कीर्ण सबैजसो सिंह पखेटायुक्त देखाइएको हुँदा सिंह राजत्व पराक्रमसूचक चिन्हको अतिरिक्त सिंहको अलौकिकतालाई स्पष्ट्याएको छ ।

अंशुवर्माको जस्तै जिष्णु गुप्तका मुद्रामा पनि नाम उल्लेख छ । उनको मुद्राको अग्र भागमा पखेटायुक्त घोडा र श्री जिष्णु गुप्तस्य अभिलेख अंकित छन् । पृष्ठ भागमा बज्रको आकृति अंकित छ । नेपालको मौद्रिक इतिहासमा घोडा र बज्र आकृति उत्कीर्ण भएको पहिलो मुद्राको रुपमा यसलाई लिइन्छ ।

गुणङ्क मुद्रामा पनि स्पष्ट नाम उल्लेख भएको छैन । मुद्रामा उत्कीर्ण हात्ति र लक्ष्मीको चिन्हले यो मुद्रा प्रसारण गर्ने राजा हिन्दु र बौद्ध दुवै धर्मका उपासक भएको बुझिन्छ । मुद्राको अग्र भागमा श्रीगुणाङ्क र लक्ष्मी अंकित छन् । पृष्ठ भागमा विभिन्न मुद्रामा अवस्थित हात्ति

उत्कीर्ण गरिएको छ । नरेन्द्र देवको अभिलेख तथा साहित्यिक स्रोतको आधारमा उनी हिन्दु र बौद्ध दुवै धर्ममा आस्था राख्ने राजा हुन् भन्ने थाहा हुन्छ ।

लिच्छवि मुद्रा अन्तर्गत पर्ने पशुपति मुद्राको आफ्नै अस्तित्व पाइन्छ । तुलनात्मक रुपमा प्रसस्त मात्रामा प्राप्त पशुपति मुद्रा पूर्णत धार्मिक भावनाबाट निर्मित छ । राजारानीको नामको संकेतसम्म नपाइने यो मुद्रामा अंकित लिपि र चिन्हको आधारमा यसको वास्तविकता पत्ता लगाउनु परेको छ । उक्त मुद्रा शैव धर्मसँग सम्बन्धित देखिन्छ । यो मुद्राको अग्र भागमा पशुपति अभिलेख लगायत कुनैमा शिवको मूर्ति, कुनैमा साँढे, चन्द्रकला वाण, त्रिशुल, बन्चरो सहित डमरु, कलश, कमल आदि फरक फरक चिन्हहरु अंकित छन् । त्यस्तै पृष्ठ भागमा कुनैमा पूर्णकलशमाथि फुलेको कमल, सूर्य, अग्निज्वाला, साँढे, अर्धचन्द्र, बज्र कुनैमा एघार, कुनैमा बाह्र वटा विन्दुहरु, छुट्टै कमल, कलश र पशुपति अभिलेख उत्कीर्ण छन् । यसैगरी वृष मुद्रा पनि विवादित मुद्राकै श्रेणीमा पर्न आउँछ । केशरबहादुर के.सी. ले यो मुद्रा फेला पारेका हुन् । यस मुद्राको अग्र भागमा कुनैमा उठेको साँढे, कुनैमा बसेको साँढे र वृष अभिलेख अंकित छन् । पृष्ठ भागमा फक्रेको कमल, त्रिशुल, आकृति तथा कुनैमा शिव र कुनैमा पशुपति अभिलेख अंकित छन् । मुद्रामा उत्कीर्ण चिन्ह र अभिलेखको आधारमा उक्त मुद्रा प्रसारण गर्ने राजा शैव धर्मका उपासक भएको देखिन्छ ।

यिनै लिच्छविकालीन मुद्राहरुको अध्ययनबाट तत्कालीन मुद्राहरु वैष्णव, शैव, शाक्त तथा बौद्ध धर्मसँग सम्बन्धित भएको देखिन्छ । यी मुद्राहरुमा धार्मिक तथा सांस्कृतिक प्रभाव प्रसस्त मात्रामा परेको देखिन्छ । मुद्रा कलाको एउटा सुन्दर नमूना भएकोले त्यसमा तत्कालीन समाजको धार्मिक तथा सांस्कृतिक पक्ष चित्रण हुने विभिन्न चिन्हहरु अंकित गरिन थाले । मुद्रा निर्माण गर्दा मुद्राको वरपर किनारामा थोप्लाहरु, देवीदेवताका प्रतिकृति अभिलेख तथा समकालीन समाजको धार्मिक प्रतिविम्वको रुपमा कमला, लक्ष्मी, वृष, त्रिशुल, सूर्य, कलश, ध्वजा, डमरु, घोडा, हात्ति, बज्र, कुवेर जस्ता आकृति तथा चिन्हहरु अंकित गर्नुले शासक तथा जनताको भावना प्रतिविम्बित हुन्छ ।

लिच्छविकालदेखि मुद्रामा धार्मिक तथा सांस्कृतिक चिन्ह राख्ने परिपाटीले मल्लकाल र शाहकालमा व्यापकता पाएको देखिन्छ । लिच्छवि शासकहरुको धर्मप्रति श्रद्धा, भक्ति तथा आस्था भएकोले धार्मिक भावनाबाट ओतप्रोत भएका मुद्राहरु पनि निर्माण गरेका छन् । मुख्यतः एउटा धर्ममा झुकाव राखेता पनि सबै धर्ममा समभाव राख्नु लिच्छविहरुको एउटा विशेषता हो ।

वास्तवमा लिच्छविकालीन कलाले आफ्नै परिवेश, मूल्य, मान्यता र कल्पनामा आधारित रही मौलिक कलाकारिताद्वारा परिचित हुँदै नेपाली संस्कृतिमा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

त्यसैले लिच्छविकालीन मुद्राहरु तत्कालीन राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक, साहित्य, लिपि, भाषा र कलाको बारेमा अध्ययन गर्न महत्वपूर्ण मानिन्छ । तत्कालीन मुद्राहरुको बारेमा अझै रहस्यमय र अन्यौलपूर्ण रहेता पनि जे जति जानकारी पाइएको छ त्यो अत्यन्त महत्वपूर्ण बनेको छ । मुद्रामा अंकित धार्मिक तथा सांस्कृतिक चिन्ह, संकेतहरुले नेपाली मौलिकता झल्काएको देखिन्छ ।

मुद्राले तत्कालीन समयको एउटा कालखण्डलाई दर्शाउने गर्छ । लिच्छविकालीन समाजको झ-झल्को तत्कालीन मुद्रामा अंकित चिन्ह तथा अभिलेखबाट हुन्छ । तर यस्ता महत्वपूर्ण मुद्राहरुप्रति गहिरिएर चासो नदिनु भने विडम्वना हो । यस सम्बन्धमा सम्बन्धित निकायले ध्यान पुऱ्याउनु पर्छ । मुद्राको अध्ययन गर्नुपर्दा ती कालका लिपि तथा इतिहासको ज्ञान हुनुपर्छ । त्यसैले तत्कालीन मुद्रामा प्रयुक्त भाषालाई पढ्न सक्ने व्यक्तिको आवश्यकता पर्दछ । यिनै विभिन्न कुरालाई मध्यनजर गरी सम्बन्धित निकायले विवाद समाधान गर्न नयाँ प्रविधि प्रयोग गरी मुद्राको तिथिमिति निर्धारण गर्नुपर्ने आवश्यकता देखिएको छ । मुद्रा सम्मुनत राष्ट्रको नमूना हो । अन्य ऐतिहासिक सामाग्रीहरु नपाइएको अवस्थामा पाइएको एउटै मुद्राले पनि त्यस देशको तत्कालीन इतिहास निकै प्रकाश पारेको हुन्छ ।

# सन्दर्भ सूचि
## (Bibliography/Reference)


**नेपाली पत्रिकाहरु**

| | | | |
|---|---|---|---|
| श्रेष्ठ, कल्पना | २००७ | : | ***“लिच्छवि मुद्रामा लक्ष्मीको महत्व”,*** **रोलम्बा**, जोशी रिसर्च सेन्टर, भो.२६ । |
| जोशी, हरिराम | २०४५ | : | ***“भगवान रुद्र शिवका वाहनहरु”,*** **प्राचीन नेपाल**, संख्या १०७, पुरातत्व विभाग । |
| | २०३१ | : | ***“श्री मानाङ्क मुद्रा एक अध्ययन”,*** **प्राचीन नेपाल**, संख्या १८, पुरातत्व विभाग । |
| जोशी, सुवर्णराम | २०६१ | : | ***“लक्ष्मीको शीरको माथिबाट श्रीभोगिनी अभिलेख सुरु भएको मानाङ्क मुद्रा”, गोरखापत्र, असार २६ गते ।*** |
| | २०६१ | : | ***“नेपालको सबैभन्दा पुरानो मुद्रा मानाङ्क मुद्रा”, गोरखापत्र, वैशाख १९ गते ।*** |
| शर्मा, शन्जु | २००० | : | ***“श्री वैश्रवण मुद्रा”,*** **रोलम्बा**, जोशी रिसर्च सेन्टर, भो.२० । |

***अंग्रेजी पत्रिका***

| | | | |
|---|---|---|---|
| Pandey, R.N. | 1967 | : | ***"The Attribution of Pashupati Coins",*** Journal of the Tribhuvan Universtiy, Vol. II, No.1 |
| Shrestha, B.N. & D.D. Rajbhandari | 1966 | : | ***"Coinage of the Jishnu Gupta of Nepal",*** *INSI, Vol. xxviii* |
| Catalogue of National Numismatic Museum | 2062 | : | National Numismatic Museum, Chhauni, Kathmandu: |
| Journal of Nepal Numismatic Society, | 2010 | : | "Mudra", Nepal Numismatic Society, Kathmandu: Vol. 2 |

**नेपाली/हिन्दी पुस्तकहरु**

| | | | |
|---|---|---|---|
| उपाध्याय, बासुदेव | २००० | : | ***प्राचीन भातरीय मुद्राएँ,*** दिल्ली :मोतीलाल वनारसी दास । |
| ओझा, गौरीशंकर हिराचन्द्र | १९५९ | : | ***भारतीय प्राचीन लिपिमाला (प्रथम प्रकाशित १८९४),*** दिल्ली:मुन्शीराम मनोहरलाल, । |
| श्री ५ को सरकार, संचार मन्त्रालय | २०३१ | : | ***मेचीदेखि महाकालीसम्म भाग २,*** काठमाडौं:श्री ५ को सरकार, संचार मन्त्रालय, सूचना विभाग । |
| खनाल, मोहन प्रसाद | २०३० | : | ***मध्यकालीन अभिलेख,*** काठमाडौं:मोहन प्रसाद खनाल। |

खत्री, प्रेम र पेशल दाहाल २०४९ : ***नेपालको कला र पुरातत्व***, काठमाडौंःएम. के. पव्लिशर्स।

गुप्ता, पि.एल. २००३ : ***प्राचीन भारतीय मुद्राएँ,***विश्वविद्यालय प्रकाशन ।

चालिसे, पुष्पराज २०४९ : ***नेपालको पुरानो इतिहास र सभ्यता***, काठमाडौंःरत्न पुस्तक भण्डार।

जोशी, हरिराम २०२० : ***नेपालका प्राचीन अभिलेख***, काठमाडौंःनेपाल राजकिय प्रज्ञा प्रतिष्ठान ।

जोशी, हरिराम २०३३ : ***उत्तर प्राचीनकालीन मुद्रा,*** काठमाडौंः साझा प्रकाशन ।

जोशी, सत्यमोहन २०४० : ***नेपाली राष्ट्रिय मुद्रा***, काठमाडौंःदोस्रो संस्करण, साझा प्रकाशन ।

ढुङ्गेल, रमेश २०४३ : ***प्राचीन अर्थव्यवस्था***, काठमाडौंःशारदा प्रसाद उपाध्याय ढुङ्गेल ।

नेपाल, ज्ञानमणि २०४० : ***नेपाल निरुक्त***, काठमाडौंःनेपाल राजकिय प्रज्ञा प्रतिष्ठान।

पौड्याल, वीणा २०५७ : ***नेपाली मूर्तिकला र चित्रकला***, काठमाडौंःनेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग।

पौड्याल, वीणा २०६० : ***सर्वेश्वर महादेव***, काठमाडौंःठाकुरनाथ पन्त स्मृति प्रतिष्ठान।

पौड्याल, वीणा २०६० : ***काठमाडौं उपत्यकाका विष्णुविभन मूर्ति र चित्रहरु,***काठमाडौंःनेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.।

प्रधानाङ्ग, सौभाग्य २०५६ : ***भक्तपुरका मुद्राहरु***(शोधपत्र), काठमाडौंःत्रि.वि. कीर्तिपुर(अप्रकाशित)।

पाण्डेय, राम निवास र दिनेशचन्द्र रेग्मी २०६२ : ***नेपालको प्रागितिहास,*** कीर्तिपुरःनेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.।

भट्टराई, गोविन्दराज २०४१ : ***मूर्तिकला***, काठमाडौंःइल्या भट्टराई।

मैनाली, सावित्री २०७० : ***वैष्णव धर्म र नेपालका केही विष्णु मूर्तिहरु,***काठमाडौंःविश्वकान्त मैनाली।

रेग्मी, जगदिशचन्द्र २०२६ : ***लिच्छवि संस्कृति***, काठमाडौंःरत्न पुस्तक भण्डार।

रेग्मी, जगदिशचन्द्र २०३० : ***नेपालको धार्मिक इतिहास***, काठमाडौंःनेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

रेग्मी, दिनेशचन्द्र २०६० : ***पुरालेखन र अभिलेख,*** काठमाडौंःहिमालय बुकस्टल, डिल्लीबजार ।

वज्राचार्य, धनवज्र २०३० : ***लिच्छविकालका अभिलेख***, काठमाडौंःनेपाल र एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर।

शर्मा, कमलराज २०५७ : ***नेपाली समाज र संस्कृति, समाज शास्त्रीय तथा मानव शास्त्रीय दृष्टिकोण***, काठमाडौंःदेवी शर्मा ।

शर्मा, कौशलचन्द्र २०४५ : ***मुद्रा बैङ्किङ्ग, अन्तर्राष्ट्रिय व्यापार तथा सार्वजनिक वित्त***, काठमाडौंःपूर्व प्रकाशन ।

सुवेदी, राजकुमार २०६८ : ***मध्यकालीन नेपाली मुद्राहरुमा धार्मिक तथा सांस्कृतिक प्रभाव***( शोधपत्र), काठमाडौंःत्रि.वि. कीर्तिपुर (अप्रकाशित) ।

क्षेत्री, गणेश र रामचन्द्र रायमाझी २०६० : ***नेपालको इतिहास दोस्रो संस्करण***, काठमाडौंःएशिया पव्लिकेशन बागबजार।

ज्ञवाली, सूर्य विक्रम २०१९ : ***नेपाल उपत्यकाको मध्यकालीन इतिहास***, काठमाडौंःरायल नेपाल एकेडेमी।

ज्ञवाली, कमलप्रसाद २०५६ : ***आधुनिक नेपाली राष्ट्रिय मुद्रा***, काठमाडौंःगोमा ज्ञवाली।

**अंग्रेजी**

Burkit, M.C. 1985 : ***The Old Stone Age, 4th ed.,*** New Delhi:Rupa and Co.

Banjarjee, J.N. 1974 : ***The Development of Hindu Iconography,*** Munshiram Manohorlal, 3rd ed.

Cunningham, Alexander 1963 : ***Coins of Ancient India,*** Varanasi:Indological Book House.

K.C., Keshar Bahadur 1971 : ***The Judical Custum of Nepal, Part I,*** Kathmandu:Ratna Pustak Bhandar.

Regmi, D.R. 1960 : ***Ancient Nepal, K.L.*** Calcutta:Mukhopadhyaya,.

Rhodes, N.G. and others 1989 : ***The Coinage of Nepal,*** London : R.N.S.


Rijal, B.K. 1979 : ***Archaeological Remains of Kapilvastu, Lumbini and Devdaha,*** Kathmandu:Educational Enterprises Pvt.Ltd.

Rao, T.A., Gopinath 1999 : ***Elements of Hindu Iconogrpahy Vol.1,*** Delhi:Low Price Publication.

Sarkar, D.C. 1908 : ***Indian Epigraphy, JRAS.***

Walsh, E.H. 1973 : ***The Coinage of Nepal,*** Delhi:Indological Book House.

# चित्रफलक




चित्र संख्या : १
भारतीयउपमहाद्वीपकापञ्चमार्क मुद्रा



चित्र संख्या : २
कुषाणकालीनमुद्रा



चित्र संख्या : ३
पञ्चमार्क मुद्रा



चित्र संख्या : ४
पञ्चमार्क मुद्रा



चित्र संख्या : २८
शिवदेवकामुद्राको अग्रभाग



चित्र संख्या : २८
शिवदेवकामुद्राको पृष्ठभाग



चित्र संख्या : २९
शिवदेवकाद्रम्ममुद्रा



चित्र संख्या : ३०
दोलखाको मुद्रा



चित्र संख्या : २५
मुद्राको माला



चित्र संख्या : २६
संग्रहालयमाप्रदर्शित लिच्छविकालीनमुद्राको शोकेस




चित्र संख्या : २७
राष्ट्रियमुद्रा संग्रहालय



चित्र संख्या : ५
मानाङ्कमुद्राको अग्रभाग, पृष्ठभाग



चित्र संख्या : ६
मानाङ्कमुद्राको अग्रभाग, पृष्ठभाग





चित्र संख्या : ७
मानाङ्कमुद्राको अग्रभाग, पृष्ठभाग



चित्र संख्या : ८
हविष्ककामुद्रा



चित्र संख्या : ९
विमकदफिसेसकामुद्रा





चित्र संख्या : १०
जिष्णु गुप्तकामुद्राको अग्रभाग, पृष्ठभाग



चित्र संख्या : ११
वृष मुद्राको अग्रभाग, पृष्ठभाग





चित्र संख्या : १२
वृष मुद्रा



चित्र संख्या : १३
अंशुवर्माको मुद्राको अग्रभाग, पृष्ठभाग



चित्र संख्या : १४
अंशुवर्माको मुद्राको अग्रभाग, पृष्ठभाग



चित्र संख्या : १५
अंशुवर्माको मुद्राको अग्रभाग, पृष्ठभाग





चित्र संख्या : १६
अंशुवर्माको मुद्राको अग्रभाग, पृष्ठभाग



चित्र संख्या : १७
पशुपतिमुद्राको अग्रभाग, पृष्ठभाग



चित्र संख्या : १८
पशुपतिमुद्राको अग्रभाग, पृष्ठभाग



चित्र संख्या : १९
पशुपतिमुद्राको अग्रभाग, पृष्ठभाग



चित्र संख्या : २०
पशुपतिमुद्राको अग्रभाग, पृष्ठभाग



चित्र संख्या : २१
वैश्रवणमुद्राको अग्रभाग, पृष्ठभाग



चित्र संख्या : २२
गुणाङ्कमुद्राको अग्रभाग, पृष्ठभाग


LEATHER AND CLAY COINS


SUNDARI DEVI
1720
1738